# कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तक, शिक्षण र मगर संस्कृति

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम
तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत
शोध-पत्र


शोधकर्ता
गिरीराज उपाध्याय
परीक्षा रोल नं. २८००२८/०६७
त्रि.वि.दर्ता नं. ९-१-५०-११००-२०००



त्रिभुवन विश्व विद्यालय
शिक्षा शास्त्र केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं
२०६९

# कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तक, शिक्षण र मगर संस्कृति

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम
तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत
शोध-पत्र

शोधकर्ता
गिरीराज उपाध्याय
परीक्षा रोल नं. २८००२८/०६७
त्रि.वि.दर्ता नं. ९-१-५०-११००-२०००

त्रिभुवन विश्व विद्यालय
शिक्षा शास्त्र केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं
२०६९

कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तक, शिक्षण र मगर संस्कृति - गिरीराज उपाध्याय, २०६९

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षा शास्त्र सङ्काय**

**शिक्षा शास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस-पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शात्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विषिष्टिकरण विषयका छात्र गिरीराज उपाध्यायले **कक्षा नौ को सामाजिक अध्ययन पाठय पुस्तक, शिक्षण र मगर संस्कृति** शीर्षकमा शोधपत्र मेरो निर्देशनमा पूरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...................................

प्रा.डा. तीर्थराज पराजुली

शोध निर्देशक

**मिति** : ४ डिसेम्बर २०१२

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षा शास्त्र सङ्काय**

**शिक्षा शास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विषिष्टिकरण विषयका छात्र गिरीराज उपाध्यायले **कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तक, शिक्षण  र मगर संस्कृति** शोध शीर्षकमा शोधपत्र तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस साथ समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रध्यापक -स्वयं प्रकाश ज.व.रा<br>विभागीय प्रमुख<br>पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग | ...................................... |
| प्रा.डा तीर्थराज पराजुली<br>शोध निर्देशक | ...................................... |
| उप प्रा. किरणराम रञ्जितकार<br>वाह्य परिक्षक | ...................................... |

मिति : ११ डिसेम्बर २०१२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोधपत्र तयार गरिएको हो । यस कार्यको लागि अमूल्य समय दिएर शोध निर्देशन गर्नुहुने आदरणीय गुरु प्रा.डा. तीर्थराज पराजुलीप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा रचनात्मक सहयोग सल्लाह र उत्प्रेरण प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्राध्यापक-स्वयं प्रकास ज.व.रा. लगायत उप प्राध्यापक किरण राम रञ्जितकार, उप प्राध्यापक विश्व वाला थापा, उप प्राध्यापक यशोधारा पन्त, उप प्राध्यापक शिव राज वडु लगाएत शिक्षा शास्त्र सङ्कायका सम्पूर्ण गुरुहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । साथै निरन्तर आफ्नो कार्यमा लाग्न प्रेरित गर्ने गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अध्ययनको क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने लिम्घावासी तथा श्री सरस्वती उ.मा.वि.का प्र.अ. तथा विषय शिक्षक एवम् विद्यार्थीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यस्तै मलाई उच्च शिक्षा हासिल गरी यस शोधकार्यसम्म पुग्न सदैव सहयोग र हौसला प्रदान गर्ने मेरा पूज्यनीय बाबा श्री शोभाकर उपाध्याय र आमा सीता उपाध्यायप्रति सदा कृतज्ञ छु ।

साथै प्रतिवेदन तयार पार्न अमूल्य सहयोग गर्ने मेरी जीवनसँगीनी तुलसी देवी पौडेल, दाजु कृष्ण ज्ञवाली, विष्णु पौड्याल साथै मेरा साथीहरुमा दिपेन्द्र शर्मा लम्साल, भतिज समिर ज्ञवाली, युवराज भण्डारी, निराजन न्यौपाने, योगेन्द्र लम्साल, डिल्ली आचार्य, देवहरी ज्ञवाली र कम्प्युटर टाइप गरी सहयोग गर्ने मित्र भीष्मराज पौडेल प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

गिरीराज उपाध्याय

२०६९

# शोधसार

देशको आर्थिक तथा सामाजिक विकास गर्न सांस्कृतिक विकासलाई मेरुदण्डको रूपा लिन सकिन्छ । यसै अर्थमा सांस्कृतिक विकासको मूल ध्येय सामाजिक विकास तथा सशक्तीकरण प्राप्त गर्नु हो । यसका लागि शिक्षा, स्वास्थ्य, अर्थ, सामाजिक अवस्था र चिनारीहरूको साथै सामाजिक जीवनका सबै पक्षहरूमा सांस्कृतिक रूपबाट अवसरहरू समान हुनु आवश्यक हुन्छ । हाम्रो देश नेपालमा जातीय तथा सांस्कृतिक विभेद परापूर्वकालदेखि नै कायम रहँदै आएको छ । यस प्रकारको अवस्थालई शैक्षिक, धार्मिक, सांस्कृतिक, परम्परागत मान्यता र राजनीति परिवेशले सघाउ पुऱ्याएको देखिन्छ । यस सन्दर्भमा पाठ्य पुस्तकलाई शिक्षण सिकाइको एक महत्वपूर्ण सामग्रीको रूपमा लिइन्छ । नेपालजस्तो विकासोन्मुख राष्ट्रमा विद्यालय तहमा अध्ययन गर्ने सबै बालबालिकाको पहुँचमा पाठ्य पुस्तक बाहेकका अन्य अध्ययनका सामग्रीहरू कमै मात्रामा पुगेको पाइन्छ । अर्को तर्फ शिक्षामा सांस्कृतिक सन्तुलन हुन सकेको पनि छैन । यसो हुनका विभिन्न कारणहरू छन् । शैक्षिक पक्षपात भित्र पनि पाठ्यक्रम तथा पाठ्य पुस्तक भित्र भएका सांस्कृतिक भेदभावलाई पनि टड्कारो समस्याको रूपमा लिन सकिन्छ । यसै सवालमा आधारीत रहेर मगर सांस्कृतिक पक्षलाई अध्ययन गर्न अर्थात् पाठ्य पुस्तकमा प्रयोग भएका चित्र, अभ्यास, विषय वस्तु र संवादजस्ता पक्षमा सांस्कृतिक रूपमा समानुपातिक समावेशीको अवस्था छ वा छैन थाहा पाउन यो अध्ययन गरिएकोथियो । जसका लागि माध्यमिक तह अन्तरगतको कक्ष नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकलाई लिइएको थियो । यस सन्दर्भमा कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकका विभिन्न पक्षहरूमा मगर संस्कृतिको अवस्था पत्ता लगाउनु, कक्षमा शिक्षकले पाठ्य पुस्तक प्रयोग गर्दा मगर संस्कृतिको समावेश कसरी गर्ने गरेकाछन् पहिचान गर्नु र पाठ्य पुस्तकमा मगर संस्कृतिलाई समावेश गर्ने उपायहरूको खोजि गर्नु जस्ता उद्देश्य राखी यो अध्ययन अनुसन्धान गरिएको थियो ।

प्रस्तुत अध्ययन गुल्मी जिल्ला, लिम्घा गा.वि.स. भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरूमध्येबाट कक्षा १ देखि १२ सम्म संचालित श्री सरस्वती उच्च माध्यमिक विद्यालयलाई नमुनाको रुपमा लिइएको थियो । सूचना सङ्कलनको लागि उक्त विद्यालयका सामाजिक अध्ययन अध्यापन गर्ने शिक्षक एक जना साथै स्थानीय मगर संस्कृतिलाई बुझेका (शिक्षित युवाहरू वा कुनै संस्थामा आवद्ध) र संस्कृति बोकेका (वृद्धवृद्धा) हरूलाई स्नोवल स्याम्पलिङ्ग विधिबाट छनोट गरी उनीहरूको विचार सङ्कलन गरिएको थियो । त्यस्तै नमुना छनोटमा परेको विद्यालयको कक्षा नौ मा अध्ययनरत सबै मगर (७ जना छात्रा र ८ जना छात्र) विद्यार्थीलाई समूह छलफलको लागि लिइ धारणा सङ्कलन गरिएको थियो ।

यसको अलावा शिक्षकले कक्षामा पढाउँदा मगर संस्कृतिलाई के कसरी समावेश गर्ने गरेका छन् भनेर थाहा पाउन विभिन्न दिनका ४ वटा कक्षा अवलोकन पनि गरिएको थियो ।

अध्ययनबाट पाठ्य पुस्तकको केही ठाउँमा सामान्य सांस्कृतिक समानुपातिक अवस्था देखिएता पनि अधिक ठाउँमा समानुपातिक साँस्कृतिक समावेशी अवस्था भएको स्थिति देखिएन । पाठ्य पुस्तक भित्र रहेका विभिन्न

पाठहरूमध्ये अध्ययनका लागि छनोट भएका १० वटा पाठमा ४ वटा पाठ अन्तर्गत विभूतिहरुबाट राष्ट्रका लागि भएको योगदान पाठमा विषय वस्तुले व्यक्तिको क्षमता मूताविक सम्मान गरेको र क्रियाकलापले तपाई राष्ट्रिय विभूतिहरुमा कसैको नाम थप्न चाहनुहुन्छ भने कारण सहित उल्लेख गर्नुहोस् भनी समावेशीको आधार प्रदान गरेको छ । त्यस्तै विविधतामा एकता भन्ने पाठमा प्रस्तुत चित्रमा हिमाल, पहाड, तराई र सबै जातीका मानिसलाई समेटने गरी चित्र प्रस्तुत गरेको छ भने विषय वस्तुमा राष्ट्रिय गानको बहुल जाती, भाषा, धर्म, संस्कृति छन् विशाल भन्ने विषयलाई जोड दिएको छ । क्रियाकलापमा स्थानीय, जाति, धर्म, भाषाका मानिसहरुले मनाउने पर्वहरुको बारेमा प्रतिवेदन तयार पार्न लगाएको छ । साथै आर्थिक क्रियाकलाप अन्तर्गत कृषि पाठमा समावेश पाठ, विषय वस्तु र अभ्यासमा समानुपातिक सांस्कृतिक समावेशीको अवस्था रहेको र ६ वटा पाठमा समानुपातिक सांस्कृतिक समावेशीको अवस्था नरहेको स्थिति देखिएको छ । कक्षा अवलोकन गर्दा ४ वटा मध्ये ३ वटा कक्षामा उदाहरणको रूपमा विषय वस्तुलाई प्रष्ट्याउन मगर संस्कृतिको प्रयोग गरेको र अर्को एउटा कक्षामा उदाहरणको रूपमा वा अन्य कुनै रूपमा समेत प्रयोग नगरेको पाइयो । यस्तै गरी विद्यार्थीको छलफलबाट समेत निश्चित पाठ सांस्कृतिक मूल्य मान्यतासँग सम्बन्धित पाठ र कृषि पाठमा मात्र सामान्य उदाहरणको रुपमा मात्र प्रयोग गर्ने गरेको जानकारी प्राप्त भयो । यसैगरी पाठ्य पुस्तकमा मगर संस्कृतिका विषय वस्तु समावेश गर्ने सन्दर्भमा स्थानीय स्तरबाट केही विषय वस्तु थप गर्न स्थानीय स्तरमा जनचेतनाको विकास गर्नुपर्ने र स्थानीय विषय वस्तुलाई केही मात्रामा थप गर्न पाउनेगरी पाठ्यक्रममा व्यवस्था भएमा जि.शि.का.को सिफारिसमा थप गर्ने सकिने कुरा यस अध्ययनबाट प्राप्त भयो । अन्त्यमा पाठ्य पुस्तकबाट सांस्कृतिक विभेद हटाउन सांस्कृतिक समानता भएका सन्दर्भमूलक चित्र विषय वस्तु; अभ्यासहरू पाठ्य पुस्तकमा समावेश गरिनु पर्दछ । विविधता युक्त सांस्कृतिक समाजबाट विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थी पनि विविध संस्कृतिका हुने हुदा स्थानीय संस्कृतिलाई शिक्षणमा कसरी समावेश गर्न सकिन्छ भन्ने सन्दर्भमा शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने तथा समाजमा जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ । यसबाट सवै जात जाति र संस्कृतिका विद्यार्थीहरूमा शैक्षिक प्रोत्साहन होस् । यसकालागि शिक्षक, विद्यार्थी, अभिभावक, प्राशसक, पाठ्यक्रम निर्माता र सबै सरोकारवालाहरूको भूमिका सुनिश्चित गरिनु आवश्यक छ ।

# विषय सूची

पृष्ठ संख्या


**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**शोधसार**

**विषय सूची**

**परिच्छेद एक : परिचय**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन १२

१.३ अध्ययनको औचित्य १३

१.४ अध्ययनको उद्देश्य १४

१.५ अध्ययनको परिसिमा १५

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ संस्कृति सम्बन्धि सैद्धान्तिक अध्ययन १६

२.२ नीतिगत समिक्षा १७

२.३ संस्कृति सम्बन्धि अध्ययन १८

२.४ नेपाली संस्कृति सम्बन्धि गरिएको अध्ययन १९

२.६ अवधारणात्मक ढाँचा २१

**परिच्छेद तिन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा २४

३.२ अध्ययनको जनसङ्ख्या २४

३.३ नमूना छनोट २५

३.३.१ विद्यालय छनोट २५

३.३.२ शिक्षक छनोट २६

३.३.३ विद्यार्थी छनोट २६

३.३.४ शिक्षण अवलोकनको लागि कक्षा छनोट २६
३.३.५ स्थानीय मगर व्यक्तिको छनोट २६
३.४ साधनको निर्माण २७
३.४.१ शिक्षक अन्तर्वार्ता निर्देशिका २७
३.४.२ मगर समुदायका व्यक्तिको लागि अन्तर्वार्ता निर्देशिका २७
३.४.३ समूह छलफल निर्देशिका २७
३.४.४.दस्तावेज अध्ययन प्रश्नावली २७
३.४.५ कक्षा शिक्षण अवलोकन फाराम २८
३.५ साधनको बैद्यता निर्धारण २८
३.६ सूचना सङ्कलन प्रक्रिया २८
३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या २८
**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**
४.१ कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकका विभिन्न पक्षहरूमा मगर संस्कृतिको समावेसिताको अवस्था २९
४.१.१ हामी, हाम्रो समुदाय र राष्ट्र २९
४.१.२ दिगो विकास ३१
४.१.३. स्वास्थ्य ३२
४ .१.४ हाम्रो रीतिरिवाज र परम्परा ३३
४.१.५ नेपाली मूर्तिकला ३४
४.१.६ हाम्रा विभूतीहरूवाट राष्ट्रका लागि भएका योगदानहरू ३५
४.१.७ नागरिक समाजको भूमिका ३६
४.१.८ विविधतामा एकता ३७
४.१.९ हाम्रो विगत ३८
४.१.१० आर्थिक क्रियाकलाप ३९
४.२ कक्षमा शिक्षकले पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिको समावेशको अवस्था ३९
४.२.१ स्थानीय मगर संस्कृति ३९
४.२.२ कक्षमा शिक्षकले पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिको समावेशको अवस्था ४०

४.३ पाठ्य पुस्तक तथा शिक्षण सिकाई कार्यमा समावेश गर्ने उपायहरू ४२

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ४४

५.२ निष्कर्ष ४६

५.३ सुझावहरू ४७

**सन्दर्स ग्रन्थ** **४९**

अनुसूची एक : अन्तर्वार्ताका लागि छनोट गरिएका शिक्षकको नामावली

अनुसूची दुई : समूह छलफलका लागि छनोट गरिएका कक्षा नौका विद्यार्थीहरुको नामावली

अनुसूची तिन : स्थानीय मगर समुदायका व्यक्तिहरु

अनुसूची चार : शिक्षक अन्तर्वार्ता निर्देशिका

अनुसूची पाँच : मगर समुदायका व्यक्तिका लागि अन्तर्वार्ता निर्देशिका

अनुसूची छ : विद्यार्थी समूह छलफल निर्देशिका

अनुसूची सात : दस्तावेज अध्ययन प्रश्नावली

अनुसूची आठ : कक्षा शिक्षण अवलोकन फारम

## परिच्छेद एक

## परिचय

### १.१.अध्ययनको पृष्ठभूमि

मानिस सामाजिक तथा साँस्कृतिक प्राणी हो । ऊ समाजबाट अलग भएर बस्न सक्दैन । समाजमा विभिन्न जात, जाति , धार्मिक समुदायहरूको समिश्रण रहेको हुन्छ । हरेक समाजमा आफ्नै प्रकारको मूल्य मान्यता, विश्वास, पेशा, व्यवसाय र जीवनशैलीहरू रहेका हुन्छन् । व्यक्तिले समाजका हरेक क्रियाकलापलाई आत्मसाथ गर्दछ । अथवा व्यक्ति समाजको सदस्य भएका नाताले समाज स्वीकार्य व्यवहार गर्नुपर्दछ । समाजबाट व्यक्ति निर्देशित हुने गर्दछ । समाजको आफ्नै संस्कृति, भाषा र आदर्शहरू रहेका हुन्छन् । व्यक्ति समाजका व्यवहार वा आदर्शबाट निर्देशित हुँदै आफ्ना कार्यहरूलाई अगाडि बढाउँछ । यसरी समाजका विभिन्न प्रतिविम्बहरू सामाजिक संस्कृतिद्वारा व्यक्तिमा देखापर्दछन् । यसका साथै समाजका विभिन्न संस्कृति मूल्य मान्यता र विश्वासका आधारमा त्यहाँ त्यही प्रकारको शिक्षको विकास हुन्छ । उदाहरणको रूपा नेपाल र अन्य देशको सामाजिक सांस्कृतिक अवस्था फरक हुन्छ यसरी सामाजिक सांस्कृति र आर्थिक अवस्थाले शिक्षामा पनि फरकपना ल्याउँदछ । यसर्थ अन्य देशको शिक्षा भन्दा नेपालको शिक्षामा फरक भएको पाइन्छ । यसरी समाज र राष्ट्र अनुसार त्यस देशको शिक्षाको संरचनामा सांस्कृतिक तत्वले महत्वपूर्ण प्रभाव पार्दछ । समाजका विभिन्न विषय वस्तुलाई सम्पूर्ण शिक्षा पद्धतिमा केही न केही मात्रामा समावेश गरेको हुन्छ । यस्तै गरी सामाजिक अध्ययन विषय वास्तविक रूपमा समाजका यथार्थहरूको प्रतिविम्बको रूपमा रहेको हून्छ । जसमा सामाजिक विज्ञानका विभिन्न विषय वस्तुहरू लिएर विद्यार्थीहरूलाई विश्वमा भए गरेका तथ्य घट्नाहरूबारे ज्ञान दिने , समाजिक सिप अभिवृद्धिको विकासमा मद्धत पुऱ्याई उनीहरूको सामाजिक भौतिक वातावरणसँग सम्बद्ध विषय वस्तुको ज्ञान, सिप र अभिवृद्धिको विकास गराउँदछ । यसका साथै सामाजिक अध्ययनको उद्देश्य राष्ट्रियता, परम्परा, संस्कृति, सामाजिक वातावरण लोकतान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझवुझ भएका सिर्जनशिल, सहयोगी, उद्यमशिल, स्वावलम्वी र सक्षम नागरिक तयार गर्नु रहेको हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६४) । यि उद्देश्यहरू पुरा गर्न र व्यक्ति समाजमा समायोजित हुनका लागि निश्चित सिप, कुशलताका लागि शिक्षाको आवश्यकता पर्दछ । यि कुराहरूको ज्ञान सामाजिक अध्ययन विषयले दिन्छ । आजको परिवर्तन शिल संसारमा मानिसको व्यवहारिक पक्षको सुधार विना मानव समाज स्वस्थ रहन सक्दैन सानै देखि वालवालिकामा मानव कल्याणकारी व्यवहार वोध गराउन नितान्त आवश्यक हुन्छ । सामाजिक शिक्षाले कोरा तथ्याङ्कको मात्रै ज्ञान नदिइ अभिवृद्धि विकास तथा आदर्श नागरिक निर्माणको निम्ति स्तरीय शिक्षा दिन्छ । सामाजिक शिक्षाका सम्बन्धमा John Jerolmik, (1963) लाई उद्धृत गर्दै (उपाध्याय २०६८) ले भनेका छन् “सामाजिक अध्ययन एक समाविष्ट विषय भएतापनि यसले एक सुनिश्चित अर्थ बुझाउँछ । यसले प्रारम्भिक विद्यालय पाठ्यक्रमको त्यस क्षेत्रलाई

बुझाउँछ जसले मानविय सम्बन्ध सम्बन्धि सिप र समझदारी विकास गर्न मद्दत गर्दछ । यसको मानवताको अध्ययनसँग सम्बन्ध हुनुका साथै यसमा एक व्यक्तिको अरु मानिस र वातावरणसँगको सम्बन्धको अध्ययन गरिन्छ ।"

शिक्षाको माध्यमवाट कुनैपनि राष्ट्र र समाजका निमित्त आवश्यक पर्ने आदर्श र प्रजातान्त्रिक नागरिक तयार पार्ने मूल लक्ष भएको सामाजिक अध्ययन विषयको उत्पत्ति र विकास क्रमलाई हेर्ने हो भने गुरुकुल शिक्षा व्यवस्थामा समेत शिष्यहरूलाई आध्यात्मिक र नैतिक शिक्षा अन्तरगत सामाजिक जीवनका अनेकौं पक्ष समेटी प्रवचनद्वारा ज्ञान प्रदान गर्ने गरिन्थ्यो । यो परम्परा संसारका प्रत्येक राष्ट्रहरूमा चलेको पाइन्छ । तर आधुनिक विश्वमा सामाजिक अध्ययन भन्ने शब्दको उत्पत्ति २० औं शताव्दीको शुरुवातमा अमेरिकावाट भएको पाइन्छ । सन् १९१६ मा "Committee on the social studies of the national educational association; " गठन भएको थियो भने सन् १९२१ मा "National council for the social studies" नाम गरेको शिक्षकहरूको पेशागत सँगठनको स्थापना भएको थियो । तत्पश्चात अमेरिकामा सामाजिक अध्ययन विषयले छुट्टै विद्यागत मान्यता प्राप्त गरेको थियो । त्यसपछि सामाजिक विषयले विश्वव्यापी मान्यता प्राप्त गर्दै गयो ।

सामाजिक अध्ययन भनेको के हो ? यसमा के कस्ता विषयहरू समावेश गरिन्छ भन्ने सम्बन्धमा विभिन्न विद्वानहरूले फरक फरक मत दिएको पाइन्छ । यसरी हेर्दा सामाजिक अध्ययन विषय आफैमा स्वतन्त्र विधा भने होइन । सामाजिक विज्ञानका विभिन्न विषय वस्तु समेटेर यसको निर्माण गरिएको हुन्छ । त्यस कारण यस विषयका मूख्य आधार भनेकै विभिन्न सामाजिक विज्ञानका विषयहरू जस्तै : इतिहास, समाजशास्त्र, भूगोल, अर्थशास्तत्र, सामाजिक मनोविज्ञान, राजनीति शास्त्र आदिलाई मानिन्छ । सामाजिक अध्ययन भनेको समग्रमा समाजको अध्ययन हो । जसमा सामाजिक संस्कृति, मूल्यमान्यता, उत्तरदाइत्व, व्यक्तिका काम, कर्तव्य, अधिकार, सहयोग, सम्झौता, प्रतिस्पर्धा, आर्थिक विकास र अन्तराष्ट्रिय सम्बन्ध आदिको अध्ययन गरीन्छ ।

नेपालमा यसको योजनावद्ध विकासको थालनी वि.स. २०११ को ''नेपाल राष्ट्रिय शिक्षा योजना आयोग" प्रतिवेदन पछि भएको पाइन्छ । तर त्यस समयभन्दा अगाडि वि.सं. २००७ साल सम्म सामाजिक अध्ययन विषयलाई एकीकृत नगरी फरक फरक विषयको रूपमा इतिहास १०० पूर्णाङ्क र भूगोल १०० पूर्णाङ्क गरी अध्ययन अध्यापन गर्ने गराउने गरेको पाइन्छ । २००७ साल पछि २०११ सालको "नेपाल राष्ट्रिय शिक्षा आयोग" को गठन र त्यसले प्रतिवेदन नबुझाउँदासम्म सामाजिक अध्ययन विषयको रूपमा "इतिहास र भूगोल विषयलाई एकीकृत गरी १०० पूर्णाङ्कको विषयको रूपमा लागू गरेको थियो । त्यसपछि ने.रा.शि.आ. २०११ ले साधारण सिकाईअन्तर्गत सामाजिक अध्ययनलाई १०० पूर्णाङ्कको विषयको रूपमा समावेश गरी लागू गर्‍यो र त्यस पछिको समयमा यस विषयको अध्ययनमा निरन्तरता दिएको पाइन्छ । वि.स. २०१८

सालको “सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट” पछि साधारण माध्यमिक विद्यालय तर्फमात्र १०० पूर्णाङ्कको इतिहास र भूगोल विषयलाई निरन्तरता दिएको पाइन्छ । वि.सं. २०२८ मा लागु भएको ‘‘राष्ट्रिय शिक्षा पद्धति योजना’’ ले माध्यमिक तहलाई तीन प्रकारले वर्गीकरण गरेको छ जसमा साधारण मा.वि. व्यवसायिक मा.वि. र सँस्कृत गरी वर्गीकरण गरेको थियो । यसरी वर्गीकरण गर्दा सामाजिक अध्ययनको १०० पूर्णाङ्क विषय व्यवसायिक मा.वि. अन्तर्गत र इतिहास, भूगोल विषयलाई एकिकृत गरी १०० पूर्णाङ्कको विषयको रूपमा साधारण मा.वि. तर्फ सामाजिक अध्ययनको रूपमा पठनपाठन भएको पाइन्छ (CERID, 1985) । २०४६ सालको राजनीतिक परिवर्तन पश्चात वि.स. २०४९ मा गठन भएको राष्ट्रिय शिक्षा आयोगले पनि यो विषयको सन्दर्भमा निरन्तरता दिएको पाइन्छ । भने २०५५ सालमा गठित ‘‘उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग’’ को सिफारिसमा २०५६ सालबाट सामाजिक अध्ययन विषयको पठन पाठनलाई अनिवार्य विषयको रूपमा सञ्चालन गर्दै आएको पाइन्छ । त्यसैगरि राष्ट्रिय पाठ्क्रम प्रारूप २०६३ को अनुसार विद्यालय तहलाई आधरभूत र माध्यमिक तह गरी २ तहमा विभाजन गरेको छ र दुवै तहमा सामाजिक अध्ययनलाई अनिवार्य विषयको रूपमा समावेश गरेको छ (पाठ्यक्रम विकास केद्र, २०६४) ।

माध्यमिक तहमा यस विषयको पूर्णाङ्क र पाठ्भार साधारण तर्फ १०० र ५, सस्कृत तर्फ १०० र ४ साथै वेदविद्याश्रम तर्फ १०० र ५ रहेको छ । यस विषयमा ९ वटा एकाईहरू विभिन्न सामाजिक विज्ञानका विषयहरू जस्तै : भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र जस्ता विषयलाई एकीकरण गरी पाठ्यक्रम तयार गरिएको छ । साथै सामाजिक अध्ययन विषयलाई कक्षा ९ र १० मा वार्षिक १५० घण्टी पठन पाठन गराउनु पर्ने व्यवस्था गरिएको छ ।

### संस्कृति र पाठ्य पुस्तक ( Culture and Text Book )

अंग्रजी भाषाको Culture भन्ने शब्द ल्याटिन भाषाको Colere भन्ने शब्दवाट आएको शब्द हो । जसको अर्थ हुन्छ उत्पादन गर्नु । यसले मानविय आवश्यकताको पुर्ति गर्दछ (थापा र अधिकारी, २०६८) । संस्कृतिको विकास क्रमलाई हेर्नेहो भने यो मानव उत्पत्ति वाटनै भएको पाउन सकिन्छ । जव मानव विकासका चरणमा समूह निर्माण हुनथाले त्यसवेलावाट विकासको तिव्रता आउन थालेको विभिन्न अध्ययन हरूवाट प्राप्त गर्न सकिन्छ । समाज तथा संस्कृतिको विकास सरलवाट जटिलतातर्फ केन्द्रित हुन्छन् । मानव सभ्यताको प्रारम्भमा संस्कृतिहरू सरल थिए, थोरै थिए, एउटै स्वरुका थिए । तर समयको कालखण्ड पार गर्दै वर्तमान अवस्था सम्म आइपुग्दा संस्कृतिक जटिलता, विविधता जस्ता विशेषताहरू पाइन्छन् । ( अर्याल, २०६८) आदिम मानव समाजमा जीवन निर्वाह गर्ने आधार सिकार गर्नु तथा सङ्कलन गर्नु मात्र थियो तर वर्तमान समयमा मानव संस्कृतिको रूपमा विभिन्न पेशाहरू विकास भएका छन् । विभिन्न आर्थिक संस्थाहरू देखा परेका छन् जसले मानव संस्कृतिको प्रतिनिधित्व गर्दछन् (Morgan,1877) । यसरी मोर्गानको भनाइमा आधारित रहेर संस्कृतिको वारेमा भन्नु पर्दा आदिम मानव समाज सरल थियो, त्यतिवेल मानिसहरू आफ्नो

भोकलाई शान्तपार्न सिकार गर्दथे त्यो त्यस समयको सिकार खेल्नु संस्कृति हो । विस्तारै विकासक्रम सँग सगै खाद्यान्न सङ्कलन गर्ने, भोलिकोजोहो गर्ने संस्कृतिको विकास भयो । जुन विकासको क्रमसँगै वर्तमानमा आइपुग्दा संस्कृतिहरू क्रमश जटिल वन्दै गए सङ्कलन गर्ने परम्परावाट समूहको निर्माण, समूहमा बलियोले निर्धो (निर्वलियो) लाई दवाउने र हडप्ने सस्कारकले परिवारको विकास तथा मानव सभ्यताको विकास भयो जुन संस्कृतिक विकासको वर्तमान आधार हो (एन्गेल्स, १८८४) । "वर्तमानमा सामाजिक संस्कृतिक विकास क्रमका विभिन्न ढाँचाहरूको विकास भएको छ । मानव विकास सँगै संस्कृति पनि विकसित हुदै नयाँ पुस्तामा हस्तान्तरण हुदै जान्छ । संस्कृति वर्तमान सम्म आइपुग्दा मानिसले विभिन्न मूल्य मान्यता, चालचलन, भेषभूषा, रहनसहन, रीतिरिवाज, कला, साहिन्य, भाषा, संस्कार उत्पादन गर्ने पद्धति, मानव वसोवासको ढाँचा, शिक्षा, स्वास्थ्य, रोजगार, उत्पादन, औजार आदि पक्षको विकास गरेको छ । यि मानिसद्वारा सृजना गरिएका भौतिक तथा अभौतिक पक्षहरूलाई समष्टिगत रूपमा संस्कृति भनिन्छ" (थापा र अधिकारी, २०६८) ।

संस्कृति सिँगो मानव समुदायको कार्य गर्ने तरिका वा प्रणाली हो । जुन समय सापेक्ष बिकसित हुँदै एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ । संस्कृति मानव समुदाय तथा सम्पूर्ण समाजको सम्पत्तिको रूपमा स्वीकार गरिएको हुन्छ । संस्कृतिकै कारण एउटा व्यक्ति अर्को व्यक्ति सरह समान हुनु वा नहुन सक्छ, एउटा समाज वा राष्ट्र अर्को राष्ट्र जस्तो पूर्ण रूपले समान नहुन सक्दछ, जसका फरक मूल्य मान्यताहरू हुनसक्छन् त्यही मूल्य मान्यताका आधारमा मानव समुदाय, समाज वा राष्ट्र विश्व परिचित हुन्छ जसमा संस्कृतिनै प्रमुख कारण हुन्छ । जस्तै उदाहरणको रूपमा हिन्दु समाजमा विभिन्न भगवानहरूका मन्दिरहरू देखापर्नुको कारण त्यस समुदायका व्यक्तिहरूको विश्वास, परम्परा साथै ति विश्वास सँग सम्बन्धित कलाले पनि संस्कृतिको पहिचान दिन्छ । यसैगरी ति विश्वासलाई मानव समूह तथा समुदायले आत्मसाथ गर्दछ तसर्थ संस्कृति सामुहिक हुन्छ अथवा सामाजिक हुन्छ ।

यसैगरी E.B Taylor का अनुसार ''संस्कृति वा सभ्यता त्यो जटिल सम्पूर्ण पक्ष हो जसमा ज्ञान, विश्वास, कला, नीति, कानुन, रीतिरिवाज र समाजका सदस्यका रूपमा मानवद्वारा आर्जित कुनै अन्य क्षमता र आदत सम्मिलित हुन्छ '' (उद्धृत थापा र अधिकारी, २०६८) । संस्कृति वास्तवमै सामाजिक रूपमा कार्यगर्ने शैलिको रूपमा लिनु उपयुक्त हुन्छ अथवा संस्कृति भन्नाले सामाजिक व्यवहार हो । जसमा समाज वा समुदायको आर्थिक पक्षका क्रियाकलाप, सस्कार, नैतिकता, धर्म, विश्वस तथा प्रथाहरू पूर्ण रूपले सम्मिलित हुन्छन् जसलाई सामाजिक आस्थाको धरोहरको रूपमा लिन सकिन्छ जसले सामाजिक सम्बन्धलाई वलियो वनाउँदछ । (Morgan, 1877) का अनुसार संस्कृति मानसिक चेतना हो जुन भौगोलिक क्षेत्र अनुसार विकसित हुन्छ । यस्तै गरि उनी अझ अगाडी भन्दछन् उस्तै समान भौगोलिक अवस्था भएका क्षेत्रहरूमा समान संस्कृतिको विकास भएको हुन्छ । यसरी हामीले एउटा चेतनाको रूपमा पनि संस्कृतिलाई विश्लेषण गर्न सकिन्छ यही चेतनाका कारण फरक संस्कृतिमा पनि व्यक्ति समायोजना हुन सक्दछ जस्तै नेपालका १०२ जाती र

त्यसअन्तरगत रहेका संस्कृतिहरू नेपालमा छन् यहाँ विभिन्न धर्महरू हिन्दु, वौद्ध, इस्लाम, क्रिश्चियन धर्म मान्ने समूह पनि छन् जसमा समूहगत रूपमा फरक भएतापनि चेतनाको कारण एकतावद्ध पाउन सकिन्छ । जसलाई सामूहिक संस्कृतिको रूपमा समेत लिन सकिन्छ । यसरी विकसित सामाजिक संस्कृतिलाई परिचालित गरी शिक्षको माध्यमको रूपमा पाठ्यक्रम तथा पाठ्य पुस्तकले औपचारीक रूपमा कार्य गर्ने गर्दछ । कुनै पनि पाठ्य पुस्तक सम्बन्धित विषयको पाठ्यक्रमको उद्देश्य अनुरूप तयार गरिएको हुन्छ । पाठ्य पुस्तक पनि सम्बन्धित तह र कक्षाको पाठ्यक्रम अनुरूप तयार गरीन्छ । यो शिक्षण सिकाइको महत्वपूर्ण र आधिकारीक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्वन्धित तह र कक्षाको पाठ्यक्रम अनुरूपका अपेक्षा (उद्देश्य) हरू हाँसिल गर्दछन् । यसमा पाठ्यक्रमका अपेक्षा अनुसारका विषय वस्तु ( पाठ्याशं) लाई विद्यार्थीको स्तर अनुभव र सिकाइ आवश्यकताालाई ख्याल गरेर सँगठित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न के र कति पढ्ने, कस्तो अभ्यास गरेर कुन क्रममा पढ्ने भन्ने कुरालाई आत्मसाथ गरेरे पाठ्य पुस्तक तयार गरिएको हुन्छ । विद्यार्थको मात्र होइन, शिक्षकलाई समेत यसले के कति, कसरी र कुन क्रममा कस्ता अभ्यास गराएर पढाउने भन्ने कुराको महत्वपूर्ण सुझाव प्रदान गर्दछ । पाठ्य पुस्तककै सहयोगले शिक्षकले आवश्यक शिक्षण योजना वनाई सुनिश्चित प्रक्रिया र गोरेटो समाएर शिक्षण गर्न सक्छन् । पाठ्यक्रम शिक्षण सिकाईको सैद्धान्तिक दस्तावेज हो भने पाठ्य पुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पूऱ्याउने भरपर्दो सामग्री हो (अधिकारी, २०६७) । पाठ्य पुस्तक विद्यार्थीहरूको मानसिक, संवेगात्मक, वौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाई प्रवृत्ति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइको आधारमा तयार गरिएको हुन्छ । यसले विद्यार्थीहरूलाई पढन्, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी वनाउन र स्वाध्ययन गरेर सिक्न समेत सहत्वपूर्ण सघाउ पूऱ्याउँदछ । त्यसैले पाठ्य पुस्तकलाई लिखित शिक्षक अथवा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा अर्थ्याउन सकिन्छ" (ढकाल, २०६८) ।

"विद्यालय समाजमा अवस्थितहुन्छ र सामाजिक संस्कृतिको संरक्षण, संम्वधन र विकास गर्नु विद्यालयको दायीत्व मानिन्छ" (शर्मा एण्ड शर्मा, २०६६) । समाजमा जे हुन्छ, विद्यायालमा पनि त्यसको प्रतिविम्व देखापर्दछ । जसले समाजमा एक प्रकारको सस्कारको विकास गरीरहेको हुन्छ । विद्यालयमा विद्यार्थीहरूका लागि पढ्न, पठाउनको लागि तयार गरिएको पाठ्य पुस्तकमा ति समाजका संस्कृतिहरूलाई पनि समावेश गरिएको हुन्छ । यसरी विविध संस्कृति युक्त समाजको प्रतिनिधित्व गर्ने गरी पाठ्य पुस्तक तयार गरिएको हुन्छ । यस्तै गरी विद्यालयमा पनि विविध संस्कृतिका वालवालिकाहरू अध्ययन गर्दछन् । यसरी पाठ्य पुस्तकमा विभिन्न विषय वस्तुहरू जसले उत्पादन, कला,सामाजिक मूल्य मान्यता, प्रविधी, रोजगारी, यात्रा लगाएतका चाडपर्व, सस्कारगत कार्य जस्ता विषय वस्तुहरू समावेश गरिएका हुन्छन् । यसरी विषय वस्तुहरू समावेश गर्दा विभिन्न माध्यमबाट प्रस्तुत गरिएको हुन सक्दछ, लैगिक दृष्टिकोणबाट, जातिय दृष्टिकोणबाट तथा समग्र सामाजिक आर्थिक दृष्टिकोणबाट समावेश गर्नु पर्ने हुन्छ । जसले समग्र समाजको प्रतिनिधित्व

गर्दछ । जस्तै उदाहारणको रूपमा पुरुषले व्यापार व्यवसाय गर्दै गरेको, विभिन्न जातजातीका मानिसहरू समूहिक रूपमा जम्मा भई छलफल गर्दै गरेको, ब्राहमण जातीको व्यक्तिले जनै लगाएर नदिमा नुहाउदै गरेको, गरीब र फाटेका कपडा लगाएको व्यक्तिले भारी बोकेको, हलो जोतेको, जस्ता चित्रहरू समेत समावेश गरिएको हुन्छ यसले संस्कृतिक रूपमा समानता र असमानतालाई उल्लेख गर्दछ । जस्तै व्रह्मणले जनैलगाएको र नुहाउदै गरेको अथवा मन्दिरमा पुजागर्दै गरेको चित्रले दलित तथा अन्य गैर हिन्दु धर्मालम्वीहरूलाई वहिस्कृत गरेको देखिन्छ । हलो जोत्दै वा भारी वोक्दै, गरेको व्रह्मणको चित्र नदेखाउनु, व्यापार व्यवसायमा महिलाको सहभागिता नदेखाउनु, चार्ड पर्वमा हिन्दु धर्मको बारेमा जति बढी समावेश गरिएका छन् त्यस वाहेकका धर्म जस्तै वौद्ध, इसाई, क्रिस्चियन, किराँत लगाएतका धर्मका बारेमा कम समावेश गर्नुले समानुपातिक सांस्कृतिक समावेशीतामा समानता देखिदैन यस्ता पक्षहरूलाई पाठ्यक्रम निर्माता तथा विकासकर्ताहरूले ध्यान दिनु पर्दछ ।

वर्तमान समयमा कुनै पनि विषयको समानुपातिक संस्कृतिक समावेशी क्रियाकलाप ऐतिहासिक क्रियाकलाप आदिलाई प्रतिनिधित्व गर्ने गरी पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण गरिनु पर्दछ भन्ने भावना उठिरहेको पाइन्छ । सामाजिक अध्ययन विषयपनि विशेष गरी समाजसँगै सम्वन्धित हुने भएको हुँदा समाज परिवर्तनको संवाहक मानिने पाठ्यसामाग्रीमा सांस्कृतिक रूपमा के कति मात्रामा समानताको व्यवहार गरिन्छ भन्ने विषयमा कक्षा नौ को सामाजिक अध्ययन विषयको पाठ्यक्रमका उद्देश्य अनुरूप तयार पारिएको पाठ्य पुस्तक र मगर संस्कृतिमा यो अध्ययन केन्द्रित रहेकोछ ।

### १.२ समस्याको कथन

हाम्रो देशको सामाजिक अवस्था बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक अर्थात् सामाजिक विविधता भएका कारण समाजमा विभिन्न संस्कृतियुक्त, विभिन्न धर्म मान्ने मानिसहरू वसोवास गरेका छन् । उनीहरूले अनेक थरीका पेशा तथा व्यवसाथ अंगालेका छन् । यस्तो विविधता युक्त अवस्थालाई वर्तमान समयमा समानता वा विभेदरहित वातावरण सिर्जना गर्नको लागि विभिन्न क्षेत्रबाट प्रयासहरू भइरहेको छ । आजको यो एककाइसौं सताब्दीको युग सुचना र प्रविधिको युग हो । सबैले सूचना र प्रविधिको सदुपयोग गर्न पाउनु पर्दछ । तर जो शिक्षित छैनन उसले यो कुरा अर्थात ज्ञान विज्ञानका चमत्कारलाई सुन्न बाहेक केहीगर्न सक्दैनन् । नेपालमा पनि भर्खरै मात्र बाहिरी दुनियाका सामु खुल्ला भएको आधुनिकीकरणको प्रभाव हरेक क्षेत्रमा पर्न थालेकोले यो मगर जातिमा पनि स्पष्ट परिवर्तनका रेखाहरू देखापर्न थालेका छन् । राष्ट्रिय मूलधारमा समाहित हुन सक्नुआजको अपरिहार्य आवशयकता भइसकेको छ ।

“सबैका लागि शिक्षा” भन्ने सन् १९९० मा थाइल्याण्डको जोमटियन सम्मेलन र सन् २००० को अप्रिल २६-२७ मा सनेगलेको डकारमा भएको सम्मेलनमा नेपालकले जनाएको प्रतिबद्धताको फलस्वरूप विद्यालय जाने उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउन बृहत रूपमा विभिन्न कार्यक्रम संञ्चालन

भए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याउन सकिएको छैन । अझ दलित र जनजातिको अवथा त निकै नै तल रहेको छ । भनौ भएको मध्ये पनि विद्यालय छाड्ने , दोहोऱ्याउनमा यिनीहरू कै संख्या बढी हुने गरेको छ (सेरिड,२०५८) ।

मगरहरूको आफ्नो छुट्टै भाषा, संस्कृति हुँदाहुँदै पनि सामाजिक आर्थिक, शैक्षिक कमजोरीले गर्दा यिनीहरको संस्कृति विकास हुन सकेको छैन । नजानिँदो क्रममा विभिन्न जात जातिको आफ्नो पहिचान र संस्कृति लोप भएमा नेपालको सांस्कृतिक सम्पदामा ठूलो क्षती हुन जान्छ । यस जातिको उत्पत्ती, संस्कृति र नेपाल आगमन आदिका बारेमा स्पष्ट किटान गरी लेखिएका पुस्तकहरू प्राप्त गर्न कठिन हुन्छ । साथै बदलिदो सामाजिक आर्थिक अवस्थामा सम्पूर्ण जात जातिको सांस्कृतिक पहिचानको अवस्थालाई उठाइरहेका छन् । यसै सन्दर्भमा माध्यमकि तहको सामाजिक अध्ययन पाठ्य पुस्तकमा पनि सांस्कृतिक समानता वा विभेद के कस्तो रूपमा छ या छैन भनि अध्ययन गर्न सान्दर्भिक भएको हुँदा यस अध्ययनमा सांस्कृतिक दृष्टिकोणबाट माध्यमिक तहको कक्षा ९ को सामाजिक अध्ययन पाठ्य पुस्तकलाई समस्याको रूपमा लिइ यस अध्ययनले निम्न लिखित प्रश्नको उत्तर खोजी गरिएको थियो ।

- स्थानीय तहमा मगर संस्कृति के रहेको छ ?
- पाठ्यपुस्तकमा मगर संस्कृतिका कुरा के रहेका छन् ?
- पाठ्य पुस्तकमा समावेश भएका नाम, पेसा अभ्यास तथा विषय वस्तु आदिमा मगर संस्कृति के र कसरी समावेश गरिएको छ ?
- पाठ्य पुस्तकको प्रयोग गर्दा शिक्षकहरूले स्थानीय मगर संस्कृतिलाई के कसरी समावेश गर्दछन् ?
- पाठ्य पुस्तकमा मगर संस्कृतिका समावेस गर्ने कुराहरू र उपायहरू के के हुन सक्छन् ?

### १.३ अध्ययनको औचित्य

माध्यमिक शिक्षा उच्च शिक्षाको आधार हो । शिक्षाका सबै तहबाट लिंग जाति, भाषा, धर्म, मूलथलो, उमेर र अन्य कुनै आधारमा गरिने भेदभाव हटाउने तरिकाहरू अपनाईनु पर्दछ । (युनेस्को सिद्धान्त ३.१) नेपाल सरकारले 'सबैका लागि शिक्षा' भन्ने नाराका साथ शिक्षामा सम्पूर्ण बालबालिकाको पहुँच पुऱ्याउने प्रतिवद्धता जाहेर गरेको छ । साथै शिक्षाको गुणस्तर सुधारको लागि धेरै वर्ष अगाडिबाट शिक्षा क्षेत्रमा ठूलो लगानी गर्दै आएको छ । यसबाट माध्यमिक तहमा विद्यार्थी सङ्ख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ । नेपाल सरकारले नीतिगत रूपमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म निः शुल्क शिक्षाको व्यवस्था गरेको छ । तर पनि विभिन्न कारणहरूले शिक्षा क्षेत्रमा गरिएको लगानी अनुरूप सुधार र प्रगति हुन सकिरहेको छैन । शैक्षिक

क्षेत्रमा सरकारी तबरबाट गरिएको लगानी अनुरूप सुधार नहुनुका विविध कारणहरूमध्ये सांस्कृतिक समूहहरूको विभेद पनि महत्वपूर्ण कारण हो ।

समाजका विभिन्न पक्षहरू, धर्म, संस्कृति, भाषा, कला एवम् पेशा व्यापार र सम्पूर्ण समाजको पूर्ण अध्ययन गर्न सहयोग पुऱ्याउने शैक्षिक सामग्रीको महत्वपूर्ण पक्षको रूपमा रहेको माध्यमिक तह अन्तर्गत कक्षा ९ को सामाजिक अध्ययन पाठ्य पुस्तकले सांस्कृतिक रूपमा समानुपातिक समानता पुऱ्याउन के कति मात्रामा सहयोग पुऱ्याएको छ ? कतै पाठ्य पुस्तक नै सांस्कृतिक विभेदको पात्रको रूपमा त छैन । पाठ्य पुस्तकबाट नै विभेद त भएको छैन । यस तर्फ समयमै पहल नगरिएमा राज्यले तय गरिएका शैक्षिक लक्ष्यहरू र राज्यले समानताका लागि गरेको प्रयास व्यर्थ हुन जान्छ । यस्तो अवस्थाले शैक्षिक तथा सामाजिक अवश्थामा समेत भयावह स्थिति सृजना गर्न सक्छ । तसर्थ माध्यमिक तहका सृजनशिल मस्तिष्क युक्त विद्यार्थीहरूलाई प्रदान गरिने शिक्षामा समावेश गरिएको कक्षा ९ को सामाजिक अध्ययन विषयको पाठ्य पुस्तकलाई समय सापेक्ष, समाज तथा विभिन्न जातिय भावना र संस्कृति अनुसार वैज्ञानिक, सुढृण एवम् व्यवस्थिति बनाउनको लागि यो अध्ययन महत्वपूर्ण हुनेछ । साथै निम्नलिखित पक्षमा यो अध्ययन महत्वपूर्ण हुनेछ ।

- पाठ्य पुस्तकमा जातिय तथा सांस्कृतिक रूपमा रहेका विभेद पहिचानगरी न्यूनीकरण गर्न ।
- सामाजिक अध्ययन विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका सांस्कृतिक पक्षका विषय वस्तुहरू पाठ्य पुस्तकले समेट्न सके नसकेको सुनिश्चित गर्न ।
- शिक्षक स्वयमलाई पनि फरक फरक संस्कतिको बारेमा ज्ञान प्रांप्त गर्न संयमता अपनाउन कति जरुरी छ भन्ने कुराको जानकारी दिन ।
- यस विषयमा गहन अध्ययन गर्न चाहने अनुसन्धान कर्तालाई आधार प्रदान गर्न ।
- पाठ्य पुस्तक निर्माणकर्ताका लागि समेत सन्तुलित पाठ्य पुस्तक लेख्न सहयोगी हुने अपेक्षा गर्न सकिन्छ । साथै नीति निर्माण र कार्यान्व्यिन तहमा रहेका व्यक्तिहरूलाई समानुपातिक समावेशीताको मार्ग पछ्याउनका लागि सहयोग गर्न ।

### १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान कार्य उद्देश्य विना सफल पार्न सकिदैन । तसर्थ योजनावद्ध ढंगबाट व्यवस्थित रूपमा कार्य सम्पादन गर्नको लागि जुन कुनै पनि अध्ययनको लागि उद्देश्यहरू निर्धारण गरिन्छ । निर्धारित उद्देश्य अनुरूप नै अध्ययन गर्ने काम गरिन्छ । शीर्षक अनुसार अथवा समस्या अनुसार उद्देश्यहरू पनि फरक फरक हुन्छन् तर पनि उद्देश्य निर्धारण गरिएको हुन्छ । यस अध्ययनको उद्देश्य निम्नानुसार राखिएको छ ।

- कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकका विभिन्न पक्षहरूमा मगर सांस्कृतिको समावेसिताको अवस्था पत्ता लगाउनु ।

- कक्षामा शिक्षकले पाठ्य पुस्तक प्रयोग गर्दा मगर संस्कृतिको समावेश कसरी गर्ने गरेका छन् पहिचान गर्नु ।
- पाठ्य पुस्तकमा मगर संस्कृतिलाई समावेश गर्ने उपायहरूको खोजी गर्नु ।

**१.५ अध्ययनको परिसिमा**

हरेक अध्ययन अनुसन्धानका आ-आफ्नै सिमा हुन्छन् । ती सीमाहरू भित्र रहेर व्यपक रूपमा अध्ययन अनुसन्धान गरी सुझावहरू प्रस्तुत गर्नु आवश्यक देखिन्छ तर पनि साधन, स्रोत तथा समयलाई समेत ध्यानमा राखी अध्ययन कार्यलाई अगाडि बढाउन उपयुक्त ढंगबाट समयमै कार्य सम्पदान गर्न सहज हुन जाने हुँदा यस अध्ययनका निम्न लिखित सिमाहरू निर्धारण गरी अध्ययनकार्यलाई अगाडि बढाइएको थियो ।

- यस अध्ययनलाई गुल्मी जिल्लामा रहेको मगर संस्कृतिलाई मात्र सिमित गरिएको थियो ।
- यो अध्ययन सामाजिक संस्कृति अन्तर्गतका कला, चाड, पेशा, भेषभूषा र लैगिकतालाई मात्र सिमित गरिएको थियो ।
- यो अध्ययन माध्यमिक तह अन्तर्गत कक्षा ९ को पाठ्यक्रम विकास केन्द्रले लागु रहेको नेपाली भाषामा लिखित सामाजिक अध्ययन विषयको पाठ्य पुस्तकमा मात्र सिसिमत गरिएको थियो ।
- सांस्कृतिक दृष्टिकोणबाट हेर्दा पाठ्य पुस्तकको निम्न कुराहरूमा अध्ययन गरिएको थियो ।
  -चित्र - विषय वस्तु
  - संवाद - अभ्यास
- यो अध्ययनमा छनौटमा परेका विद्यालय शिक्षक, विद्यार्थी र स्थानीय मगर व्यक्तिहरूको विचारलाई मात्र समावेश गरिएको थियो ।

## परिच्छेद - दुई

## संम्बन्धित साहित्यको पुनरावलोकन

सामाजिक संस्कृतिक विभेद सम्बन्धमा विभिन्न अध्ययनहरू भइरहेका छन् । पूर्व अध्ययन कार्यको समिक्षा गर्नाले वर्तमान अध्ययन कुन विन्दुसम्म पुगेको छ भन्ने जानकारी मिल्नगई थप अध्ययन कार्यलाई अगाडी वढाउन मार्गदर्शन मिल्दछ । त्यसैले माध्यमिक तह अन्तरगत कक्षा ९ को सामाजिक अध्ययन पाठ्य पुस्तकमा साँस्कृतिक अवस्था पत्तालगाउन यस अध्ययन सँग केही हदसम्म मेलखाने र सहयोग पुऱ्याउने केही पूर्व साहित्यहरूको समिक्षा निम्नानुसार गरिएको थियो ।

### २.१ संस्कृति सम्बन्धि सैद्धान्तिक अध्ययन

शिक्षा विद् John Dewy विद्यालयकलाई 'सानो समाज' को रूपमा लिएका छन् । विद्यालय समाजको प्रतिविम्ब हो । समाज र संकृतिको सबै अभ्यास, विचार र मूल्यहरू विद्यालयमा देखिन्छन । विद्यालय समाजको ऐना हो । विद्यालय सामाजिक वातावरणमा स्थापित हुन्छ । विद्यालयले समाजिक र संस्कृतिका मूल्यहरूको प्रशारण गर्ने अभिभारा लिएको हुन्छ (खनाल, २०६७) । विद्यालय एउटा संस्कृतिक साधन हो, जसले समाजको संस्कृतिको संरक्षण र संवर्दन गर्नका लागि सहयागे गर्दछ । विद्यालयका आफनै मूल्य, मान्यता, संकेत, नीति नियम, अभ्यास अवधारणा र मानांक हुन्छन् । विद्यालयकमा प्रार्थना हुन्छ । निश्चित किसिमको पोशाक हुन्छ, विद्यालय सुरु हुने र छुट्ने समय हुन्छ, प्रत्येक कक्षालाई र तहलाई फरक फरक कक्षा कोठा विद्यालय भवन तोकिएको हुन्छ । विषयको लागि शिक्षक र घण्टी तोकिएको हुन्छ यसैलाई नै विद्यालयको संस्कृति हो भन्दछिन (Pang, 2001) । विद्यालयले आफै स्थापना भएको स्थान, अवस्था, समय र अभ्यास सँग सान्दर्भिकता कायम गर्नु पर्दछ । Ornstein and Hunkins, (2004) अगाडी भन्दछन् विद्यालय संस्कृति दुवैमा विकासवादी र क्रान्तीकारी सार सहीतको गतिशिल प्रणाली हुन्छ । विद्यालय र पाठ्यक्रम उसको समाज र संस्कृतिभन्दा वाहिर रहन सक्दैन । निश्चित स्थान, समाज, संस्कृति, समय वा अवस्थालाई ध्यान नदिई शिक्षा प्रक्रिया अगाडी वढ्न सक्दैन । शिक्षाकर्मिहरू शिक्षाका दस्तावेजहरू तथा सामग्रीहरू शैक्षिक विधि र प्रक्रियाहरू, शिक्षा लिने दिने र शिक्षाले प्रभाव पार्ने पक्षहरू सबै समाज र संस्कृतिको प्रभाववाट मुक्त हुन सक्दैनन् ।

त्यस्तै गरी Banks (2006) का अनुसार विश्वव्यापि रुपमा जातिगततालाई बढवा दिनका निमित्त नयाँ धारणाको रुपमा विकास भएको स्वतन्त्र शिक्षा नै बहुसांस्कृतिक शिक्षा हो । यसले पूर्ण रुपमा स्वतन्त्र प्रजातान्त्रिक समाजमा र परिवर्तित सन्दर्भमा विद्यार्थीलाई उनिहरुका रुचि, आवश्यकतालाई आधारमा ज्ञान, सिप, धारणा प्रदान गर्दछ । साथै उनि अगाडि भन्दछन् । बहुसांस्कृतिक पाठ्यक्रमले हरेक जाती भाषा, धर्म संस्कृति क्षेत्र र वर्गका प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै सामाजिक मान्यता तथा राष्ट्रिय भावनाको सम्बर्द्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त वातावरणको विकास गराउने गर्नु

पर्दछ । प्रभावकारी विद्यालय कार्यक्रमले विद्यार्थीलाई आफ्नो संस्कृतिको पहिचान गराई समाजमा स्थापित हुन मद्धत गर्दछ । समाजमा देखा परेका मूल्य मान्यताका साथै समाजमा बहुसंस्कृतिको विकास गर्दै अघि बढ्नु पर्दछ । जसले समाजका हरेक नागरिक विभिन्न संस्कृति भित्र रहेका मूल्य मान्यतालार्य आत्मसाथ गर्दै त्यसभित्र रहेका परम्परागत  संस्कृतिमा पूर्ण परिवर्तनकारी भूमिका खेल्न बहुसांस्कृतिक धाराणाले भूमिका खेल्दछ । जुन बहुसांस्कृतिक धारणाका रुपमा विकसित हुँदै आएको छ ।

तसर्थ पाठ्यक्रममा विद्यार्थीहरूको धर्म, संस्कृति, रीति रिवाज, जीवनशैली, भेषभूषासँग मिल्ने संस्कृतिलाई स्थान दिनु पर्दछ भन्ने धारण को छ (Pang, 2001)। विद्यालय कक्षा कोठा आफैमा साँस्कृतिक थलो हो कक्षा कोठामा विद्यार्थीले प्रयोग गर्ने भाषा उनीहरूको लवाई खवाई र व्यवहारले नै विभिन्न किसिमको फरक फरक संस्कृतिको प्रतिनिधित्व गर्दछ । व्यक्तिका हरेक विश्वास मुल्यमान्यता संस्कृतिमा निर्भर रहन्छन् जुन समाजद्वारा निर्देशित हुने गर्दछन् । यसरी संस्कृतिलाई समाजले र समाजलार्य शिक्षाले परिवर्तन र परिमार्जन गर्दछ । यसरी सञ्चालन गरिने शिक्षा संस्कृति र समाज अनुरुप निर्धारण हुने गर्दछ । यस्तै गरी संस्कृति वातावरणबाट समेत निर्देशित हुने गर्दछ अर्थात संस्कृति र शिक्षा जस्तै संस्कृति र वातावरण विच अन्तर सम्बन्धित कुरा रहेको हुन्छ ।

वातावरण र संस्कृतिको सम्वन्धबारे अध्ययन प्राचिन असस्तु (Aristotle 384-323 Bc) तथा अठारौं सताब्दीको आरम्भमा Montesquiey ले मुख्य गरेर वातावरण र संस्कृति विचको सम्वन्धको चर्चा गरेका थिए । पछि विसौं सताब्दिमा भूगोलविद् हनटिङ्टन (Huntington) ले यस्तो विचारधारा स्थापित गराउन महत्वपूर्ण भुमिका खेलेका थिए (अर्याल, २०६८) । उनका अनुसारः वातावरणीय वा भौगोलिक निर्धारणवादको आधारमा हेर्दा वातावरणले संस्कृतिकलाई निर्धारण गर्दछ । कुनै पनि ठाउँको प्राकृतिक हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ त्यस्तै खालको संस्कृति त्यहाँ विकास हुने गर्दछ । किनकी वातावरण भन्ने कुराको अस्तित्व संस्कृतिभन्दा पहिले नै हुने भएकाले संस्कृतिले त केवल आफुलाई त्यहाँ समायोजन गर्नाका लागि अग्रसरहुने उनको धारणा छ । साथै संसारको समान हावापानी भएका ठाउँमा साँस्कृतिक समानताहरू पनि देख्न सकिन्छ । साँस्कृतिक विविधताको कारण हावापानी वा मौसमका साथै भौगोलिक संरचनाको कारणले गर्दा हुने ठहर वातावरणीय निर्धारणवादको अवधाणा रहको छ (ऐ, २०६८) ।

## २.२ नीतिगत समिक्षा

नेपालको अन्तरिम संविधान ( २०६३) ले सबै नेपाली नागरिक समानहुन र उनीहरूलाई कुनै पनि आधारमा भेदभाव गर्न पाइनेछैन भनि संविधानको भाग ३ मा मौलिक हक सम्बन्धि व्यवस्था गरेको छ । जस अन्तरगत धारा १३(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् कसैलाई पनि कानुनको समान संरक्षणवाट वञ्चित गरीने छैन भनि उल्लेख गरिएको छ भने यसै धारा १३ (३) मा राज्यका नागरिक हरूका विच धर्म, वर्ण, जात, जाति, लिंङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्य कुनै कुराको आधारमा भेदभाव गर्ने छैन् भनिएको छ । तर महिला, दलित, आदिवासी, जनजाती, मधेसी वा किसान, मजदुर वा आर्थिक,

सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडीएको वर्ग वा वालक तथा वृद्ध तथा अपांग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यत्तिको संरक्षण सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न कानुन द्वारा रोक लगाएको मानिने छैन । भनि संस्कृतिक रूपमा सम्रक्षण र समानताको अधिकारको व्यवस्था गरेको छ । यसैगरी धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धि हकको व्यवस्था गरेको छ । धारा १७ (३) मा नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, संस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्दन गर्ने हक हुनेछ । भनि उल्लेख गरेवाट पनि शिक्षाको माध्यम वाट संस्कृतिक शसक्तिकरण गर्न खोजेको देखिन्छ ।

सन् २००२ मा सेनेगल को डकारमा भएको सममेलनवाट सन् २०१५ सम्ममा पिछडीएका जनजाती तथा अल्पसंख्यक भाषिक समुदायका वालवालिका लगाएत सबै वालवालिको सिकाइ आवयकता पूर्ति गर्ने, लैगिंक तथा सामाजिक भेदभाव हटाउने, गुणस्तरीय शिक्षका सबैपक्षमा सुधारल्याउने जस्ता नीतिहरू लगाएत ६ वटा सर्वभौम उद्देश्यहरू तथा रणनीतिहहरू पारित गऱ्यो ति सार्वभौम उद्देश्य प्राप्तिका लागि नेपालले पनि अन्तराष्ट्रिय मञ्चमा प्रतिवद्धता व्यक्त गरी विभिन्न कार्यक्रमहरू तय गरेको छ । (UNESCO 2008)

### २.३ संस्कृति सम्बन्धि अध्ययन

भाषा र शिक्षामा युनेस्कोकका सिद्धान्तहरूमा युनेस्कोले ३ सिद्धान्तहरू उल्लेख गरेको छ जस अन्तरगत सिद्धान्त न ३.३ मा भनेको छ “शिक्षाले संस्कृतिक (भाषिक) विविधताको सकारात्मक मूल्यको वारेमा जनचेतना वढाउन । यसका लागि निम्नुकुराहरू सुझाइएको छ :

- पाठ्यक्रममा अल्पसंख्यक (तथा जनजाती) को वास्तविक तथा सकारात्मक इतिहास, संस्कृति, भाषा र पहिचानलाई प्रोत्साहन गरीनु पर्दछ ।
- अन्य संस्कृतिहरूलाई गहिरोसित बुझ्न भाषा सिकाउदा र सिक्दा यसका संस्कृतिक तत्वहरूमा जोडदिनु पर्दछ । भाषा एउटा साधारण भाषिक अभ्यास मात्र रहनु हुदैन, यसवाट त अन्य जीवन शैली, अन्य साहित्य तथा अन्य रितिरिवाज हेर्न पाउने मौका उपलब्ध गराइनु पर्दछ ।

भाषा र संवाद संस्कृतिका महत्वपूर्ण तत्वहरू हुन् । मानिसहरूको दृष्टिकोण, धारण, उनीहरूको यस संसार प्रतिको दृष्टिकोण भाषाको रूपमा अभिव्यक्त हुन्छ । (संस्कृति संज्ञानात्मक बुझाइको प्रक्रिया हो, यसले संस्कृति बुझ्न र तुलनागर्न सहयोग गर्दछ (Banks, 2006) । वास्तवमा संस्कृति भनेको हाम्रा व्यवहार, धारण, विभिन्न क्रियाकलाप गर्ने तरिका, विभिन्न वस्तु घट्ना आदिलाई हेर्ने दृष्टिकोण वा हेर्ने तरिका, सिकाइका विभिन्न विधि र तरिका मानिसले समाजमा अन्य मानिससँग अन्तरक्रिया गर्ने तरिका र मानिसले अन्य मानिस सँग सम्बन्ध राख्ने तरिकालाई संस्कृति भनिन्छ (थापा र अधिकारी, २०६८) । संस्कृतिक प्रणाली सामाजिक संसारको ज्यादै महत्वपूर्ण तत्व हो भन्दै **पार्सनले** संस्कृतिक निर्धारणवादको कुरो उठाएकाछन् ।

जसमा संस्कृति समबन्धमा **पार्सन** भन्दछन्, ''यसले कर्ताहरू विधाको अन्तरक्रियालाई मध्यस्तता गर्दछ । व्यक्तित्व र सामाजिक प्रणालीलाई एकिकृत गर्दछ । संस्कृतिमा अन्य प्रणालीको इकाइ बन्न सक्ने विशेष क्षमता हुन्छ । सामाजिक प्रणालीमा संस्कृति आदेश मूल्यमान्यताका रूपमा समावेश भएको हून्छ भने व्यक्तित्व प्रणालीमा कर्ताद्वारा अन्तरकृत गरिएको हुन्छ । सामाजिक सँग्रहित ज्ञानका प्रतिक, विचारका रूपमा यसको छुटै महत्व हुन्छ । यो एउटा प्रणालिवाट अर्को प्रणालिमा हस्तान्त रित हून्छ ।'' (अर्याल, २०६८) । मानवशास्त्री क्लिफर्ड ग्रिज (Geertz, 1973) ले ''संस्कृति मानिसको दिमागभित्र वन्द भएर रहने बस्तु नभएको वरु सार्वजनिक प्रतिकको रूपमा प्रकटहुने र यस्ता प्रतिकहरू समाजका सदस्यहरूले तिनीहरूको विश्व दृष्टिकोण, मान्यता, अभिमुखीकरण र नैतिकता र अन्य सबै क्षेत्रहरूको एक अर्कामा आदान प्रदान गर्ने, भविष्यका पुस्ताहरूलाई हस्तान्तरण गर्दैजाने प्रक्रिया हो ।" भनि उल्लेख गरेका छन् ।
यसर्थ संस्कृति भन्नाले मानवीय व्यवहारहरू हुन् जुन समाजवाट निर्देशित हुन्छ यसर्थ संस्कृति सामाजिक रूपमा विकसित हुने कुरामा दुई मत रहदैन् ।

## २.४ नेपाली संस्कृति सम्बन्धि गरिएको अध्ययन

नेपाल भाषिक र साँस्कृतिक बिविधता भएको देश हो । नेपालको जनगणना २०५८ अनुसार नेपालमा १०० भन्दा बढी जातजाती बस्छन् र तिनले ९२ भन्दा बढी भाष बोल्छन् (UNESCO, 2008) । उक्त रिपोर्टअनुसार नेपालका भाषाहरू चर भाषा परिवारका छन् । ति भारोपेली, चीन-तीब्बती, द्रविण र आग्नेली हुन । तराई क्षेत्रमा पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म बोलिने भाषाहरूको स्पष्ट सिमा छुट्टीदैन । यसैले तराई क्षेत्रका दुई छेउका मानिसहरू (वासिन्दाहरू) एकअर्काको बोलि बुझ्दैनन् र सम्पर्क भाषाको रूपमा दोश्रो भाषा प्रयोग गर्दछन् । यस्तै गरी मेचीदेखी महाकालिको तराई भेग र भित्री मधेशमा बस्ने थारुमा समेत यस्तै स्थिति पाइन्छ । हिमाली र पहाडी क्षेत्रमा बोलिने नेपालीका बिभिन्न भाषिकाहरूको बिचमा पनी तराइको जस्तै सम्बन्ध पाइन्छ भने मुख्य रूपमा हिमालि र पहाडी क्षेत्रमा बोलिने भाषामा बढी भिन्नता भएका भोट-बर्मेली भाषाका वक्ताहरू एकअर्काको भाषा बुझ्दैनन् । यस्तो अबस्थामा यि भाषाका वक्तले सामान्यतया सम्पर्क भाषाको रूपमा नेपाली प्रयोग गरेको देखिन्छ ।
नेपालको जातजातिको सामाजिक समूहलाई विश्लेषण गर्दा यसदेशमा हिन्दु समूहका बाहुन, क्षेत्री, ठकुरी ( राजपुत) तथा गैर बाहुन (जसलाई उच्च जातीहरूले जनजाती र दलित पनी भन्ने गर्छन्) उनीहरूको बसोवास रहेको पाइन्छ । यि जातिहरू पाहाडी क्षेत्रमा काठमाण्डौ, पोखरा लगाएतका ठाउमा छरीएर रहेकाछन् । काठमाण्डौं लगायत तराइका विभिन्न क्षेत्रमा मुस्लीम, क्रिस्चियन तथा सिखहरू साथै बौद धर्म मान्ने समुह पनी नेपालको उत्तरी भेग तथा विभिन्न जातिय समुदायमा रहेको पाइन्छ । यसका अतिरिक्त आर्य, मंगोल, भ्फाँगड समूहका मानिसहरूको पनी बसोवास रहेको छ । यो देशको संस्कृतिमा विस्तारै वहुलपना देखिन थालेको छ । नेपाली संस्कृतिमा इन्डो आर्यनको वाहूल्यता रहेको पाइन्छ । नेपालको उत्तरी क्षेत्रमा बसोवास गर्ने मानिसहरू तिब्बती धर्म, संस्कृति, अर्थतन्त्रबाट प्रभावित छन् । काठमाण्डौं उपत्यकामा

मिश्रीत संस्कृति पाइन्छ । तर नेवारी संस्कृतिले वाहुल्यता पाएको छ । यहाँ विभिन्न चाड पर्वहरू नेवारले मनाउने गर्दछन् । यिनीहरूमा आफ्नै छुट्टै नेवारी भाषा छ । धर्मका दुष्टिकोणले नेवारहरू हिन्दु र बौद धर्ममा विभाजित छन् र कतिपय क्रिश्चियन पनी छन् । नेपालको पूर्विपहाड देखी पश्चिम पहाडसम्म बाहुन क्षेत्री फैलिएर रहेका छन् साथै बाहुन क्षेत्रीको संस्कृतिले प्रमुख स्थान कायम गरेको छ । नेपालको भौगोलिक क्षेत्र अनुसार विभिन्न क्षेत्रमा विभिन्न जाति तथा जनजातीहरूको आ-आफ्नै पुर्ख्यौली क्षेत्रहरू देखिन्छन् । भौगोलिक धरातल हावापानी अनुसार मानिसहरूको संस्कृतिमा पनि भिन्नता पाइन्छ (थापा र अधिकारी २०६८) ।

James F. Fisher (1986) ले आफ्नो किताव हिमालपारिका व्यापारीहरू उत्तर पश्चिमी नेपालको अर्थतन्त्र, समाज र संस्कृति पुस्तकमा उत्तरपश्चिम नेपालको हीमाली गल्छीमा अवस्थित तरङ्गपुरका मगर जातिको विनीमय तथा संस्कृतिको बारेमा उल्लेख गरिएका छन् । जसमा Fisher ले पुस्तकको विभिन्न प्रसँगहरूमा नेपाली उखानको प्रयोग गर्दै वास्तविक संस्कृतिको उल्लेख गरेकाछन् । तारङ्गपुर डोल्पा जिल्लाको हिमाली भेगमा अवस्थीत रहेको छ । यहाँको भौगोलिक अवस्था प्रतिकुल रहेको छ । उत्तर तर्फ उच्च चिसो र सुख्खा उच्च समस्थलीहरू रहेकाछन् भने दक्षिणतर्फ समतल र उव्जाउसिल नदिनिर्मीत उपत्यकाहरू रहेका छन् । जहा नेपाली बोल्ने हिन्दुहरू रहेका छन् । त्यो क्षेत्रलाई खसान भनिन्छ भने उत्तर तर्फ तिव्वतेलि संस्कृति अपनाइने गरीन्छ त्यहाका मानिसहरू तिब्बतेली भाष पहिरन र तिव्वतेली बुद्धमार्ग अवलम्वन गर्दछन् । तारंङ्गपुरमा मातृभाषाका रूपमा तिब्बती - ब्रमेली भाषा कैंके (Kaike) भाषा बोल्दछन् । त्यहाका युवाहरू नेपाली र तिव्वती भाषा पनि बोल्दछन् । जीवन संस्कारहरूमा जन्म, मृत्यु संस्कार बौद्धमार्गि भएपनी केटाको केश मुण्डन हिन्दु परम्परा अनुसार हुन्छ । साथै दशै, साउने संक्रान्ती जस्ता हिन्दु पर्वहरू पनी मनाइन्छ । हिन्दु र बुद्धमार्गि बाहेकका स्थानीय तवरका पर्वहरू पनि मनाउने गरीन्छ । हिन्दु पर्वहरू, स्कुले तालिका र सरकारी क्रियाकलापको जानकारीका लागि हिन्दु पात्रो र नयाँ वर्ष मनाउनका लागि तिव्वतेली पात्रो प्रयोग गरीन्छ । यहाँका मानिसहरू व्यापार गर्दछन् । उत्तर तर्फ भोटेहरू सँग संलग्न हुँदा भोटेहरूसँग मितलगाउछन साथै उत्तरतर्फ जादाँ तिव्वतेली नाम राख्ने र दक्षिणतर्फ जाँदा खसहरूसँग इस्ट राख्ने र नामपनी नेपाली राख्ने गर्दछन् । यसरी आफ्नो सम्बन्धलाई समेत कसिलो बनाउछन् । जसले बस्तु तथा सस्कारगत संस्कृतिको समेत विविमय भएको पाइन्छ भनी उल्लेख गरेकाछन् ।

David H. Holmberg (1989) ले तामाङ्ग संस्कृति सम्बन्धमा यसरी उल्लेख गर्दछन् । तामाङ्ग समाज अद्धितिय छ किनकी यो बुद्ध धर्म अपनाउने अन्य बुद्धमार्गि समाजहरू भन्दा भिन्न रहेको छ । यिनीहरू वैद्धमार्गि भएर पनी मृत्यु संस्कारका वेला वलि दिन्छन् । साथै उनीहरू दशैमा समेत बलि दिन्छन् । दशैको नौ रात्री वली दिएर मनाउछन् । तामाङ्गको सामाजिक विनीमयहरूमा खासगरी मामा चेला र फुपु चेली विवाहसँग आवद्ध छन् । तामाङ्ग संस्कृतिमा मुख्यतया तिनवटा सस्कारगत विशेषताको भुमिका प्रधान रहेको देखिन्छ । जसमा लामा (Lama), लाम्बु (Lambu), र वोम्वो (Bombo) रहेकाछन् । छेंचु, मुख्य नाचगानको पर्व हो र यसको उत्तरार्धमा गाउँका हजारौं मानिसहरू जम्मा भई अस्थाई रूपमा निर्मित थानका

वरीपरी १० दिनमा करीव १५ खालका नाचहरू देखाइन्छ । यस्तो पर्वको वेला तामाङ्ग जातीहरू ननुहाउने, रक्सी नखाने, तास नखेल्ने र यस समयमा आफ्नो गाउँभन्दा बाहिर नजाने र अनाज वा अन्य सामान समेत ओसार पसार गर्दैनन् ।

Orther B. Sherry (1978) का अनुसार सेर्पाहरू पर्वतारोहणमा प्रख्यात रहेकाछन् । उनीहरूको मुख्य पेशा कृषि र पशुपालनमा आधारीत रहेको छ । यिनीहरू तिव्वतीयन बुद्धमार्गिहरू हुन । बुद्ध धर्मका बिभिन्न सम्प्रदायमध्ये सेर्पाहरू निङमापा (Ningmapa) सम्प्रदाय अन्तरगत रहेकाछन् । सेर्पाहरू बुद्ध धर्म अनुसार पुनर्जन्ममा विश्वास राख्ने गर्दछन् । यिनीहरूले निउग्नी संस्कारलाई प्रमुख संस्कारका रूपमा चारदिन सम्म मनाउछन् । पाप पखाल्न र पुन्य प्राप्त गर्न यो पर्व मनाउदछन् ।

नेपाली (१९६५) का अनुसार, नेवारहरू सान्तीप्रेमी जातिय समुदाय हो । नेवार समुदाय का महिलाहरू पुरुषका तुलनामा बढी उद्यमशिल हुन्छन् । नेवार समुदायको पहरी, थारु, हायुससँग पनी खास खालका कुरामा समानता देखिन्छ । नेवार समुदायको कृषि प्रणाली आफ्नै खालको छ । उनीहरू ह्लोको प्रयोग गदैनन् तर पनी नेवार निपूर्ण कृषक हो । यसको अलवा व्यापार गर्नु, हस्तकलालाई पनि नेवारजातीको जिविको पार्जनको श्रोतको रूपमा लिइन्छ । नेवार समुदयमा चुडाकर्म, बेलविवाह तथा विवाह र मृत्यु संस्कारमा हिन्दु परम्परा अनुसार गरिन्छ । नेवार समुदाय पनि हिन्दु र वौद्ध धर्ममा विभाजित रहेको देखिन्छ । साथै कमै मात्रामा क्रिश्चियन पनि । यसका साथै काठमाडौं उपत्यका भित्र मनाईने जात्राहरू नेवार संस्कृति अन्तरगतका जात्राहरू हुन् ।


डोरबहादुर विष्ट (२०६२) मगर संस्कृतिको बारेमा यसरी उल्लेख गर्दछन् : मामा चेली फूपुचेला धेरै ठाउँमा र कहीँ कहीँ मामाचेला फुपूचेली पनि विहे गर्ने गर्छन् । तर खासगरी आफ्नो थरभित्रबाहेक मगरजातभित्र जोसुकै केटा र केटीको विहे हुनै गर्दछ । विहेको रितिरीवाज अधिकांश मगरहरूको क्षेत्रीको जस्तै नै हुन्छ । उही बाहुन पुरोहितद्वारा वैदिक विधिविधानले विहे सम्पन्न गराइने हुनाले क्षेत्री र मगरको विहेको विधिमा खास फरक केही हुँदैन तर पश्चिम पहाडको उत्तरी र भित्री भागमा बस्नेहरू धेरै झाँक्री मात्र मान्ने हुँदा उनीहरूका बाहुन र पुरोहित हुँदैनन् । त्यसैले उनीहरू विहे गर्दा पनि उमेरपुगेकी केटी छोप्ने गर्छन् । आफूलाई मन परेकी केटीले केही मात्रमा मनपेट दिइसकेकी वा निकै नै हिमचिम बढाइसकेकी १६-१७ वा १८ वर्ष पुगीसकेकी केटीलाई झुक्याएर बलजफ्ती समातेर घिच्याउँदै लगेर विहे गर्ने चलनलाई ‘केटी छोप्ने’ भन्ने गर्छन् । यस्तो प्रकारले विहे गर्ने चलन नेपाल-पहाडका धेरै जातमा पाइन्छ” ।

Molnar Augusta (1981) खम मगरको सम्बन्धमा यसरी उल्लेख गरेका छन् । “खाम भाषा बोल्ने मगरहरू जो नेपालको उत्तर पश्चिममा वस्ने गर्दछन्, यिनीहरूको भाषा तिव्वतेली- व्रमन हो जुन तिव्बतको खाम क्षेत्रमा वोलिने तिव्वतेली लिपि भन्दा भिन्न रहेको छ” । यसै गरी यिनीहरूको संस्कृति र आर्थिक सम्बन्धमा भनिएको छ, यिनीहरू पितृवंशिय हुन र खासगरी मातृवंशीय फुपुचेली विवाह गर्दछन्, खाम मगरहरूले पहाडी कृषि र पशु पालनमा आवद्ध भई जीवन निर्वाह गर्दैछन, यिनीहरू हिन्दु धर्मवलम्वी हुन ।

यसरी विभिन्न जातिय तथा भौगोलिक क्षेत्र अनुसार नेपालमा सबै जातिय समुह र भौगोलिक क्षेत्रमा वसोवास गर्ने मानिसहरूको संस्कृति अर्न्तगत रहेका भाषा, भेषभुशा, संस्कार, आर्थिक क्रियाकलाप, लैगिकता आदि सबैमा केही समानता र असमानता पाउन सकिन्छ । यसर्थ पनि नेपाललाई वहुसांस्कृतिक स्थलको रूपमा लिइन्छ । जसमा सबै जात धर्म र संस्कृतिलाई सबै मानिसहरूले आत्मसाथ गरी एकतावद्ध भई बसेको पाइन्छ । यसरी हेर्दा शिक्षामा पनि समानता वा असमानता के छ भनि अध्ययन गनु उचित हुनेछ ।

### २.६ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले त्यस्तो ढाँचा हो जसमा अध्ययन अनुसन्धानको उद्देश्य सँग सम्बन्धित तत्वहरूको सम्बन्धलाई देखाइन्छ । अर्थात अध्ययनको लागि निर्धारित उद्देश्य परिपूर्ति गर्न कुन कुन स्रोतवाट तथ्याङ्क/सूचना प्राप्त गर्ने भनि पहिलेनै अध्ययनको प्रारूप वा खाका निर्माण गर्नुपर्ने हुन्छ । जुन प्रारूप वा खाकाले अध्ययनलाई एउटा स्पष्ट वाटो देखाउदछ । यो एउटा अध्ययनको रूपरेखा पनि हो । तसर्थ कुनै पनि अध्ययन कार्यमा के कति कुरा समेट्ने भनि छुट्याउँदा अध्ययन कार्यलाई सम्मन्न गर्न, उक्त अध्ययन कार्यलाई मर्ग प्रदान गर्न अध्ययनको अवधारणालाई चित्रात्मक रूपमा प्रस्तुत गरिन्छ । यस अध्ययनमा पनि संस्कृतिक दृष्टिकोणबाट माध्यमिक तहको कक्षा नौ को सामाजिक अध्ययन विषयको पाठ्य पुस्तक र मगर संस्कृति अध्ययन गर्न निम्नानुसार अवधारणात्मक ढाँचा तयार गरिएको छ ।




मथि प्रस्तुत गरिएको अवधारणात्मक ढाँचाको आधारमा पाठ्य पुस्तक र मगर संस्कृतिको वारेमा अध्ययन गर्दा संस्कृति अध्ययनको लागि Banks (2006) ले प्रस्तुत गरेका संस्कृतिक तत्वका आधारमा अध्ययन गरीने छ । उनका अनुसार ती संस्कृतिक तत्वहरू जसले विद्यार्थी र शिक्षक, शिक्षक र शिक्षण लगाएत विभिन्न सुक्ष्म संस्कृतिक समूहको व्यवहारको विश्लेषण गर्न उपयोगी हुनेछ भनि उल्लेख गरेका छन् । उनले उल्लेख गरेका तत्वहरूलाई समग्रमा निम्नानुसार उल्लेख गरिएको छ ।

Banks (2006) ले उल्लेख गरेका तत्वहरू अनुसार मूल्य मान्यताहरू भावनात्मक, सामान्यीकरण गरिएका सिद्धान्तहरू हुन जसमा सामाजिक सदस्यहरूको सहभागिता र उच्च सम्मान हुन्छ । व्यक्तिहरूले सामाजिकीकरणका कममा ति मूल्यामान्यतालाई आर्जन गर्दछन् । मूल्यमान्यताहरू संस्कृति र शुक्ष्म

संस्कृतिको एउटा महत्वपूर्ण तत्व हो । जसले एउटा समूह र अर्को समूहलाई छुट्याउने गर्दछ । मूल्यमान्यता व्यवहार र मानिसहरूले वातावरणमा कसरी सिफारिस गर्दछन् भन्ने कुराबाट प्रभावित हुन्छ ।

संस्कृतिको अर्को महत्वपूर्ण तत्व भनेको भाषा र संवाद हो । भाषा र संवाद, संस्कृतिका महत्वपूर्ण तत्वहरू हुन् । मानिसहरूको दृष्टिकोण, संसार प्रतिको बुझाई उनीहरूको भाषामा अभिव्यक्त हुन्छ । तसर्थ भाषा कुनैपनि समूहको संस्कृतिलाई उजागर गर्ने वा प्रस्तुत गर्ने माध्यम हो । यसैगरी भाषा रहित संञ्चार पनि संस्कृतिको एउटा महत्वपूर्ण तत्व हो । यस सम्बन्धमा Banks ले भनेका छन् । "मानिसहरूले भाषारहित संञ्चार गर्ने वाटो सस्कृतिको एउटा महत्वपूर्ण पाटो हो । यिनीहरू एक अर्कालाई कसरी हेर्ने गर्दछन् साथै यिनीहरू एउटा समूह भित्र शूक्ष्म संस्कृतिक रूपवाट कसरी भिन्न छन् भन्ने कुरालाई बुझ्न सकिन्छ । अशाव्दिक वा भाषारहित संञ्चारका कुराहरूवाट पनि संस्कृतिकका कुराहरूलाई वुझ्न सकिन्छ जस्तै नेपालको संस्कृतिको वारेमा वुझ्दा कला, व्यक्तिको हाउभाउ, पहिरन, खानपान, आदि यसैअन्तरगतका संस्कृतिमा लिन सकिन्छ । यस्तै गरी संस्कृतिका तत्वहरू मध्य संस्कृतिक संज्ञानात्मकपन पनि एक हो । " संस्कृति संज्ञानात्मक बुझाईको प्रकृया हो, यसले संस्कृति बुझ्न र तुलनागर्न सहयोग गर्दछ । (Banks - 2006) यसरी समाजको संस्कृतिलाई संस्कृतिक दृष्टिकोण वाट विभिन्न व्यक्तिहरूले फरक ढंगवाट बुझ्न सक्दछन् र त्यही रूपमा समेत तुलना गर्ने गर्दछन् । यसर्थ व्यक्तिको संस्कृति सम्बन्धि बुझाई फरक फरक रहन सक्दछ । संरचना दृष्टिकोण धारणा र विश्वासहरू एकआपसमा जेलिएका हुन्छन् । संस्कृतिहरू ज्ञानका समुदाय हुन् । प्रत्येक घटना विषय वस्तुलाई हेर्ने दृष्टिकोण संस्कृति अनुसार फरक फरक रहन्छ । तर भनाइको अर्थ यो होइन की कुनै व्यक्ति विशेषको मात्र दृष्टिकोण फरक रहन्छ जस्तै जनजाती आन्दोलन, २००७ सालको आन्दोलन ती घटनाहरूलाई हेर्ने दृष्टिकोण कुनै संस्कृति र सूक्ष्म संस्कृतिमा पनि फरक रहन सक्छ । जव कुनै व्यक्ति विशेषले आफ्नो संस्कृतिको पहिचान गर्दछ उसले आफू समुदायको कुनै अंस भएको आत्मसाथ गर्दै यसका उद्देश्य, चाहना र मूल्य मान्यता एंव आफ्नो तहको आत्मसाथ गर्दछ । व्यक्तिको पहिचानको तह उसको संस्कृतिमा निर्भर रहन्छ जुन व्यक्तिको पहिचान भन्दा संस्कृतिको पहिचान उच्च हुन्छ । यसरी संस्कृति पहिचानका विभिन्न तत्वहरू रहेका छन् जसअन्तरगत रहेर स्थानीय मगर संस्कृतिको वारेमा अध्ययन गरिएको थियो । जुन आवश्यकताका आधारमा संस्कृतिको पक्षहरूलाई नजिकबाट नियाल्ने, बुझने र उतार्ने कार्य गरिएको थियो ।

## परिच्छेद -तीन

## अध्ययन विधि

कुनै पनि कार्यलाई सुव्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि अपनाइने तरिकालाई विधि भनिन्छ, अनुसन्धान पद्धति वा अनुसन्धान विधिले अनुसन्धान कार्यलाई मार्गदर्शन गर्दछ । जुन तरिकावाट अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ । यस परिच्छेद अन्तरगत अनुसन्धान ढाँचा, नमूना छनौट, साधनको निर्माण तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको विश्लेषण प्रक्रिया समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

अध्ययनलाई अध्ययनको उपयोग अध्ययनको उद्देश्य तथा खोजी गरिने जानकारीका आधारमा अनुसन्धान ढाँचाहरू विभिन्न किसिमका छन् । अनुसन्धानलाई उद्देश्यका आधारमा वर्णनात्मक अन्वेषणात्मक, सह सम्बन्धात्मक र विवरणात्मक गरी चार वर्गमा वर्गीकरण गरिएको छ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति अध्ययनको उद्देश्य, अनुसन्धानको किसिमजस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान मुख्यतया गुणात्मक विधिमा आधारित रहनेछ । प्रस्तुत अध्ययनको लागि निन्मानुसारको सुचना प्राप्त गर्ने ढाँचा प्रयोग गरिएको थियो ।

| **अनुसन्धानात्मक प्रश्न** | **सूचनादाता/उत्तरदाता** | **साधन** |
|---|---|---|
| स्थानीय तहमा मगर संस्कृति के रहेको छ ? | शिक्षक, मगर व्यक्तिहरू | खुल्ला अन्तर्वार्ता निर्देशिका |
| पाठ्यपुस्तकमा मगर संस्कृतिका कुरा के रहेका छन् ? | शिक्षक / पाठ्यक्रम /पाठ्य पुस्तक | खुल्ला अन्तर्वार्ता निर्देशिका दस्तावेज अध्ययन प्रश्नावली |
| पाठ्य पुस्तकमा समावेश भएका नाम, पेसा तथा व्यवसाय विषय वस्तु, आदिले मगर संस्कृतिलाई कसरी समावेश गरेको छ ? | शिक्षक, विद्यार्थी र पाठ्पुस्तक | खुल्ला अन्तर्वार्ता निर्देशिका, समूह छलफल निर्देशिका र पाठ्य पुस्तक अध्ययन प्रश्नावली |
| पाठ्य पुस्तकमा मगर संस्कृतिलाई समावेस गर्ने उपायहरू के के हुन सक्छन् ? | शिक्षक र मगर व्यक्तिहरू | खुल्ला अन्तर्वार्ता निर्देशिका |
| पाठ्य पुस्तकको प्रयोग गर्दा शिक्षकहरूले स्थानीय मगर संस्कृतिलाई के कसरी समावेश गर्दछन् ? | शिक्षक र विद्यार्थी, कक्षा अवलोकन | खुल्ला अन्तर्वार्ता निर्देशिका, समूह छलफल निर्देशिका,कक्षा अवलोकन फारम |

### ३.२ अध्ययनको जनसंख्या

यो अध्ययन लुम्बिनी अञ्चलको पहाडी जिल्लाको रूपमा रहेको गुल्मी जिल्लाको पूर्वि भागमा अवस्थित यस गाउँ महाभारत पर्वत श्रेणीमा अवस्थित रहेको छ । पूर्वमा ठूलोलम्पेक गा.वि.स. दक्षिणमा रुद्रावती नदि (

बडीगाड), पश्चिम तथा उत्तरमा क्रमस हंसरा गा.वि.स. र फोक्सिङ गा.वि.स. पर्दछन् । यो भौगोलिक अवस्थाका कारण २ भागमाविभाजित रहेको छ । यस गाउँमा बसोबास गर्ने जात जातिहरूमा ब्रमण, क्षेत्री मगर, कमि, दमाई, सार्कि मुख्य रहेकाछन् भने नेवार र सन्यासहरू नगन्य संख्यामा रहेको पाइन्छ । जनसंख्याको अवस्थालाई हेर्दा जनगणना २०५८ अनुसार यस गा.वि.स.को जनसंख्या ४४१६ रहेको छ । जसमा महिला २०११ र पुरुष २४०५ रहेको छ । भने अन्य जात जातिको तुलनामा मगर जातिको जसंख्याको हिसावले बाहुल्यता रहेको पाइन्छ । जहा मगर समुदायको जनसंख्या २०२३, ब्राह्मण र क्षेत्रको जनसंख्या ११५८, दलितजाति र कामी, दमाई, सार्कि गरी १००८ र अन्य नेवार र सन्यासी २२६ जनसंख्या रहेको छ । सांस्कृतिक रूपमा समेत विविधता प्राप्त गर्न सकिने यस गाउँमा भाषगत विविधता प्राप्त गर्न सकिन्छ । यस गाउँमा बोलिने भाषमा नेपाली, मगर र नेवारी रहेका छन् । नेपाली भाष बोल्नेसमुदायको बाहुल्यता रहेको छ भने नेवारी भाषा बोल्नेकोसंख्या निकै कम रहेको पाइन्छ । यस्तै गरी मगर समुदायको आफ्नो भाषा रहेता पनि सबै मगर समुदायका व्यक्तिहरू मगर भाषा बोल्न सक्दैनन तर मगर समुदायमा भाषा बोल्नेको बाहुल्यता भने रहेको पाइन्छ । यसरी जनसंख्या र सांस्कृतिक रूपमा मगर समुदायको बाहुल्यता रहेको पाइन्छ । यस गा.वि.स.-४, मा प्राथमिक विद्यालय (एक बोडिङ्ग स्कुल सहित), नि.मा.वि. १ र उच्च मा.वि. १ सञ्चालित रहेका छन् । यसरी सञ्चालित विद्यालयमा सबै जात जातिका बालबालिकाहरू अध्ययन अध्ययापन गर्ने गर्दछन् । जहाँ जातिय, सांस्कृतिक र भाषिक विविधता पाउन सकिन्छ । यसर्थ लिम्घागा.वि.स.का मगर समुदाय, त्यस गा.वि.स मा रहेको श्री सरस्वती उच्च माध्यमिक विद्यालय, शिक्षक एंव विद्यार्थी अध्ययनको जनसंख्याको रूपमा छनोट गरिएको थियो ।

### ३.३ नमूना छनौट

यस अध्ययनकार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्न निम्नानुसार नमूना छनौट गरिएको थियो । तर यो अध्ययन गुणात्मक अध्ययन भएको हुँदा अध्ययनका क्रममा समय, परिस्थिति अनुसार लचकता भने अपनाइएको थियो ।

#### ३.३.१ विद्यालय छनौट

विद्यालयको छनोट गर्ने प्रयोजनकालागि गुल्मी जिल्ला, लिम्घा गा.वि.स अन्तर्गतका विद्यालय हरू मध्ये निम्न विद्यालयलाई देहाय वमोजिम छनोट गरिएको थियो ।

लिम्घा गा.वि. स भित्र जम्मा ६ वटा विद्यालयहरू संञ्चालित छन् । जस मध्ये कक्षा १ देखि ५ सम्म संञ्चालन भएका शुद्ध सामुदायिक प्राथमिक विद्यालय ३ वटा र निजिस्तरमा संञ्चालित १ प्राथमिक विद्यालय, कक्षा १ देखि ८ सम्म संञ्चालित सामुदायिक विद्यालय १ वटा र कक्षा १ देखि १२ सम्म संञ्चालित सामुदायिक विद्यालय १ वटा रहेका छन् । यी विद्यालय मध्येवाट माध्यमिक तहसम्म संञ्चालित विद्यालयलाई

अध्ययनका लागि छनोट गरीने भएकोले स्वत : उपरोत्त उच्च माध्यमिक विद्यालयलाई नमूनाको रूपमा छनोटमा परेको थियो ।

### ३.३.२ शिक्षक छनोट

छनोट गरिएको विद्यालयको माध्यमिक तह अन्तरगत कक्षा ९ मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकलाई उत्तरदाताको रूपमा लिइएको थियो । यसरी उत्तरदाताको रूपमा लिइएका शिक्षकसँग अन्तर्वार्ताको माध्यमबाट स्थानीय मगर संस्कृति के रहेको छ, पाठ्य पुस्तकमा मगर संस्कृति के रहेको छ, कसरी समावेश गरिएको छ, यदि समावेश नगरिएको भए कसरी समावेश गर्न सकिन्छ तथा पाठ्य पुस्तक प्रयोग गर्दा कक्षमा कसरी प्रयोग गरिएको छ । यि कुरासँग सम्बन्धित रहेर शिक्षकको धारणा, सोचाई, समस्याहरू उपाएहरू तथा कार्यान्वयनको अवस्था सम्बन्धि विभिन्न पक्षहरूवारे यथार्थ सूचना सङ्कलन गरिएको थियो । जुन उत्तरदाताको रूपमा लिइएका शिक्षकको नामावली अनुसूची १ मा राखिएको छ ।

### ३.३.३ विद्यार्थी छनोट

सामाजिक अध्ययन विषयको पाठ्य पुस्तक र मगर संस्कृति सम्बन्धि अध्ययनको लागि छनोट गरिएको विद्यालयका कक्षा ९ मा अध्ययनरत मगर विद्यार्थीहरू मध्येबाट १६ जना मगर विद्यार्थी (८ जना छात्र र ८ छात्रा) छनोट गर्ने भनिए  तापनि कक्षा ९ मा अध्ययन गर्ने मगर विद्यार्थी संख्या जम्मा १५ जना रहेको जसमा ७ जना छात्रा र ८ जना छात्र रहेको हुँदा ति सम्पूर्ण मगर विद्यार्थी (१५ जना) लाई स्वतः समूह छलफलको लागि छनोट गरिएको थियो जुन नामावलीअनुसूची २ मा राखीएको छ ।

### ३.३.४.शिक्षण अवलोकनको लागि कक्षा छनोट

साधारण माध्यमिक विद्यालयतर्फ सामाजिक अध्ययन विषयको एक हप्तामा ५ दिन मात्र कक्षा संञ्चालन हुने साथै वार्षिक रूपमा १५० दिन कक्षा सञ्चालन हुने व्यवस्था पाठ्यक्रमले निर्धारण गरेको छ । यसरी वार्षिक रूपमा संञ्चालन हुने सम्पूर्ण कक्षा अवलोकनगर्न असम्भव हुने हुँदा तथा अवलोकनकर्ताको समय, श्रोत र साधनलाई समेत ख्याल गरी उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा ३ हप्तामा संञ्चालन हुने १५ कक्षहरू मध्येवाट न्यूनतम ३ दिन र अधिकतम ५ दिन समय अवधि खाली राखी ४ कक्षा शिक्षण अवलोकनका लागि छनोट गरिएको थियो ।

### ३.३.५ स्थानीय मगर व्यक्तिको छनोट

अध्ययन क्षेत्र लिम्घा गा.वि.समा बसोबास गर्ने मगर समुदायका व्यक्तिहरु मध्येबाट नमूना छनोट गर्दा स्नोबल स्याम्लीङ्ग विधिबाट छनोट गरिएको थियो । जहाँ संस्कृतिको बारेमा जानकार व्यक्तिहरुको छनोट गनका लागि पहिलो नमुनाको रुपमा दान बहादुर रानालाई लिई उनिमार्फत प्राप्त सूचनाका आधारमा बलबहादुर गाहासँग पुगी आवश्यक सूचना सङ्कलन गरी सकेपश्चात् उनलेदिएको सूचनाको आधारमा तुल्सी सिंजालसँग पुगि सूचना सङ्कलनग गरिएको थियो । तुल्सी सिंजालीले सिफारिस गरे अनुरुप नन्दकला सारु

मगरसँग पुगि तथ्याङ्क सङ्कलन गरिएको थियो यस्तै गरी नन्दकला मार्फत सुन्दर तरामु र सुन्दर तरामु मार्फत केहरसिं रानासम्म पुगि सूचना सङ्कलन गर्दा आवशयक सूचनाहरु केही मात्रामा दोहोरिएर प्राप्त भएको कारण तथ्याङ्क सङ्कलनका लागि नमूना छनोट पूर्ण भएको मानिएको थियो । नमूना छनोटमा परेका व्यक्तिरु मध्येबाट २ जना स्नातकोत्तर तह १ जना स्नातक तह उत्तिर्ण, १ जना पूर्व शिक्षक र २ जना साक्षर मात्र रहेका थिए । तिनीहरुसँग अन्तरवार्ताको माध्यमबाट मगर संस्कृति, पाठ्य पुस्तकमा मगर संस्कृतिको समावेसीको अवस्था एवम् समावेश गर्ने उपाएका बारेमा सूचना सङ्कलन गरिएको थियो जुन नमूना छनोटमा परेका व्यक्तिको नामावली अनुसूची ३ मा राखिएको थियो ।

**३.४ साधनको निर्माण**

यस अध्ययन कार्यलाई समयमै उद्देश्य अनुरूप सम्पन्न गर्नका लागि अध्ययनकार्यलाई अगाडी वढाउने क्रममा निम्न लिखित सूचना सङ्कलनका साधनहरूको निर्माण गरिएको थियो ।

**३.४.१ शिक्षक अन्तर्वार्ता निर्देशिका**

छनोट गरिएको विद्यालयका शिक्षकसँग असंरचित अन्तर्वार्ता संञ्चालन गरी यथार्थ सूचना प्राप्त गर्नका लागि निर्माण गरिएको थियो । अन्तर्वार्ताका माध्यमवाट शिक्षक सँगवाट स्थानीय मगर संस्कृति, पाठ्य पुस्तकमा समानुपातिक समावेशिताको आवस्था तथा पाठ्य पुस्तक प्रयोग गर्दा कसरी प्रयोग भइरहेको छ, मगर संस्कृतिका समावेश गर्ने कुरा र उपायहरू जस्ता पक्षमा सूचाना सङ्कलनगर्न असंरचित अन्तर्वार्ता निर्देशिका तयार गरी सूचना सङ्कलन गरिएको थियो । जसलाई अनुसूची ४ मा राखिएको छ ।

**३.४.२ मगर समुदायका व्यक्तिको लागि अन्तर्वार्ता निर्देशिका**

छनोट गरिएका मगर समुदायका व्यक्तिहरूबाट मगर संस्कृतिका बारेमा यथार्थ सूचना सङ्कलन गर्नको लागि असंरचित अन्तर्वार्ता निर्देशिका तयार गरिएको थियो । अन्तर्वार्ताका माध्यमबाट मगर समुदायका छनोटमा परेका व्यक्तिहरू बाट स्थानीय मगर संस्कृति, पाठ्य पुस्तकमा रहेको सांस्कृतिक अवस्था तथा समावेश गर्न सकिने विषय वस्तु र उपाएका बारेमा सूचनासङ्कलन गर्न मगर समुदाय व्यक्तिको लागि अन्तरर्वार्ता निर्देशिका तयार गरी सूचना सङ्कलन गरिएको थियो । जसलाई अनुसूची ५ मा राखिएको थियो ।

**३.४.३ समूह छलफल निर्देशिका**

छनोट गरिएका विद्यार्थीहरूलाई २ वटा समूहमा विभाजन (छात्र र छात्रा) गरी छलफलको माध्यमबाट मगर संस्कृति तथा पाठ्य पुस्तकको प्रयोग गर्दा कक्षमा शिक्षकले स्थानीय मगर संस्कृतिलाई कसरी प्रयोग गर्नै गरेका छन् भन्ने वारेमा उनीहरूको धारणा तथा बुझाई पत्ता लगाउन समूह छलफल निर्देशिका निर्माण गरी समूह छलफल संञ्चालन गरिएको थियो । जसवाट संस्कृति सम्बन्धि कक्षकोठामा हुने प्रयोगको यथार्थ सूचाना सङ्कलन गरिएको थियो । विद्यार्थी समूह छलफल निर्देशिकालाई अनुसूची ६ मा राखिएको छ ।

### ३.४.४.दस्तावेज अध्ययन प्रश्नावली

कक्षा नौ को सामाजिक अध्ययन विषयलाई दस्तावेजको रूपमा लिई त्यस दस्तावेजमा मगर संस्कृति सम्बन्धी कुरालाई कसरी समावेश गरिएको छ या छैन भन्ने सूचना प्राप्त गर्न दस्तावेज अध्ययन प्रश्नावली निर्माण गरी सूचना सङ्कलन गरिएको थियो ।जुन दस्तावेज अध्ययन प्रश्नावलीलाई अनुसूची ७ मा राखिएको छ ।

### ३.४.५ कक्षा शिक्षण अवलोकन फाराम

छनोट गरिएका कक्षा अवलोकन गर्दा शिक्षकले कक्षाकोठामा पाठ्य पुस्तको प्रयोग गर्दा मगर संस्कृतिलाई कसरी प्रयोग गरेका छन् त्यसको वारेमा सूचना सङ्कलन गर्नका लागि कक्षा शिक्षण अवलोकन फारम निर्माण गरी सूचना सङ्कलन गरिएको थियो । जसलाई अनुसूची ८ मा राखिएको छ ।

## ३.५ साधनको वैद्यता निर्धारण

तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएका साधनको वैद्यता र विश्वसनियता हुनु आवश्यक छ । निर्माण गरिएका प्रश्नावली अन्तर्वार्ता निर्देशिका र समूह छलफल निर्देशिकालाई सहपाठी साथीहरूसँग छलफल गरिएको थियो । छलफल पश्चात आवश्यक संशोधन गरी सम्बन्धित शोध निर्देशकलाई देखाइएको र निर्देशकको सुझाव र सल्लाह अनुसार संशोधन गरी साधनलाई अन्तिम रूप प्रदान गरिएको थियो ।

## ३.६ सूचना सङ्कलन प्रक्रिय

सर्वप्रथम छनोटमा परेको विद्यालयमा गई क्याम्पसले उपलब्ध गराएको पत्र देखाई अध्ययनको उद्देश्य वताएर प्रधानाध्यापकसँग अनुमति मागिएको थियो । त्यसपछि सम्बन्धित शिक्षकलाई असंरचित अन्तर्वार्ताको माध्यमबाट आमने सामने बसी प्रश्नउत्तको माध्यमबाट सूचना सङ्कलन गरिएको थियो । साथै विद्यार्थीहरूको समूह छलफलमा छनोटमा परेका विद्यार्थीलाई निर्देशिका अनुसार छलफल गराई छलफलको क्रममा प्राप्त भएका तथ्यहरूलाई सूचनाको रूपमा सङ्कलन गरिएको थियो । साथै विशेषज्ञको हकमा क्याम्पसको पत्रदेखाई तथा व्यक्तिगत सम्पर्क विस्तार गरी असंरचित अन्तर्वार्ता निर्देशिकाको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । साथै कक्षा ९ मा अध्ययन अध्यापन हुँदै आइरहेको सामाजिक अध्ययन विषयको पाठ्य पुस्तको दस्तावेज अध्ययन प्रश्नावलीको आधारमा सूचना सङ्कलन गरिएको थियो ।

## ३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या

तथ्याङ्क सङ्कलनका साधनहरूवाट संकलित तथ्याङ्कहरूलाई मिल्दो जुल्दो विशेषताका आधारमा वर्गिकरण, सम्मादन तथा तालिकीकरण गरी आवश्यता अनुसार चित्रात्मक प्रस्तुति समेत गरी विश्लेषण गरिएको थियो । विश्लेषणवाट आएका तथ्यहरूको आधारमा प्राप्ति, विष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।


## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान कार्यको लागि तथ्याङ्कको सङ्कलन गरीसकेपछि तथ्याङकको विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको मुख्य उद्देश्य माध्यमिक तह अन्तरगत कक्षा ९ को सामाजिक अध्ययन विषयको पाठ्य पुस्तकमा विभिन्न पक्षहरूमा मगर संस्कृतिको समावेसिताको अवस्था कस्तो रहेको छ, कसरी प्रयोग गरेका छन् र पाठ्य पुस्तक प्रयोग गर्दा मगर संस्कृतिलाई समावेश गर्ने उपायहरूको खोजी गर्नु रहेको छ । उल्लेखीत उद्देश्यहरू पूरा गर्नको लागी अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको गुल्मी जिल्लामा अवस्थीत रहेको लिम्घा गा.वि.स. र सोही गा.वि.स. मा सञ्चालित श्री सरस्वती उच्च माध्यमिक विद्यालयका सामाजिक अध्ययन अध्यापन गर्ने विषय शिक्षक, स्थानीय मगर समुदायका व्यक्तिहरूसँग अन्तर्वार्ता, कक्षा ९ का विद्यार्थीहरूसँग समूह छलफल निर्देशिका, दस्तावेजको रूपमा सामाजिक अध्ययन विषयको पाठ्य पुस्तकलाई दस्तावेज अध्ययन प्रश्नावली र कक्षामा मगर संस्कृतिको शिक्षण सिकाई कार्यमा कसरी कार्यान्वयन गरिएको छ भन्ने कुराको जानकारी राख्नको लागि कक्षा अवलोकन फारमद्धारा सङ्कलन गरिएको सूचना, प्रतिक्रिया र सुझावका आधारमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकका विभिन्न पक्षहरूमा मगर संस्कृतिको समावेसिताको अवस्था

#### ४.१.१ हामी, हाम्रो समुदाय र राष्ट्र




**चित्र नं. १ हामी, हाम्रो समुदाय र राष्ट्र**

उल्लेखित चित्रमा देखाइएअनुसार चित्रलाई जातिय दृष्टिकोणबाट अध्ययन गर्दा मगर समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । जहा छुट्टाछेट्टै घरहरू छन् र प्रत्येक घरमा एक एक जना महिला छन् । जहा महिलाहरू आ–आफ्नो जाती विशेषका पहिरनमा देखिन्छन् । यसलाई समालोचनात्मक दृष्ट्रिकोणबाट हेर्दा मगर सस्कृति अर्न्तगतको घरको बनावट र पहिरण तथा भेषभुषालाई सम्मानजनक स्थान दिएको प्रष्ट हुन्छ ।

प्रस्तुत पाठमा चित्र, विषय वस्तु र अभ्यास (क्रियाकलाप) लाई मात्र विश्लेषण गरिएको छ जहाँ संवादलाई पाठमा समेटिएको छैन यसर्थ स्थानीय मगर सस्कृतिका व्यक्ति (मगर सस्कृति बुझेका व्यक्ति) हरूलाई स्थानीय मगर सांस्कृतिक दृष्टिकोणबाट यस पाठमा उल्लेखित चित्र विषय वस्तु र क्रियालाई देखाउनुका साथै मगर सस्कृति अर्न्तगतका कुन कुन विषयबस्तुलाई पाठ्य पुस्तकमा समावेश गर्न उपयुक्त हुन्छ भनी प्रश्न राख्दा तिनै जना व्यक्तिहरूबाट समान खालको उत्तर प्राप्त भयो । जसमा चित्रले संस्कृतिलाई उल्लेख गर्ने अवस्थामा उपयूक्त नै छ, यसका साथै विषय वस्तु क्रियाकलापमा “स्थानीय मगर सुदायको बसोवास, यसमा तपाइले पहिले देखेका र अहिले देखेका भवनहरू, स्थानीय मानिसहरूको जीवनशैली विचारहरूका सम्बन्धमा तुलना गर्नूहोस” भनी समेट्न सके उपयुक्त हुन्छ भनि विचार व्यक्त गरे ।

यस्तैगरी उर्पयुक्त पाठमा दिएको चित्र तथा समावेश विषय वस्तुमा संस्कृतिक समानताको स्थितिको कस्तो छ भनी सोधिएको प्रश्नमा शिक्षक भुपलाल ज्ञवाली भन्नुहुन्छ “चित्रले मगर सस्कृतिको प्रतिनिधित्व गरेको छ तर विषयबस्तुमा जातीविशेषका सास्कृतिक कुराहरू समावेश नगरी समग्रमा प्रस्तुत गरेको छ । जसले जाति विशेषलाई मात्र न्याय प्रदान नगरी सम्पूर्णतामा समान न्याय प्रदान गरेको देखिन्छ ।” भनी आफ्नो धारणा व्यक्त गरेका थिए भने विद्यार्थीहरूलाई चित्र तथा विषयबस्तु र क्रियाकलापमा सस्कृतिका कुराहरूलाई कसरी समावेश गरेको छ भनी छलफलमा प्रश्न गर्दा आफ्ना विचारहरू यसरी व्यक्त गरेका थिए । चित्र र क्रियाकलापले मगर संस्कृतिलाई समेटेको छ तर विषय वस्तुले उपयुक्त स्थान प्रदान गरेको छैन भनि आफ्नो धारणा राखेका थिए ।

माथी प्राप्त भएका सम्पूर्ण प्रतिक्रिया र अनुसन्धानकर्ताको स्व अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने माथी प्रस्तुत गरिएको चित्रले मगर सस्कृतिलाई आत्मसाथ गरेतापनि विषयबस्तले समग्र संस्कृतिका पक्षहरूलाई उल्लेख गरेको पाइन्छ । साथै विषय वस्तुले समानुपातिक रूपमा समेत समेट्न सकेको देखिँदैन तर क्रियाकलापले समेट्ने प्रयत्न गरेको पाइन्छ । यसर्थ यस शीर्षक अन्तर्गतको चित्र , विषय वस्तु र अभ्यासलाई हेर्दा पूर्ण समानुपातिक समावेशीको अवस्था पाइँदैन । जहाँ मगर समुदायको बसोबासको अवस्था सामुहिक रूपमा रहेको र सांस्कृतिक पहिचान पनि अन्य जातिको तुलनामा फरक रहेको पाइन्छ । यसरी चित्रमा समावेश विषय वस्तुले केही मात्रामा समावेश गरेको देखिन्छ । जसमा भेषभूसालाई उल्लेख्य स्थान प्रदान गरेको छ । यस्तै गरी क्रियाकलापले स्थानीय समुदायको बारेमा लेख्न लगाई स्थानीय मगर समुदायको बसोबास , भवनहरूको उल्लेख गर्न खोजेको छ तर विषयवसतुमा भने समावेश गरेको पाइँदै ।

### ४.१.२ दिगो विकास

चित्र, विषयबस्तु र अभ्यास




**चित्र नं. २ दिगो विकास**

उल्लेखित चित्रमा महिलाले वातावरण संरक्षण सम्बन्धि छलफल गरिरहेको दृष्य्य देखाइएको छ । उक्त चित्रमा महिलाले छलफल गरीरहेको दृष्यलाई Equality सँग जोड्न सकिन्छ । Equality सम्बन्धि Hurhes Christina (1993) ले २ वटा Model प्रस्तुत गरेका छन् । जसमध्ये Model I को रूपमा "The Feminism Of Uncritcal Reversal" पनि एक महत्वपूर्ण नमुना हो । जहा महिलाको स्थान उच्च हुन्छ । त्यसैगरी यहा पनि उच्च स्थान प्रदान गरिएको छ ।

प्रस्तुत पाठमा चित्र, विषय वस्तु र अभ्यासलाई माग समावेश गरिएको छ । तसर्थ यि ३ पक्षलाई मात्र विश्लेयाण गरिएको थियो । संवादको सन्दर्भमा भने पाठले स्थान नदिएको देखिन्छ । उपयुक्त चित्र, विषयबस्तु र अभ्यास मगर सास्कृतिक रूपमा कतिको सान्दर्भिक छ भनी गरिएको प्रश्नमा शिक्षकको प्रतिक्रियामा "चित्रले मगर समुदायको प्रतिनिधित्व गरेको छ स्थानीय मगर संस्कृतिक अवस्थामा लैङ्गिक विभेद देखिदैन तसर्थ महिला मात्रको सहभागिता देखिनु उपयुक्तनै भएतापनि चित्रमा मगर समुदायका व्यसिक्तको उपस्थिीती देखिएतापनि सक्षम रूपमा देखाइएको छैन । यसका साथै विषय वस्तुमा कुनै पनि कुरा समावेश गरिएको छैन भने क्रियाकलापमा दिएको विषयबस्तु स्थानीय परिवेशको बारेमा लेख्नु पर्नै गरी दिएकोस्थानीय सांस्कृतिक पक्षलाई समेट्न खाजे जस्तो देखिन्छ । तर पनि अन्य जातिको तुलनामा कमजोर रूपमा प्रस्तुत गर्नुलाई स्थानीय परिवेशमा विविध जातिय सस्कृति अन्तरगतको मगर समुदायको सस्कृतिलाई समावेश गर्न खोजेको देखिदैन । जहाँ स्थानीय मगर समुदायका व्यक्तिहरु पनि वातावरण संरक्षणमा जानकार हुन्छन् र स्थानीय

रुपमै वातावरण संरक्षण गरेका हुन्छन् । ती कुराहरुलाई वेवास्ता गरी बाह्य रुपबाट मात्रै प्रशिक्षित गर्नुपर्छ भन्ने एकात्मक धारणाबाट प्रेरित भएको देखिन्छ । जुन साँस्कृतिक रुपमा समावेश गर्न खोजेको देखिदैन । यसैगरी समूह छलफलबाट विद्यर्थीले दिइएको प्रतिक्रियापनि शिक्षकले दिइको प्रतिक्रिया सँग धेरै मेल खाएपनि उनीहरूले विषयबस्तुको बारेमा भने फरक ढगंले आफ्नो विचार व्यक्त गरेका छन् । उनीहरू भन्दछन, दिगो विकास पाठमा मगर सस्कृति अर्न्तगतका विषय वस्तुलाई कुनै पनि तरिकाबाट समेटेको देखिदैन तर वातावरण सम्बन्धि छलफलमा महिला सहभागिता देखाउने चित्रले मगर समुदायको लैङ्गिक समानतालाई मात्र देखाउन खोजेको पाइन्छ भनी प्रतिक्रिया दिए ।

सबैको प्रतिक्रिया अनुसार पाठ्य पुस्तकको यो शीर्षक अर्न्तगत राखिएको चित्रले समग्र लैङ्गिक समानताको साथै मगर सस्कृतिमा रहेको लैङ्गिक समानतालाई प्रदर्शन गरेतापनि विषयबस्तुले सांस्कृति रूपमा स्थान प्रदान गरेको देखिँदैन ।

**४.१.३. स्वास्थ्य**

**चित्र, विषय वस्तु र अभ्यास**



बच्चालाई सुई दिइरहेको

**चित्र नं. ३ स्वास्थ्य**

माथि प्रस्तुत चित्रको दृष्यलाई हेर्दा महिलाले बच्चा बोकी स्वास्थ्य चौकी सम्म लानु, डाक्टर पुरुष नै भएको देखाउनुले महिलालाई बच्चाको हेरचाह गर्ने प्रमुख दायित्व उनकै रहेको भन्ने कुरालाई बोध गराउदछ । जहाँ पुरुषहरू लाई गौण भूमीकाको रूपमा प्रस्तुत गरेको हो की भन्ने आशंका व्यक्त गराइएको छ । साथै डाक्टर जस्तो सम्मानीत पेशामा पुरुषनै हुनुपर्छ भन्ने कुरा देखाउन खोजिएको प्रष्ट हुन जान्छ जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।


यस सन्दर्भमा उक्त चित्र मगर सस्कृतिमा लैङ्गिक दृष्टिकोणबाट कत्तिको सान्दर्भिक छ भनी शिक्षकलाई असंरचित अन्तर्वार्ताको माध्यमबाट धारणा बुझ्ने प्रयास गरिएको थियो, जहा मगर समुदायमा लैङ्गिक

समानता देखियतापनि चित्रमा देखिने पुरुष डाक्टर र महिलाले बच्चा बोक्नुले समाजमा अझ पनि असमानता रहेको कुरालाई प्रष्ट पारेको छ भन्ने कुरा गरेका थिए ।यसै गरी विषय वस्तु र अभ्यासको बारेमा थप प्रश्नमा शिक्षकले साँस्कृतिक रूपमा विषय वस्तु र अभ्यास कुनै पनि जाति विशेषको बारेमा कहीपनि उल्लेख नगरिएको हुँदा यसलाई जातिय सांस्कृतिक रूपबाट हेर्न उपयुक्त नहुने बरु समग्र समुदायको प्रतिनिधित्व गर्ने गरी यस पाठकोविकास गरीनु पर्दछ । तसर्थ पनि यस पाठअनुसार गतका विषय वस्तु र अभ्यासले मगर संस्कृतिलाई समेट्न नसक्को हो भन्ने कुरा बताएका थिए ।

उपयुक्त प्रतिक्रियालाई समालोचनात्मक तरिकाबाट विश्लेण गर्दा चित्रमा देखाइएकको अवस्थालाई लैङ्गिक विभेद देखाएजस्तै मगर समुदायमा पनि अन्य समुदायमा जस्तो प्रकारको विभेद छ त्यस्तो बढि मात्रामा नभएतापनि पूर्णरूपले स्थानीय मगर समुदायमा पुरुष र महिलाको अवस्था समान छ भन्ने पूर्ण आधार प्राप्त गर्न सकिदैन । कुनै न कुनै रूपमा कम मात्रामा भएतापनि विभेद छ । जुन लुप्त अवस्थामा प्राप्त गर्न सकिन्छ । जसलाई चित्रको रूपमा मात्र हेर्नु उपयुक्त नभएतापनि विभेदलाई प्रस्ट देख्न सकिन्छ ।

**४ .१.४ हाम्रो रीतिरिवाज र परम्परा**

**चित्र, विषय वस्तु र अभ्यास**



१. हाम्रो रीतिरिवाज र परम्परा

हाम्रो रीतिरिवाज, परम्परा तथा सम्पूर्ण जीवनशैली सामाजिक भावनाबाट अभिप्रेरित छन् । त्यसैगरी मान्यतालाई धेरै मात्रामा समाजले डोऱ्याएको पाइन्छ । जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारहरू, पूजाआजाहरू, चाडपर्वहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धर्मबाट निर्देशित भएका हुन्छन् । यहाँ केही धर्म वा जातिका रीतिरिवाज तथा परम्परा नमुनाका रूपमा प्रस्तुत गरिएको छ ।

मध्य तथा सुदूर पश्चिमाञ्चलमा मस्टो परम्परा

यो परम्परा हाम्रो देशको कर्णाली, सेती महाकाली अञ्चलका गाउँघरतिर प्रचलित छ । मस्टो भनेको एक प्रकारको देवता हो तर मस्टोको कुनै खास मूर्ति भने हुँदैन । मस्टो देवता धामीमा रूपान्तरित हुन्छ । धामीमा मस्टो चढेपछि अवतारी दैवी शक्ति पुरुषको रूप धारणा गर्दछ र बक्न थाल्दछ । मस्टो उत्रेको धामीले विभिन्न दैवी चमत्कारहरू पनि देखाउने विश्वास छ । जस्तै : फलामको सिक्री चुँडाउने, तातो तेलमा हात डुबाउने आदि । आजभोलि बाहिरी प्रभावले यो परम्परा हराउँदै जान थालेको कुरा स्थानीय बासिन्दाहरूको भनाइ छ । खसहरूले देवालीमा मस्टोलाई मूल देवताका रूपमा मान्दछन् ।

मस्टो धामी

अवधी समाजमा व्रत तथा उपवासको परम्परा

नेपालको मध्यपश्चिमी तराई नवलपरासी, रु[illegible] कपिलवस्तु, बाँके आदि जिल्लामा छरिएर रहेको [illegible] समाजमा व्रत तथा उपवास बस्ने परम्परा छ [illegible] पुरुषहरूभन्दा महिलाहरू बढी व्रत बस्ने चलन[illegible] नागपञ्चमी, यमद्वितीया, दीपावली आदि यो स[illegible] मानिसहरूले व्रत बस्ने महत्त्वपूर्ण दिनहरू हुन् । व्र[illegible] क्रममा व्रत बसिएको दिनको देवतासँग सम्बन्धित [illegible] भन्ने तथा गीत गाउने पनि चलन छ । महिलाहरू [illegible] विशेष गरेर विभिन्न फल प्राप्तिका लागि लिने चल[illegible] जस्तै : अविवाहिताले राम्रो घर र राम्रो पति प्राप्तिका [illegible] तथा विवाहितले आफू र पतिको सौभाग्य र सुख, बालब[illegible] सुस्वास्थ्य तथा परिवार र समाजको सुख समृद्धिका [illegible] व्रत बस्ने गर्छन् ।

व्रतालु महिलाहरू

आठपहरिया राईको मार्गापूजा

पूर्वी पहाडी जिल्ला धनकुटा मूल बासस्थान [illegible] आठपहरिया राईहरूले मार्गालाई सबैभन्दा ठूलो देव[illegible]

२८

रूपमा मानी पूजा गर्ने चलन छ । चैत्र/वैशाख, भदौ/असोज र कात्तिक/मङ्सिर महिनामा उपयुक्त तिथि मिलाएर वर्षको तीन पटक मार्गाथानमा मार्गाको नियमित पूजा गर्छन् भने भाकल भएमा अन्य समयमा पनि मार्गा पूजा गर्ने चलन छ । मार्गा पूजा गर्दा सुँगुर, कुखुरा आदिको बलि दिने र नयाँ अन्नबाली चढाउने गरिन्छ । कात्तिक मङ्सिरमा मार्गा पूजा गरिसकेपछि ढोल र झ्याम्टा बजाएर नाच्ने पनि गरिन्छ ।

मार्गाथान

क्रियाकलाप

१. तपाईंको आफ्नो धर्म वा परम्पराअनुसार जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू लेख्नुहोस् ।
२. मस्टो परम्पराको सकरात्मक र नकरात्मक पक्ष कक्षामा छलफल गरी लेख्नुहोस् ।
३. अवधी समाजमा बढी महिलाहरूले मात्र व्रत तथा उपवास बस्ने परम्परा तपाईंलाई कस्तो लाग्यो ? यस परम्परामा समयानुसार सुधार गर्नुपर्ने भए केके गर्नुपर्ला ? सुझाव दिनुहोस् ।
४. हाम्रो देशमा मन्दिरहरूमा पशुबलि दिने परम्परा तपाईंलाई कस्तो लाग्छ ? उपयुक्त भए कारणसहित आफ्नो तर्क पेस गर्नुहोस् । उपयुक्त छैन भने सुधारका उपायहरू दिनुहोस् ।
५. आठपहरिया राईको रीतिरिवाजको छोटो परिचय दिनुहोस् ।
६. कक्षामा विभिन्न धार्मिक सुमदायका साथीहरू हुन सक्छन् । आफूले मान्ने धर्मभन्दा फरक धार्मिक समुदायबाट आएका एकजना साथीसँग सोधेर उक्त धार्मिक परम्पराअनुसार वर्षभरि गरिने मुख्यमुख्य क्रियाकलाप लेख्नुहोस् ।

सामुदायिक कार्य

१. तपाईंका समुदायमा कुनै जाति वा धर्मसँग सम्बन्धित कुनै अनौठो र नौलो लाग्ने परम्परा खोजी गर्नुहोस् । उक्त परम्पराअनुसार गरिने क्रियाकलाप लेख्नुहोस् र उक्त परम्पराले समाजमा पारेको प्रभावसमेत लेख्नुहोस् । उक्त परम्परामा समयानुकूल सुधार गर्नुपर्ने भए सुझाव दिनुहोस् ।
२. तल दिइएको मध्ये कुनै एक परम्पराको बारेमा खोजी गरेर लेख्नुहोस् :
   - काठमाडौंको कुमारी प्रथा
   - हिन्दुहरूको देवाली पूजा
   - थारु समुदायमा रहेको माघी पर्व
   - क्रिस्चियनहरूको इभ
   - नेवारको गुठी
   - इस्लाम धर्मावलम्बीहरूको जकात (दान) पर्व
   - मध्य हिमाली प्रदेशको झुमा प्रथा
   - किरातहरूको उँधौली र उँभौली पर्व
   - गुरुङ समुदायमा प्रचलित रोधी
   - सुदूरपश्चिमी क्षेत्रमा रहेको गौरा पर्व
   - पूर्वी तराइको धिमाल जातिहरूको सिरुवा पर्व
   - पूर्वी तराइको छठ पर्व

यस बाहेकका अन्य पनि खोजी गरी लेख्न सक्नुहुन्छ ।

**चित्र नं. ४ हाम्रो रीतिरिवाज र परम्परा**

माथी प्रस्तुत विषय वस्तु, अभ्यास तथा चित्रलाई मगर सास्कृतिक दृष्टिकोणबाट विश्लेषण गर्दा मध्य तथा सुदुर पश्चिममा को परम्परालाई समावेश गरिएको छ । यो सुदुर पश्चिममा खसहरूले देवाली पुजामा मस्टोलाई कूल देवताको रूपमा पुज्ने गर्दछन । विशेषगरी खसहरूको परम्पराको रूपमा खस समुदायको समावेसीतालाई आधार बनाई समावेश गरेको छ । यस्तैगरी अवधी समाजमा व्रत तथा उपवासको परम्परामा मध्य पश्चिममा तथा पश्चिमाञ्चलमका केही जिल्लाहरू बाँके, कपिलबस्तु, रूपन्देही र नवलपरासी जील्लामा छरीयर रहेका अवधी महिलाहरूको व्रत बस्ने परम्परालाई उल्लेख गरिएको छ । यस्तैगरी आठपहरीया राइको

मार्गा पूजा पूर्वि पहाडी जिल्ला धनकुटा मूल वासस्थान भएका आठपहरीया राइले मार्गालाई सबैभन्दा ठूलो देवताको रूपमा बर्षमा तिनपटक पुजा गर्ने र वली चढाउने कुरालाई उल्लेख गरिएको छ । यसरी हेर्दा जनसंख्याको आधारमा ठूलो संख्यामा रहेको मगर समुदायको परम्परागत कुराहरूलाई समावेश गरेको पाइदैन । सामाजिक रूपमा रहेका परम्पराहरू समावेश गर्ने आधारको रूपमा रहेको विषयबस्तुहरू वैशाके संक्रान्ति, साउने सक्रान्ति, माघे सक्रान्ति तथा श्रीपञ्चमी जस्ता पर्वहरूमा वराहा परम्परालाई विशेष रूपले मनाउने र पुजा आजा गर्ने गरिन्छ । त्यस पर्वलाई पाठ्य पुस्तकले क्षेत्रगत तथा जातिगत रूपमा पनि समावेश गर्न नसकेको पाइन्छ ।

यसै सन्र्दभमा मगर समुदायका व्यक्तिहरू तथा शिक्षक र विद्यार्थीहरूले आ–आफ्नै प्रकारका धारणा राखेका थिए । जसमा मगर समुदाका विषयबस्तुलाई उल्लेख नगरिनु तथा क्रियाकलापमा पनि समावेश नगरिनुले समानुपातिक समावेशीको आधार प्रस्तुत गर्न नसककेको प्रतिक्रिया दिएका छन् । यसैगरी शिक्षकले प्रस्तुत विषयबस्तुले मगर सस्ंकृतिलाई आत्मसाथ गरेको देखिदैन । बरु ठूलो जनसंख्यामा रहेको मगर समुदायलाई तिरस्कृत गरेको देखिन्छ । यस पाठमा समावेश गरिएको क्रियाकलापमा भने तपाइको आफ्नो धर्म वा परम्परा अनुसार जन्म देखि मृत्यु सम्म गरिने सस्कारहरू लेख्नुहोस भनी स्थानीय सस्ंकृतिलाई केही महत्व दिन खोजेको देखिन्छ । साथै सामुदायिक कार्यअन्तरगतको क्रियाकलापमा विभिन्न जातजाती विशेषलाई समावेश गर्न खोजीयता पनि मगर समुदायको बारेमा समावेश नगर्दा उपयुक्त देखिदैन भनी प्रतिक्रिया दिए । यस्तै गरी समूह छलफलमा विद्यार्थीहरूले दिएको प्रतिक्रिया यस्तो रहेको छ, यस पाठमा विभिन्न क्षेत्र तथा जातीका प्रचलनलाई समेटेको छ । जस्तै मध्य तथा सुदुरपश्चिमको मस्टो परम्परा, आठपहरिया राईको मार्गा पूजा, विभिन्न चित्रहरू दिएतापनि मगर समुदायले मान्ने पर्व श्रीपञ्चमीको बारेमा कही समावेश नगर्दा मगर सस्ंकृतिलाई उपेक्षा गरेको देखिन्छ भनि प्रतिक्रिया दिएका थिए । भने यसपाठमा संवादलाई समावेस गरिएको छैन ।

यसरी माथिका विभिन्न व्याक्तिका प्रतिक्रिया र स्व अध्ययनबाट हेर्दा उक्त चित्र, विषयबस्तु र अभ्यास स्थानीय मगर सास्ंकृतिक रूपबाट हेर्दा समावेशी छैनन् । जसले गर्दा सास्ंकृतिक रूपमा समावेश नभएकोले विद्यार्थीमा नकारात्मक भावनाको विकास हुन सक्छ, जुन मगर सास्ंकृतिक दृष्टिकोणले असान्दर्भिक छ ।

### ४.१.५ नेपाली मूर्तिकला

चित्र, विषयबस्तु र क्रियाकलाप




**चित्र नं. ५ नेपाली मूर्तिकला**

पाठ्य पुस्तकको पेज नं. ३२ मा भगवान् विरूपाक्ष र बुढानिलकण्ठको चित्र देखाइएको छ भने पेज नं. ३३ मा देवी दुर्गाको चित्र देखाइएको छ । यसका साथै मल्लकालिन समयमा बनाइएका गणेश, शिव, सूर्य, लक्ष्मी, सरस्वती र बुद्धका मूर्तीहरू काठमाण्डौ उपत्यका र त्यसका वरपर छरिएर रहेको पाइन्छ भनी नाम मात्र उल्लेख गरेकोले काठमाण्डौ उपत्यका भन्दा बाहिर रहेका अन्य समुदायलाई समावेश गर्न नसकेको देखिन्छ । तर नाम उल्लेख गर्नुलाई पनि केही मात्रामा स्थान दिन खोजेकोसमेत देखिन्छ । जसले गर्दा समानुपातिक समावेशीको बाटो तर्फ उन्मुख हुन खोजेको देखिन्छ ।

उक्त प्रसँगको सन्दर्भमा नमुना छनोटमा परेका शिक्षक र विद्यार्थीहरूसँग धारणाको अपेक्षा गरी राखिएको प्रश्नमा शिक्षकले दिएको प्रतिक्रियामा नेपाली मगर समुदाय प्राय हिन्दु धर्मालम्वी हुनुको साथै प्रकृति पुजा गर्दछन् । यसका साथै मगर समुदायले आरध्य देवताको रूपमा शिवलाई मान्ने हुदा बुढानिलकण्ठ शिवको अर्को रूप भएकाले हिन्दु धर्म मान्ने वा आराध्य देवताको रूपमा शिवलाई मान्ने हुँदा बुढानिलकण्ठको मूर्ती समावेश गर्नूलाई उपयूक्त मान्न सकिन्छ, भनी आफ्नो प्रतिक्रिया व्यक्त गरे । विद्यार्थीको समूह छलफलबाट प्राप्त निष्कर्ष भने फरक पाइयो, जसमा उनीहरू मगर समुदायले मान्ने धर्म हिन्दु भएतापनि शैव धर्म मान्ने गर्दछन् । त्यसैले शिवको मूर्तीको बारेमा समावेश नगर्दा मगर समुदायको सस्कृतिको समावेशी छैनन् भनी प्रतिक्रिया दिए ।

उपयुक्त चित्र विषयबस्तु र क्रियाकलापमा माथि उल्लेख गरिएका प्रतिक्रियाका साथसाथै स्व अध्ययनबाट पनि हेर्दा विषयबस्तुले विभिन्न मूर्तीको बारेमा समावेश गरेको छ । विशेष गरेर काठमाण्डौ उपत्यका सँग सम्बन्धित गरेर विषयबस्तुलाई समावेश गर्नुलाई केद्रिकृत पाठ्यक्रमद्धारा निर्देशित गरेर निर्माण गरेको देखिन्छ । जहाँ उपत्यका भन्दा बाहिरको भौगोलिक क्षेत्रलाई यो विषयबस्तुले समावेश नगरेको पाइन्छ । जसले अन्य धार्मिक र सास्कृतिक समुदायको सास्कृतिक अवस्थालाई समावेश गर्ने आधारनै देखाउदैनन् ।

**४.१.६ हाम्रा विभूतीहरूवाट राष्ट्रका लागि भएका योगदानहरू**

विषयबस्तु र अभ्यास

पृष्ठ नं. ३८ मा प्रस्तुत गरिएको पाठमा राष्ट्रका विभूतिको बारेमा विषय वस्तुमा समावेश गरिएको छ तर चित्र र संवादलाई भने समावेश गरिएको छैन । तसर्थ विषय वस्तु र अभ्यासलाई मात्र विश्लेषण गरिएको छ । यस पाठमा अमरसीह थापा, भिमसेन थापा आदी लगाएत अन्य व्यक्तिको चारित्रिक कार्यव्यवहारको प्रस्तुती गरिएको छ । जसलाई Merit theory सँग सम्बन्धित छ भन्न सकिन्छ । Merit theory का अनुसार क्षमतावान व्यक्तिलाई पुरस्कृत गर्नेपर्छ अर्थात जसले योगदान गर्दछ उसले नै सम्मान पाउँदछ (भट्ट, २०६५) । यसर्थ उल्लेखित सिद्धान्तमा आधारित भएर भन्नु पर्दा समाजमा हरेक जात जातीको भूमिका समान छ । उच्च पदस्त जातीहरू सँग सगै अन्यजातिका व्यक्तिहरू पनि क्षमतावान हुन सक्छन् । यसै सन्दर्भमा यस पाठमा दिइएको विषय वस्तु र अभ्यासको बारेमा स्थानीय मगर व्यक्तिहरू, शिक्षक र समूह छलफलमा विद्यार्थीले दिएको प्रतिक्रिया समान खालको प्राप्त भएको थियो । जसमा उनीहरूले उल्लेखित पाठमा राष्ट्रिय

तथा अन्तराष्ट्रिय व्यक्तिहरूमा क्षमतावान व्यक्तिहरूको रूपमा जनक गौतमबुद्ध, अंशुवर्मा, रामशाह, पृथ्वीनारायण शाह, अरनीको, अम्मरसिहं थापा, भिमसेन थापा, बलभद्र कुँवर, मोतीराम भट्ट आदीले क्षमता मूतावकि न्याय पाएका छन् । यस अर्थमा उनीहरूको कार्यव्यवहार चरित्र चित्रण समान छ, समान रूपमा भूमिका प्रस्ट पारिएको छ भन्न सकिन्छ ।

यहाँ मगर समुदायका व्यक्तिहरू र अन्य समुदायका व्यक्तिहरूको भूमिका पाठ्य पुस्तकद्धारा चित्रण हुनु बराबरी भूमिकाको रूपमा लिन सकिन्छ । उक्त सन्दर्भमा यस पाठमा समावेश गरिएका विभिन्न राष्ट्रिय विभूतिहरूको परिचय र कार्यव्यवहारको जानकारी गराइएको छ । जसमा मगर समुदाय अर्न्तगतका व्यक्तिहरूको पनि परिचय र कार्यलाई पनि समावेश गरिनुले समावेशीतालाई देखाउदछ तर सम्पूर्ण रूपमा बहादुरीता र इमान्दारीताको गाथा नसमेट्दा पूर्ण रूपमा न्याय प्रदान गर्न सकेको छैन भन्ने धारणा आएको थियो । यस्तैगरी क्रियाकलापमा तपाइ राष्ट्रिय विभूतिमा कसैको नाम थप्न चाहनुहुन्छ भने कारण दिनुहोस भनि राखिएको प्रश्नले अन्य जातजाती जस्तै मगर समुदायका व्यक्ति मध्यका विभूतिहरूको नामलाई समावेश गर्न सकिने अस्थालाई उल्लेख गरिनुले क्रियाकलाप केही उपयुक्त छ भन्न सकिन्छ । यसैगरी विद्यार्थीहरूबाट सबैलाई समान रूपमा समावेश गरिएकोले समान छ भन्ने धारणा आएको थियो ।

यसरी माथी उल्लेखित धारणाहरू अनुसार सास्कृतिक र जातिय विभेद नभएको पाइएको थियो । तथापी अरूपनि धेरै व्यक्तिहरू छन जसले परापूर्व काल देखिनै धेरै योगदान दिदै आएका छन् ।जस्तै भक्ति थापा, रणविर सिंह थापा, उजिर सिंह थापा, लखन थापा आदी । उनीहरूलाई ओफेलमा पारिनु, विभूतिको रूपमा प्रस्तुत नगरिनु आदिले भने पाठमा मगर समुदाय र सस्कृतिलाई ओफेलमा पार्न खोजिएता पनि समानुपातिक दृष्टिकोणबाट भने उपयुक्त देखिन्छ ।

**४.१.७ नागरिक समाजको भूमिका**

**चित्र, संवाद र अभ्यास**



नागरिक समाजको भूमिका

अध्ययनकर्ताले दस्तावेजको अध्ययन गर्दा पृ. ६६ मा दिएको नागरिक समाजको भूमिका पाठमा प्रस्तुत चित्र र दिइएको संवादमा महिला (रजनी) र पुरुष (महानदास) बीच वार्तालाप भएको देखाइएको छ। जुन पात्रको हिसावले लैङ्गिक र सास्कृतिक रूपमा हेर्दा (रजनी मगर समुदायमा बढि प्रचलित नाम) सान्दर्भिक भएको ठहर अध्ययन कर्ताको छ। यति हुदा हुदै पनि यहाँ प्रस्तुत विषयबस्तुको प्रकृतिलाई हेर्दा पुरुष पात्र नागरिक समाजको भूमिको बारेमा जानकार भएको तर महिला केहि नजान्ने रूपमा प्रस्तुत गर्नुलाई महिलालाई केहि नजान्ने भनि हेरेको देखिन्छ भने जातिगत र सस्कृतिक रूपमा हेर्ने हो भने सोजोपन र इमान्दार हुने हुदा केहि नजान्ने भनी उल्लेख गर्न खोजेको प्रस्ट हुन्छ। जस्तै :

रजनी : मान्दास जी नागरिक समाज भनेको के हो ?

माहान्दास : कुनै उद्देश्य प्राप्तिका लागि नागरिक हरू मिलेर बनेको सँगठन नै नागरिक समाज हो।

रजनी : यसले के–के काम गर्दछ ?

माहान्दास : यसले नागरिक हक र अधिकारको रक्षाका लागि आवाज उठाउदछ। नागरिकले पाउनुपर्ने हकको प्राप्तीको लागि जनचेतनाफैलाउने..........................

.................................... आदि वार्तालाप प्रस्तुत गरिएको छ,

तर महिला अथवा मगर समुदायका व्यक्तिहरू पनि समाज र राष्ट्रका बारेमा सचेत सजग हुन्छन तर यस कुरालाई ओझेलमा पारिएको छ। जहाँ चित्र र अभ्यासमा पनि सान्दर्भिकता देखिँदैन। जसले सामाजिक सास्कृतिक भावनामा चोट पर्न सक्छ। यसर्थ सास्कृतिक दृष्टिकोणले यो वार्तालाप एक पक्षिय रहेको अध्ययन कर्ताको ठहर छ।

**४.१.८ विविधतामा एकता**

विषयबस्तु र क्रियाकलाप



हिमाल, पहाड र तराई प्रदेशका वेशभूषासहितका मानिसहरू

सामाजिक अध्ययन पाठ्य पुस्तकको पृष्ठ ६८ विविधतामा एकता पाठमा विषयबस्तुको रूपमा प्रस्तुत राष्ट्रिय गानलाई अध्ययन गरी विश्लेषण गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा ३ अनुरूप जातिय

सास्कृतिक रूपमा विभेदरहित पाइएको छ । उक्त विषयबस्तुमा “बहुल जाति, भाषा, धर्म, सस्कृति छन् विशाल” भनेर उल्लेख गरिनु सास्कृतिक दृष्टिकोणले सान्दर्भिक छ । यसलाई विश्लेषण गर्दा नेपालको इतिहास पल्टाएर हेर्न सकिन्छ । एकिकरणको अभियानमा सबै जातजातीका मानिसहरू राष्ट्र एकिकरण अभियानमा लागेको पाइन्छ ।भने विभिन्न कालखण्डमा भएका जनआन्दोलबाट सास्कृतिक विभिदरहित ढंगबाट राष्ट्रलाई अगाडि बढाउन सबै जातिय, सास्कृतिक समूहले आन्दोलनमा गरेको योगदानलाई विर्सन सकिदैन । यस अथस्मा पनि विषयबस्तु उपयुक्त नै देखिन्छ । यसका साथै दिइएको चित्रमा समेत सबैजात जातीको समानुपातिक सहभागिता देखाइएको छ । भने क्रियाकलाप अन्तरगत सामूदायिक कार्यमा समावेश विषयबस्तुले स्थानीय जात, धर्म र भाषा बोल्ने मानिसहरूको बारेमा, उनीहरूले मनाउने पर्नहरूको बारेमा प्रतिवेदन तयार गर्नूहोस भनी उल्लेख गर्नुले पनि क्रियाकलाप उपयुक्त देखिन्छ ।

### ४.१.९ हाम्रो विगत

#### चित्र र विषय वस्तु

पृष्ठ नं. १०५ मा समावेश गरएको विषयबस्तुले समग्र नेपाल र नेपालीको विगतलाई प्रस्तुत गरेको छ । यस पाठलाई विभिन्न अशंहरूमा विभाजन गरी अध्ययन अध्यापनलाई सजिलो गराउने प्रयत्न गरिएको देखिन्छ । यसभित्रका पाठका अशंहरूमा नेपाल एकिकरणका प्रयासहरू, नेपाल अंग्रेज युद्धका कारणहरू, नेपाल अंग्रेज युद्धमा नेपाली विर विरांगनाहरूको भूमिका जस्ता विषयबस्तुहरू प्रमुख र अति महत्वपूर्ण विषयबस्तुहरू हुन । जसको बारेमा शिक्षकसँग एकमुष्ट रूपमा हाम्रो विगत पाठमा मगर सस्कृतिलाई कसरी उठाइएको छ ? सास्कृतिक रूपमा चर्चा गरिनु नगरिनुलाई तपाई कसरी लिनु हुन्छ ? भनी सोधिएको प्रश्नमा शिक्षकले हाम्रो विगत पाठका विभिन्न अशंहरू जस्तै एकीकरण अभियानको सफलताको सुरुवातमा कान्तिपुर सेनानायक जयन्त रानाको इमान्दारीताको उल्लेख गरीनुले मगर समुदायको इमान्दारीताको उल्लेख गरेको पाइन्छ । यसका साथै नेपाल अंग्रेज युद्धका कारणहरू र परिणामहरू भन्ने शीर्षक अर्न्तगत भिमसेन थापाको बहादुरी र देशभक्ति, नेपाली विर विरागंनाहरूको योगदान शीर्षकहरू अर्न्तगत अम्मरसिह थापा, सरदार भक्ति थापा, रणविर थापा र उजिर सिंह थापा जस्ता विर पुरुषहरूको चर्चा गरी उनीहरूको बहादुरीता र इमान्दारीताको उल्लेख गरी उनीहरूको तस्वीर विषयबस्तुमा समावेश गरिनुले सास्कृतिक रूपमा जोडिएको शैन्य पेशाप्रति सम्मान गरी वर्णन गरिएको छ । यसका साथै अभ्यासमा समेत विरविरंगना बारेमा प्रश्नहरू समावेश गरिएको र उनीहरूको बहादुरीताको उल्लेख गर्नु पर्ने गरी प्रश्नहरू समावेश गरिएको हुँदा उपयुक्त छ भनि स्थानीय मगर संस्कृतिका व्यक्तिहरू र समूह छलफलमा विद्यार्थीहरूले आआफ्नो प्रतिक्रिया दिएका थिए । भने शिक्षकले मगर संस्कृतिलाई यस पाठले उच्च मुल्य दिएको प्रतिक्रिया दिएका थिए ।

यसरी माथी उल्लेखित प्रतिक्रियाको साथसाथै अध्ययनकर्ताको दस्तावेज अध्ययनबाट हेर्दा पनि समावेश गरिएका विषयबस्तुहरू पर्याप्त छन् । यी विषयबस्तुले सास्कृतिक रूपमा सम्मान गरेको देखिन्छ । साथै उक्त

मगर सस्कृति प्रति श्रदा व्यक्त गरेको देखिन्छ । जुन विषबस्तु पाठ्य पुस्तकमा समावेश भएका विषयबस्तुको अवस्थालाई हेर्दा एक उदाहरणीय रूपमा समावेश गरेको र मगर सस्कृति र समुदायको उच्च मूल्याङ्कन गर्दै समावेश गरेको देखिन्छ । यसर्थ सास्र्कृतिक रूपमा उपयुक्त छ ।

### ४.१.१० आर्थिक क्रियाकलाप

पृष्ठ १२९ मा समावेश गरिएको विषयबस्तु आर्थिक क्रियाकलाप अर्न्तगतका विभिन्न उपशीर्षकहरू समग्र आर्थिक क्रियाकलाप सँग सम्बन्धित छ । जसअर्न्तगत कृषि पाठलाई समेत समावेश गरिएको छ । यसरी समावेश गरिएका विषयबस्तु तथा कृषि पाठमा समावेश चित्र र अभ्यासलाई तपाई कसरी लिनुहुन्छ ? भनी मगर समुदायका व्यक्तिहरूसँग सोधिएको प्रश्नमा सास्कृतिक पेशाको रूपमा रहेको कृषि विषयबस्तुमा समावेश गरिएको छ जसलाई उपयुक्त मान्नुपर्छ भनी समान खालको पतिक्रिया दिए । यस्तै गरी शिक्षकले आर्थिक क्रियाकलाप भन्ने पाठमा समावेश कृषि शीर्षकले समग्र नेपालको कृषि अवस्थालाई उल्लेख गरेको छ । पहाडी क्षेत्रमा बसोवास गर्ने मगर समुदायको प्रमुख पेशा पशुपालन र त्यसले आर्थिक क्रियाकलापमा पार्ने प्रभावको बारेमा उल्लेख नगर्नुलाई विषयबस्तुको अपूर्णता हो । जसलाई समावेश गरिनुपर्दछ भनी प्रतिक्रिया दिए ।

उपयुक्त प्रतिक्रियाका साथसाथै दस्तावेज अध्ययनबाट समेत विषयबस्तुलाई विश्लेषण गर्दा कृषि पाठले समग्र कृषि प्रणालीको उल्लेख गरे तापनि कृषिमा आश्रित मगर समुदायको पनि विषयबस्तुले समान प्रतिनिधित्व गरेको देखिन्छ । शिक्षकले भनेजस्तै पशुपालन पनि आर्थिक क्रियाकलापको महत्वपूर्ण र पम्परागत रूपमा चल्दै आएको पेशा भएकोले थप गर्न सकिन्छ । तरपनि यस पाठमा समावेश विषयबस्तुले सास्कृतिक रूपमा सम्मान गरेको पाइन्छ जुन उपयुक्त छ ।

## ४.२ कक्षमा शिक्षकले पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिको समावेशको अवस्था

मगर संस्कृतिलाई कक्षाकोठामा शिक्षकले पाठ्य पुस्तक प्रयोग गर्दा कसरी प्रयोग गर्ने गरेका छन भन्ने कुारको अध्ययन गर्नु भन्दा अगावै मगर संस्कृतिको बारेमा अध्ययन गर्नु आवश्यक हुने तथा संस्कृतिको बारेमा समेत थप अध्ययन गर्दा संकृतिका विविध पक्षमा जानकारी प्राप्त हुने र सोही आधारमा प्रयोगको अस्थालाई विश्लेषण गर्न सकिने हुँदा स्थानीय मगर संस्कृतिको समेत अध्ययन गरी समावेश गरी गरिएको छ ।

### ४.२.१ स्थानीय मगर संस्कृति

स्थानीय मगर समुदायका व्यक्तिहरू संस्कृति बोकेका र संस्कृति बुझेका सँग संस्कृति अन्तगरगत गरिएका विभिन्न प्रश्नहरूको आधारमा प्राप्त भएका सुचना र अध्ययनकर्ताले सूचना सङ्कलनको क्रममा गरेका अनुभवलाई समेत समावेश गरी प्राप्त सुचनाहरूलाई विश्लेषण गरिएको छ । जसलाई समग्रतामा प्रस्तुत गर्न उपयुक्त ठानी समग्रतामा प्रस्तुत गरिएको छ ।

लिम्घा गाउँमा बसोबास गर्दै आएको मगर संस्कृतिलाई जरै देखि अध्ययन गर्ने हो भने यस गाउँमा मगर समुदायका व्यक्तिहरू कहिलेदेखि बसोबास गरेका हुन त्यही समयदेखिको इतिहास खोतल्नु पर्ने हुन्छ जुन सम्भव हुन सक्दैन । यसर्थ मगर समुदायमा रहेका र नमूना छनोटमा परेका बृद्धहरू तथा युवा विद्यार्थीसँग पनि बाह्य रूपमा अनौपचारिक छलफल समेत गरी त्यसबाट प्राप्त सूचनाहरूलाई समेत समेट्ने प्रयास गरिएको छ । जसमा स्थानीय मगर समुदायलाई सांस्कृतिक दृष्टिकोणबाट हेर्दा मतवाली समुदाय अन्तर्गतको आदिवासी जनजातिमा पर्दछ । जसले प्रकृति पूजा गर्दछ । हुन त हिन्दू धर्ममा आस्थावान रहेता पनी शैव धर्मलाई यो समुदायले प्राथमिकताका साथ मनाउने गर्दछ तर यसरी धार्मिक दृष्टिकोणबाट हेर्दा विरोधाभास पूर्ण अवस्था देखिन्छ, जस्तो शिव धर्म मान्ने समुदायले बैशाखे संक्रान्ती, साउने संक्रान्ति, माघे संक्रान्ति र श्रीपञ्चमीमा सरस्वतीको पूजागर्ने चलन देखिन्छ जसलाई उनहिरू मुख्य पर्वको रूपमा मनाउँदछन् । खास गरी यस संस्कृति अन्तर्गत मादक पदार्थ सेवन, पशुवली दिनु, मासु खानु पुरुषहरू गादो लगाउने, पटुका बाँध्ने, महिलाहरू लुङ्गी, चोलो, पटुकी र घलेक लगाउनु संस्कृति अन्तर्गतका मुख्य कुराहरू हुन् । खाद्य परिकारहरूमा सामान्य परिकारका साथै सेलरोटी, बटुक (दाल र चामलको पिठोबाट निर्मित रोटी), विरम्ला यो जातीको मुख्य परिकार हो । भाषामा मगर भाषाभित्रको बाह्रौ मगराती (ढुट) भाषा बोल्दछन् । भाषा अनुसारको नृत्य र सङ्गीत, जातिय परम्परायुक्त सँगीत हुनु, कुटुम्ब परम्परा, सामुहिक बसाईको व्यवस्था, कौरा, सोरठी, झ्याउरे जस्ता मुख्य नृत्य, लैङ्गीक विभेद रहित अवस्था समग्रमा यो जातिको मुख्य सांस्कृतिक पहिचान रहेको पाइन्छ । यसका साथै हिन्दु परम्परा अन्तर्गत जन्म, मृत्यु, विवाह, पास्नी, न्वारन आदीमा समानता देखिन्छ । व्यवसायको रूपमा पशुपालन, कृषि, सेनामा भर्तिहुनुका साथै वर्तमानमा वैदेसिक रोजगारी तर्फ उन्मुख भएको पाइन्छ । आफ्ना मुख्य पर्वको साथसाथै हिन्दूहरूले मनाउने दशै, तिहार पनी मनाउने गर्दछन् । दशै ५ दिन मनाउनु, रातो टिका सबैले नलगाउनु (कतै लगाउने कतै नलगाउने) । पर्वहरूमा सोरठी नृत्य र झ्याउरे र कौरा नाच नाच्नु, श्रीपञ्चमीमा तारा हान्ने कलाको प्रस्तुती गर्नुलाई फरक संस्कृतिको पहिचान दिएको पाइन्छ । यि विशेषताहरू सांस्कृतिक विशेषताहरू हुन जुन जातीय रूपमा पनि फरक पहिचान प्रदान गरेको पाइन्छ ।

### ४.२.२ कक्षमा शिक्षकले पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिको समावेशको अवस्था

अनुसन्धानकर्ताले तिन हप्तामा संचालन हुने १५ कक्षा शिक्षणहरू मध्यबाट ४ कक्ष अवलोकन गर्ने क्रममा पहिलो कक्षा अवलोकन पछि ३ तिनको अन्तरमा दोस्रो, ४ दिनको अन्तरमा तेस्रो, ५ दिनको अन्तरमा चौथो कक्षको अवलोकन गरी शिक्षकले कक्षामा पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिलाई कसरी समावेश गरेका छन् भन्नेबारेमा सूचना सङ्कलन गर्दा निम्न लिखित अवस्था पाइएको थियो ।

पहीलो कक्ष अवालोकन, एकाइ ३ को हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू अन्तरगतको हाम्रो रीतिरिवाज रपरम्परा भन्ने पाठको कक्ष अवलोकन गरिएको थियो जसमा विषय शिक्षक भूपलाल ज्ञवालीले

पाठ्य पुस्तकमा प्रस्तुत गरिएका विषय वस्तुहरूलाई पाठ्य पुस्तककै आधारमा प्रष्ट्याउने प्रयत्न गर्नु भएको थियो । विषय वस्तुको प्रस्तुतिमा हाम्रा मूल्य र मान्यताहरूलाई समाजले डोऱ्याउने गर्दछ साथै एक पुस्ताबाट अर्को पुस्तमा हस्तान्तरण गर्ने गर्दछ भनि मुख्य रूपमा जानकारी गराएका थिए यसका साथै सूदूर पश्चिमको मस्टो परम्परा पाठ पढाउँदै गर्दा स्थानीयरूपमा मनाइने श्री पञ्चमी र माघेसंक्रान्तिको बारेमा समेत प्रस्तुततिकरण गरी परम्परागत रूपमा मनाइने मगर संस्कृतिलाई गहन रूपमा समावेश गरेको पाइयो ।

दोस्रो कक्षा अवलोकन, एकाइ ३ अन्तरगतको नेपाली चित्रकला पाठको कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षामा शिक्षकले चित्रकलाले हाम्रा परम्परा र रितिरिवाजलाई प्रतिविम्बित गर्दछ भन्ने कुराको प्रस्तुति गरेका थिए जसको उदाहरणको रूपमा स्वर्गीय क्याप्टेन कुल ब. रानाको मूतिको उदाहरण प्रस्तुत गर्दै मगर संस्कृतिको सैन्य पेशाको बारेमा उल्लेख गरेका थिए । यस्तै गरी स्थानीय कोतमा राखिएको भगवतीको मुर्तिकोसमेत उदाहरण दिई प्रष्ट्याएका थिए । यसरी उक्त पाठ अन्तरगतको कक्षा शिक्षणमा समेत उपयुक्तमात्रामा मगर संस्कृतिको समावेश गरेको पाइएको थियो ।

तेस्रो कक्षा अवलोकन, एकाई ३ अन्तरगतको हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू भन्ने पाठको कक्षा अवलोकन गरिएको थियो । यस पाठमा जनक, सीता, गौतम बुद्ध, पृथ्वीनारायण शाह, अमरसिंह थापा ... पासाङ्ग ल्हमु शेर्पा सम्मका विभूतिको बारेमा उल्लेख गरिएको छ । यस पाठको बारेमा प्रस्तुती गर्दा लखन थापाको समेत उदाहरण प्रस्तुत गरी विषय वस्तुलाई प्रष्ट्याइएको थियो ।

चौथो कक्षा अवलोकन, एकाई ४ को सामाजिक सुधारमा स्थानीय संघ संस्थाको भूमिका भन्ने पाठको कक्षा अवलोकन गरिएको थियो । जसमा गाउँ विकास समिति, नगरपालिका वडा समिति स्थानीय सामाजिक सुधारका लागि गठन गरिएका हुन् । तिनीहरूमार्फत साकाजिक सुधार कार्यक्रमहरू संचालन गरिन्छ भनि बताएका थिए । तर स्थानीय क्लव, आमासमूह, युवा समूहको बारेमा भने त्यति जोड दिएको पाइएन । यस्तै गरी जातीय समूहहरू समेत आफ्नो समाज सुधारमा सक्रिय रहन सक्ने कुरालाई उल्लेख गरिएन । यस पाठमा शिक्षकले पाठ्य पुस्तक भन्दा बाहिरका उदाहरण दिएको पाइएन ।

यसका साथै कक्षा नौ का मगर विद्यार्थी सँग समूह छलफलमा समेत विद्यार्थीले सांस्कृतिक मूल्य मान्यता सँग सम्बन्धित पाठमा उदाहरण रूपमा प्रस्तुति गर्ने र अन्य विषय वस्तु दिगो विकास, सामाजिक समस्या र समाधान जस्ता पाठमा समावेश नगरेको बताएका थिए भने कृषि पाठमा स्थानीय कृषि प्रणालीको बारेमा सामान्य रूपमा उदाहरण प्रस्तुत गर्ने गरेको बताएका थिए ।

यसरी शिक्षकले कक्षाकोठामा पाठ्य पुस्तकको प्रयोग गर्दा मगर संस्कृतिको बारेमा कसरी समावेश गर्ने गरेका छन् भन्ने बारेमा अध्ययन गर्दा र माथि प्राप्त सूचना तथा तथ्याङलाई हेर्दा । रीतिरिवाज, परम्परा र विभूतिहरूको पाठमा उपयुक्त मात्रामा प्रयोग गर्ने गरेको देखिन्छ जुन कक्षा आवलोकनबाट समेत प्राप्त भएको थियो । यस्तौगरी अन्य सान्दर्भिक पाठहरूमा समेत सामान्य रूपमा प्रयोग गर्ने गरेको विद्यार्थीको प्रतिक्रियाबाट प्राप्त भएको थियो जुन समानुपातिक रूपमा हेर्दा उपयुक्त देखिन्छ ।

### ४.३ पाठ्य पुस्तक तथा शिक्षण सिकाई कार्यमा समावेश गर्ने उपायहरू

स्थानीय रूपमा रहेका संस्कृति तथा संस्कृति अन्तर्गतका विषय वस्तु पाठ्य पुस्तक तथा शिक्षण सिकाई क्रियाकलापमा समावेश गर्नु स्थानीय विद्यार्थीहरूको आवश्यकता, चाहना अनुरूप विकास र विस्तार गरी लागु गर्नु वर्तमान अवस्थामा उपयुक्त देखिन्छ । सामाजिक अध्ययन जस्तो एकिकृत विषय वस्तुमा कसरी समावेश गर्न सकिन्छ । यसका साथसाथै पाठ्य पुस्तक तथा शिक्षण सिकाई क्रियाकलापमा स्थानीय मगर संस्कृतिलाई कसरी समावेश गर्ने र त्यसमा समावेस गर्ने उपायहरू के के हुन सक्दछन् भनी छनोटमा परेको विद्यालयका विषय शिक्षक, मगर समुदायका संस्कृति बुझेका व्यक्तीहरूसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त सूचनहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

यसरी गरिएको अन्तवार्तामा मगर समुदाया व्यक्तिहरूका फरक फरक प्रतिक्रियाहरू आएकाछन ।जसमा दानबहादुर राना भन्नुहुन्छ “सामाजिक अध्ययन विषयलाई बढी व्यवहारीक र जीवनोपयोगि बनाउन विद्यार्थीका दैनिक क्रियाकलापसँग जोड्ने । स्थानीय कला, संस्कृति रहनसहन, पेशा, व्यवसाय, प्राकृतिक स्रोतसाधन आदिको बारेमा पाठ्य पुस्तक निर्माण गर्न अगावै केही मात्रामा स्थानीय विषयवसतु समावेश गर्न पाउनेगरी त्यस्ता विषय वस्तु सम्बन्धित विद्यालय, श्रोत केन्द्र अथवा जि.शि का को मातहतमा रही समावेस गर्न पाउने व्यवस्था भएमा ति विषयवसतुलाई समावेश गर्न सकिन्छ । यसका सथौ शिक्षण सिकाई कार्यमा शिक्षकले उदाहरणको रूपमा प्रयोग गर्न सक्ने विषय वस्तुलाई उदाहरणको रूपमा एवम् क्षेत्रभ्रमण गराई प्रतिवेदन तयार पार्न लगाइ स्थानीय विषय वस्तुलाई शिक्षण सिकाइ क्रियाकलापमा समावेश गर्न सकिन्छ भनि प्रतिक्रिया दिए । यसै गरी अर्का व्यक्ति (महिला) तुलसी सिंजालीले भनिन “विद्यार्थी तथा अभिभावकहरूको चाहना र पाठ्यसामग्रीको उपलब्धता आदीलाई मध्यनजर गर्दै विद्यालयले विषय वस्तु छनोटगरी शिक्षण गर्न पाउने व्यवस्था गरिएमा स्थानीय कला, संस्कृति, आर्थिक क्रियाकलाप, संस्कार जन्य विषय वस्तु, प्राकृतिक साधनको संरक्षण र प्रयोग जस्ता विषय वस्तु विद्यालयले जि. शि.का. को सिफारिसमा थप गर्न पाउने व्यवस्था भएमा स्थानीय महत्वपूर्ण विषयलाई सामाजिक अधययनमा समावेश गर्न सकिन्छ । यसरी विषय वस्तु समावेश गर्दा आवश्यक शैक्षिक सामग्री निर्माणका लागि सरकारको तर्फबाट प्राविधिक तथा आर्थिक सहयोग गर्न सकेमा स्थानीय विषय वस्तुलाई प्रभावकारी रूपमा पाठ्य पुस्तक तथा शिक्षण सिकाई कार्यमा समावेश गर्न र लागू गर्न सकिन्छ । भनि आफ्नो प्रतिक्रिया दिइन । यस्तै गरी अर्का व्यक्ति सुन्दर तरामु मगरले यस बारे यसरी प्रतिक्रिया दिए “मौखिक रूपमा वा पाठ्यक्रम संरचनामा मात्र स्थानीय विषय वस्तुको ठाउँ दिएर मात्र सम्भव हुँदैन तवसम्म स्थानीय समुदायमा चेतना र केन्द्रस्तरको स्थानीय विषय वस्तुलाई समावेश गर्न सक्ने इच्छा, तत्परता, चाहना र आवश्यकता महसुस हुन्छ तव मात्र समावेश गर्न सकिन्छ । केन्द्रिकृत रूपमा संचालन गरिंदै आएको शिक्षा व्यवस्थालाई विकेन्द्रिकृत गरी शिक्षामा पुन : संरचना गरिएमा ति विषय वस्तुको महत्व पढ्न गई आवशयकता महशुस हुन सक्दछ र मात्र समावेश गर्न सकिन्छ । स्थानीय संस्कृतिको संरक्षण र जगेर्ना गर्ने शिक्षा भएमा र पाठ्यक्रममा केही विषय वस्तु स्थानीय

रूपमा थप गर्न सकिने व्यवस्था भएमा स्थानीय विषय वस्तुलाई पाठ्य पुस्तकमा समावेश गर्न र शिक्षण सिकाई क्रियाकलापमा कार्यान्वयनमा ल्याउन सकिन्छ" भनि प्रतिक्रिया दिए

यसै गरी शिक्षकले भने फरक रूपमा आफ्नो प्रतिक्रिया प्रस्तुत गरेका छन् । जसमा "अन्य समुदायभन्दा भिन्न र ठूलो समुदायको रूपमा रहेको मगर समुदायको संस्कृतिको बारेमा स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गरीनु पर्दछ । यसका साथै सामाजिक अध्ययन जस्तो विषयमा समावेश गर्ने आधार वा उपायमा राज्यले शैक्षिक क्षेत्रमा समावेश गर्नु पर्ने विषय वस्तुलाई केन्द्रिय स्तरबाट मात्र छनोट नगरी स्थानीय तहसम्म शिक्षक अभिभावक र विद्यार्थी समेतलाई सहभागी बनाउने जसले स्थानीय स्तरका विषय वस्तु समावेश गर्ने आधार प्रदान गर्दछ भने अर्को उपायको रूपमा केही मात्रामा स्थानीय संस्कृति, पेसा, कला, भाषाको प्रवर्द्धन गर्न सकिने गरी अधिकारको व्यवस्था पाठ्यक्रममा उल्लेख गरिएमा स्थानीय मगर संस्कृति मात्र नभई महत्वपूर्ण स्थानीय विषय वस्तुलाई समायोजन गर्न सकिन्छ । यसका साथै कक्षाकोठामा शिक्षण गर्न र स्थानीय संस्कृति अन्तरगतका कतिपय विषय वस्तु खोजी उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । जसले गर्दा विद्यार्थीको सिकाईमा सहजता हुने गर्दछ । तसर्थ उदाहरणको रूपमा र स्थालगत रूपमा भ्रमण गराइ समावेस गर्न सकिन्छ ।" भनि प्रतिक्रिया दिए ।

यसरी मगर समुदाय अन्तर्गतका स्थानीय विषय वस्तुलाई कसरी समावेश गर्न सकिन्छ भन्ने कुराको आधारमा प्राप्त भएका उपरोक्त प्रतिक्रियाको साथ साथै कक्षाअवलोकनबाट प्राप्त भएका सूचनालाई समेत आधार मानि विशलेषण गर्दा पाठ्यक्रमको निर्माण प्रक्रियामा स्थानीय स्तरसम्म छलफल हुनुपर्दछ । जसको कारण स्थानीय विषय वस्तुहरू मध्ये समावेश गर्न सकिने विषय वस्तु के रहेकाछन् भन्ने कुराको जानकारी प्राप्त हुन जान्छ । साथै पाठ्यक्रमले स्थानीय विषय वस्तु समावेश गर्न पाउने गरी केही अघिकार स्थानीय स्तरमा हस्तानतरण गरी विषय वस्तुको उत्पादन, निर्माण र कार्यान्वयनमा प्राविधिक तथा आर्थिक सहयोग गर्न सकेमा सहजरूपमा समावेश गर्न सकिन्छ ।

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययन गुल्मी जिल्लाको लिम्घा गा.वि.मा केन्द्रित रहेको थियो । यसका साथै माध्यमिक तह कक्षा नौ को सामाजिक अध्ययन पाठ्य पुस्तकमा दिइएका चित्र, विषयवसतु, संवाद र अभ्यास के कति मात्रमा मगर सांस्कृतिक दृष्टिकोणले सान्दर्भिक छ र साँस्कृतिक विषय वस्तुलाई कसरी समावेस गर्न सकिन्छ भन्ने पक्षसँग सम्बन्धित रहेको छ । अनुसन्धान कार्य संञ्चालन गर्ने क्रममा यो विषयको अनुसन्धानकर्ताले गहन अध्ययन गरेको थियो । साथै यस विषयसँग सरोकार राख्ने सरोकारवालाहरू शिक्षक, विद्यार्थीहरू तथा अध्ययनसँग सम्बन्धित भएकाले मगर समुदायकाव्यक्तिहरू समक्ष अनुसन्धानकर्ताले असंरचित अन्तर्वार्ता र समुह छलफल निर्देशिका, कक्षा अवलोकन फाराम र दस्तावेज अध्ययन निर्देशिका निर्माण गरी नमूना छनोटमा परेका शिक्षक र स्थानीय मगर समुदायका व्यक्तिहरूसँग असंरचित अन्तर्वार्ताका माध्यमबाट उनीहरूको धारणा सङ्कलन गरिएको थियो । समूह छलफल निर्देशिकाको माध्यमबाट छनोटमा परेका विद्यार्थीहरूको २ वटा समूह निर्माण गरी समूह छलफल गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरी अध्ययन बाट प्राप्त प्रमुख तथ्यहरूलाई निम्न लिखित रूपमा उल्लेख गरिएको छ ।

### ५.१ प्राप्ति

यस अध्ययनमा विभिन्न स्रोत तथा जानकारीको आधारमा निम्नलिखित तथ्यहरू प्राप्तीको रूपमा आएका छन् ।

१. हामी हाम्रो समुदाय र राष्ट्र भन्ने पाठमा प्रस्तुत चित्रले मगर समुदायको संस्कृतिको प्रतिनिधित्व गरेतापनि विषयवसतु र अभ्यासले मगर संस्कृतिलाई आत्मसाथ नगरेको पाइयो ।

२. 'दिगो विकास' भन्ने पाठमा समावेश चित्रले मगर समुदायको लैङ्गक समानतालाई प्रस्तुत गरेता पनि मगर समुदायका व्यक्तिको व्यक्तिको उपस्थितिमात्रलाई देखाउनु कमजोर हुन्छन् भने भावना पैदा गरेको देखिन्छ । यसका साथै विषयवसतुमा समेत प्रयाप्त ठाउँ दिएकोले पनि अन्य जातिको तुलनामा कम स्थान प्रदान गरेको पाइयो ।

३. 'स्वास्थ्य' भन्ने पाठमा दिइएको चित्र र विषय वस्तुमा दिइएको चित्रले महिलाले बालबच्चाको स्याहार सुसार गर्नुपर्ने र डाक्टर जस्तो सम्मानित पेशामा पुरुष नै हुनुपर्ने कुरालाई देखाइनुले लैंगिक विभेद हो भनेकुरा पाइयो ।

४. 'हाम्रो रीतिरिवाज र परम्परा' भन्ने पाठमा भएका चित्र र विषय वस्तुमा स्थानीय मगर संस्कृतिलाई समावेश नगरेको पाइयो ।

५. 'नेपाली मूर्तिकला' पाठमा प्रस्तुत विषय वस्तु र चित्रले बुढानिलकण्ठ, दुर्गा, विरुपाक्षको मुर्तिमात्र समावेश गरिनुले केही हदसम्म समावेशीताको आधार प्रस्तुत गर्न खोजे तापनि केन्द्रिकृत रूपमा निर्माण गरिएको पाठ्यक्रमले स्थानीय विषय वस्तुलाई समेट्नु नसकेको पाइयो ।

६. 'हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू' पाठको विषय वस्तुमा भिमसेन थापा अम्मरसिंह थापा, उजिर सिंह थापा जस्ता विभूतिहरुलाई समावेश गरिनुले एवम् मगर समुदायको सैन्य पेसाप्रति उल्लेख गरिनुले सांस्कृतिक रूपमा समता रहेको छ भन्ने प्रष्ट हुन्छ ।

७. 'नागरिक समाजको भूमिक' भन्ने पाठको संवादमा महिला (स्थानीय) लाई केही नजान्ने र सोझो पनालाई उल्लेख गरिनु मगर समुदायका व्यक्तिहरु सोझा र इमान्दार हुने केही नजान्ने भनि प्रस्तुत गरिनुले सांस्कृतिक विभेद हो भन्ने प्रष्ट भयो ।

८. 'विविधतामा एकता' पाठको विषय वस्तु र क्रियाकलाप जातिय र सांस्कृतिक विभेदरहित भएको पाइयो ।

९. 'हाम्रो विगत' पाठमा समावेश गरिएको विषय वस्तुले मगर समुदायका व्यक्तिहरूको चर्चागरी उनीहरूको इमान्दारीता र बहादुरीलाई उल्लेख्य स्थान दिइएको पाइयो जुन सांस्कृतिक रूपले उच्च मुल्याङ्कन गरेको देखिन्छ ।

१० 'आर्थिक क्रियाकलाप' पाठमा समावेश विषय वस्तुले मगर समुदायको परम्परागत पेशालाई आत्मसाथ गरेको देखिन्छ जुन समानुपातिक समावेसीको आधार प्रदान गरेको पाइयो ।

११. धार्मिक दृष्टिकोणबाट हेर्दा स्थानीय मगरहरूको परम्परागत धार्मिकअवस्थामा विरोधाभाषपूर्ण अवस्था प्राप्त भयो ।

१२. अध्ययन स्थल लिम्घा गा.वि.स.मा बोलिने मगर भाषा मगर भाषाका ३ खेमाहरू कइके, खाम, बह्रौ मगराती (ढुट) अन्तर्गत बाह्रौं मगराती ढुट भाषा अन्तर्गत रहेको र यसको आफ्नै लिपि आख्खा लिपी रहेको र मूल भाषा परिवार अन्तरगत तिब्बती-ब्रमेली भाषा परिवारमा पर्ने कुरा प्रष्ट भयो ।

१३ स्थानीय मगर समुदायको पोशाकको रूपमा पुरुषहरू गादो, कछाडबाध्ने, पटुका बाध्ने र नेपाली टोपी लगाउने र महिलाहरू लुङ्गी, चोलो, पटुकी र घलेक को साथै पहेँलो पोते र सिउँदाको सिन्दुरले जातीय पहिचान र संकेतहरूको प्रस्तुती गरेको पाइयो ।

१४. स्थानीय मगर संस्कृतिमा कुटुम्ब परम्परा र सामूहिक बसाई रहेको पाइयो ।

१५. कौरा, सोरठी, झ्याउरे जस्ता सङ्गीत र नृत्य लैंगिक विभेदमा समानता यो जातिको मुख्य सांस्कृतिक पहिचान रहेको पाइयो ।

१६. भारतीय र वृटिस गोर्खा भर्तिमा मगर समुदायाको बढी आवद्धता भएको पाइयो ।

१७. वर्तमानमा मगर समुदायका युवा व्यत्तिःहरू परम्परागत पेशा व्यवसायलाई छोड्दै गरेको पाइयो ।

१८. गित सँगीतलाई भाष संरक्षण, मानसिक आनन्द रआचारण सुधारको लागि गीत सँगीत र नृत्यको प्रयोग गरेको पाइयो ।

२०. संस्कारगत कार्यमा कुटुम्ब प्रथा रहेतापनि जन्म, मृत्यु, विवाह पास्नी हिन्दुसंस्कार समानठूलो कुरा प्राप्त भयो ।

२१. मगर संस्कृति अन्तर्गत मादक पदार्थ सेवन गर्नु, वलिदिनु, कुटुमबद्वारा सम्पूर्ण कार्य सम्पन्न गर्नु, परम्परागत पेशालाई अँगाल्नु जस्ता कुराहरू मगर संस्कृतिमा पाइयो ।

२२. मगर संस्कृतिका कुराहरू पाठ्य पुस्तकमा समावेश गर्नको लागि स्थानीय स्तरलाई जिम्मा दिनुपर्ने र आवश्यक रूपमा केन्द्रले आर्थिक रूपमा र प्राविधिक रूपमा सहयोग गर्ने सके समावेश गर्ने सकिने कुरा प्राप्त भयो ।

२३. शिक्षण सिकाई क्रियाकलापमा मगर संस्कृतिका कुराहरूलाई उदाहरणको रूपमा प्रयोगगरी कक्षा कोठाामा शिक्षण गरेको पाइयो ।

२४. स्थानीय सांस्कृतिक विषय वस्तुालई पाठ्य पुस्तक तथा शिक्षण कार्यमा समावेशगर्न केन्द्र, क्षेत्र तथा जिल्लास्तरबाट कुनै पनी पहल नभएको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनमा प्राप्त सूचनाको विश्लेषण र प्राप्तीको आधारमा निम्नबमोजिमका निष्कर्षहरू लिइएको छ । विभिन्न क्षेत्रका सम्बन्धित व्यक्तिहरूको प्रतिक्रियाबाट र अनुसन्धान कर्ता स्वयम्को अध्ययनबाट अध्ययनको लागि कक्षा ९ को सामाजिक अध्ययन पाठ्य पुस्तकबाट छानिएका १० ओटा पाठहरू मध्येबाट ४ वटा पाठमा सांस्कृतिक समानता र ६ ओटा पाठमा विभेदको अवस्था रहेको प्रष्ट हुन्छ । १० ओटा भन्दा अरु बाँकी पाठहरूमा अनुसन्धान कर्ताले सांस्कृतिक मुद्दा नभेटेकोले अध्ययनको रूपमा उक्त पाठहरूलाई लिइएको छैन । यो पाठ्पुस्तक भित्रका चित्र विषय वस्तु, संवाद र अभ्यासलाई आधारमानि सांस्कृतिक समानता र विभेदको अवस्था हेर्दा धेरै भन्दा धेरै पाठमा सांस्कृतिक विभेदनै रहेको पाइएको छ । यो पाठ्य पुस्तक एकिकृत विषय वस्तुको सँगठनको रूपमा रहेतापनि केन्द्रमुखी भई निर्माण गरेको देखिन्छ । भाषागत रूपमा स्थानीय मगर समुदाय विभाजित देखिएतापनि अन्य सांस्कृतिक रूपमा एक भएको पाइन्छ । जुन भाषागत फरक वसाइका

कारण भएको पाइन्छ । स्थानीय रूपमा बोलिने भाषा मूल भाषा परिवार अन्तरगत तिब्बत ब्रमेली भाषा परिवार अन्तरगत जसको आफ्नै लिपि आख्खा लिपि रहेको प्रष्ट हुन्छ । स्थानीय मगर समुदायको आर्थिक क्रियाकलापको पाटो पशुपालन, कृषि, सेनामा भर्ती र वर्तमानमा वैदेशिक रोजगारी मुख्य आधार भएको देखिन्छ । स्थानीय रूपमा नाचिने भ्याउरे, कौरा, सोरठी मगर समुदायका परम्परागत नृत्यहरू हुन भन्नेकुरा स्पष्ट हुन्छ । हिन्दु धर्म, प्रकृति पुजा गर्ने अथवा शैव धर्म मानेता पनि उनीहरूले संस्कारगत कार्यमा हिन्दु परम्परालाई अँगाल्ने गरेको स्पष्ट हुन्छ । भाषा, बसाई, संस्कार लगाएका कुरामा देखिएको परकपनका साथै उनीहरूमा रहेको आर्थिक क्रियाकलाप जातिय तथा सांस्कृतिक पहिचान हो भन्ने कुरा यस अध्ययनबाट स्पष्ट हुन्छ । सांस्कृतिक रूपमा रहेका विषय वस्तु समावेश गर्नका लागि पाठ्यक्रम निर्माण गर्दा केही मात्रामा स्थानीय विषय वस्तु समावेश गर्ने आधार प्रदान गरीनु पर्ने कुरा स्पष्ट हुन्छ ।

### ५.३ सुझावहरू

यस अध्ययनको सिलसिलामा अध्ययनकर्ताले प्राप्त गरेका प्राप्ती र निष्कर्षको आधारमा निमनलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

- चित्र, विषय वस्तु, संवाद, अभ्यास लगायत पक्षहरूमा समानुपातिक प्रतिनिधित्व भईदिएमा असल पाठ्य पुस्तक निर्माण हुने देखिन्छ ।
- सांस्कृतिक विभेदलाई अन्त्य गर्ने खालका विषय वस्तुहरू पाठ्य पुस्तक भित्र समाविष्ट भएमा गुणस्तरीय पाठ्य पुस्तक बन्ने प्रवल सम्भावना देखिन्छ ।
- समानताका सन्देशमूलक चित्र विषय वस्तुहरू पाठ्पुस्तकमा समावेश गर्नु पर्दछ जसबाट पछाडी परेकालाई प्रोत्साहन होस् ।
- सांस्कृतिक विभेदको अन्त्यगर्न र स्थानीय सास्कृतिक विषय वस्तुलाई समावेश गर्ने आधारको रूपमा पाठ्यक्रम निर्माणको चरणमा शिक्षक अभिभावक विद्यार्थीहरूसँग अन्तर्क्रिया र छलफल गरी विषय वस्तुको सुनिश्चित गरिनु पर्दछ ।
- नीतिगत तहदेखि कार्यन्वयनका तहसम्म स्थानीय विषय वस्तुलाई शिक्षण सिकाइ क्रियाकलापमा समावेश गर्न सकिने कुराको जानकारी र तालिम प्रदान गर्न सकिने कुराको जानकारी तालिम प्रदानगर्न सके शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।
- यस अध्ययनमा प्राप्त भएका तथ्यहरूलाई एकैपटक पाठ्य पुस्तकमा समावेश गर्नुभन्दा पनी स्थानीय संस्कृतिको बारेमा समावेस गरिएको विषयको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने अधिकार प्रदान गर्नुपर्ने देखिन्छ ।

## सन्दर्स ग्रन्थ


Banks, J.A. (2006). Cultural diversity and education: foundations, curriculum, and teaching (5th ed.), United States of America: Pearson Publication.

CERID (1985). School Level eurriculum: A historical perspective Bhaktapur: Janak Education Materials centere Limited.

Enclyclopedia of Educational research, American -Educational research association, (1960). New York: The maconilln Company,

Fisher, James.F. (1986).Trans-Himalayan Traders: Economy, Society and culture in Northwest NePal, Berkely: University of California Press.

Frank B.L (2012, April 23) Re.Book/Etymology. Retrived From http:/www. meritnation.com.

Geertz, Clifford (1973). The interpretation of cultures, califoruia: North Atlantic Books.

Holmberg D.H. (1989). Order in padradox: myth, ritual, and exchange among Napal's Tamang. (Indian Edition Orginal Cornell Univercity Edition, 1989) Delhi: Motilal Banarsidass Publisners.

Hurhes, Christina (1993). Kay concePt of feminist theory and research, SAGA publication Ltd. 6 Bonhill street London EC2A 4PU.

Longman Dictioalry of Contemporary English, (1998), India: Thomsom Press. Ltd.

Molnar, Augusta. (1981). Economic Strategies and Ecological Constraints: case of the Kham Magar of North West NePal. New Delhi: Sterling Publishers Pvt. Ltd.

Morgan, L.W (1877). Ethnical periods from ancient Cambridge: Cambridge University Press.

Nepali, Gopal sing (1965). The Nawars, Bombay: United Asia Publications.

Ornstein, A.C., and Hunkins, F. (2004). Curriculum foundations: principles and theory; Boston! Allyn and Bacon.

Orther, Sherry B. (1978). Sherpas through their rituals, Cambridge: Cambridge university press.

Oxford advanced learners' dictionary new 8th Ediciotn, Great Clanendon Street, Oxford OX2 GDP: Oxford University Press.

Pang, V. O. (2001). Multiculture Education: A caring - centered reflective approach, New York: Mc Graw- Hill Companies.

UNESCO (२००८), वहुभाषी शिक्षा बिस्तारको लागि सहयोगि सामग्रीः विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण, काठमाडौं, नेपाल ।

अधिकारी, विष्णुप्रसाद (२०६७), शिक्षा शास्त्र र नेपालमा शिक्षा, काठमाडौं : आशिष वुक्स हाउस प्रा.ली. ।

अधिकारी, हेमाङ्गराज र भट्टराइ, वद्रिविशाल, (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौः विद्यार्थी प्रकाशन प्रा.लि.

अधिकारी, हेमाङ्गराज, (२०६१), नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र (२०६८), सामाजिक परिवर्तन र विकाशको अध्ययन, काठमाडौंः ज्ञानकुञ्ज प्रकाशन केन्द्र ।

उपाध्याय, गिरीराज (२०६८), कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्य पुस्तक र शिक्षक निर्देशिका कार्यान्वयनको अवस्था अध्ययन स्नातकोत्तर तह अप्रकाशित परियोजना, त्रि.वि. कीर्तिपुर ।

एन्गेल्स, फेडरिख, (१८८४), परिवार, निजि स्वामित्व र राज्यको उत्पत्ती(अनुवादक, राजेन्द्र मास्के २०५६ दोश्रो संस्करण) काठमाडौंः प्रगति प्रकाशन ।

खनाल, पेशल (२०६७), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौंः सनलाइट पबिलकेशन ।

खनाल, श्रीप्रसाद (२०६७), पाठ्यक्रम सिद्धान्त (दोस्रो संस्करण), काठमाडौंः जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

ढकाल, शान्ति प्रशाद, (२०६८) नेपाली भाषा शिक्षण काठमाडौंः विद्यार्थी प्रकाशन भोटाहीटी ।

थापा, विश्वबाला र अधिकारी, बालकृष्ण (२०६८), शिक्षामा विविधताका लागि पाठ्यक्रम, काठमाडौंः सनलाइट पव्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), माध्यमिक शिक्षा पाठ्यक्रम भाग १ (अनिवार्य विषयहरू), काठमाडौं : स्वर्गद्वारी अफसेट प्रेस ।

पौड्याल, माधव, (२०६८) नेपाली भाषा शिक्षण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

नेपालको अन्तरिम संविधान २०६३ (नवौं संशोधन २०६८ जेठ १४), काठमाडौंः बौद्धिक दर्पण प्रकाशन ।

भट्ट, भीमदेव, शशी भट्ट (२०६५), कर्मचारी प्रशासन नर्थ क्यारोलाइन, अमेरिका ।

विष्ट, डोरबहादुर (२०६४), सबै जातको साझा फूलबारी, ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपिनाथ, (२०६२), नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौं : मकालु वुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जिवि र शर्मा निर्मला (२०६६), शिक्षाका आधारहरू, काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

सेरिड (२०५८), दुर्गम क्षेत्रका विपिन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नाका कारक तत्वहरू, काठमाडौं ।

## अनुसूची एक

### अन्तर्वार्ताका लागि छनोट गरिएका शिक्षकको नामावली

**विद्यालय नाम : श्री सरस्वती उच्च माध्यमिक विद्यालय**

**ठेगाना : लिम्घा ५, गुल्मी**

**शिक्षकको नाम : भुपलाल ज्ञवाली**

**शैक्षिक योग्यता : स्नातकोत्तर**

## अनुसूची दुई

### समूह छलफलका लागि छनोट गरिएका कक्षा नौका विद्यार्थीहरुको नामावली

| छात्र | | | छात्रा | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **रोल नं.** | **नाम थर** | **क्र.सं.** | **रोल नं.** | **दुमा थापा** |
| १ | ३ | सुदन राना मगर | १ | ६ | यममाया राना |
| २ | ५ | बेलबहादुर सिंजाली | २ | २ | सुशिला गाहा |
| ३ | ९ | पुरुषोत्तम गाहा | ३ | १३ | कल्पना राना |
| ४ | १० | हरी बहादुर सारु | ४ | २५ | शान्ति राना |
| ५ | १८ | मन बहादुर थापा | ५ | २६ | शान्ति राना |
| ६ | २१ | खुमानसिं राना | ६ | ३१ | विपना पल्ली |
| ७ | २८ | निरञ्जन सिंजाली मगर | ७ | ३४ | देवी गाहा |
| ८ | ३२ | खिम बहादुर खासु | | | |
| जम्मा विद्यार्थी संख्या ३८ | | | | | |
| जम्मा मगर विद्यार्थी संख्या १५ | | | | | |
| मगर बाहेक विद्यार्थी संख्या २३ | | | | | |

## अनुसूची : तिन

### स्थानीय मगर समुदायका व्यक्तिहरु

| सन्स्कृति बोका व्यक्तिहरू | | | संस्कृति बुझेका व्यक्तिहरू | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम थर | शैक्षिक योग्यता | क्र.सं. | नाम थर | शैक्षिक योग्यता |
| १ | केहरसिं राना | साक्षर | १ | दान बहादर राना | स्नातक |
| २ | बलबादुर गाहा | पूर्व शिक्षक | २ | सुन्दर तरामु मगर | स्नातकोत्तर |
| ३ | नन्दकला सारु | साक्षर | ३ | तुलसि सिंजाली | स्नातकोत्तर |

## अनुसूची : चार

### शिक्षक अन्तर्वार्ता निर्देशिका

शिक्षक :................................................. लिङ्ग : ............................................................

ठेगाना:..................................................जात/जाति : .....................................................

शैक्षिक योग्यता :......................................विद्यालयको नाम :..................................................

अनुभव : ...............................................मिति :...................................................

१. हामी र हाम्रो समुदाय र राष्ट्र' भन्ने पाठमा दिइएको चित्र तथा समावेश विषय वस्तुमा संस्कृतिक समानताको आवस्था कस्तो छ ? प्रष्ट पारीदिनुहोला ।

....................................................................................................................

२. 'दिगो विकास' पाठमा दिइएको चित्र, तथा विषय वस्तु, सहभागिताको अवस्था तथा विकासका कार्यमा देखाइएको सहभागिता संस्कृतिक रूपमा कतिको सान्दर्भिक छ ?

....................................................................................................................

३. 'हाम्रो विगत' पाठमा मगर संस्कृतिलाई कसरी उठाइएको छ वा छैन ? संस्कृतिक रूपमा चर्चा गरीनु वा नगरीनुलाई तपाई कसरी लिनुहुन्छ ?

....................................................................................................................

४. 'दिगो विकास' पाठमा दिइएको चित्र, तथा विषय वस्तु, सहभागिताको अवस्था तथा विकासका कार्यमा देखाइएको सहभागिता संस्कृतिक रूपमा कतिको सान्दर्भिक छ ?

....................................................................................................................

५. 'स्वास्थ्य' भन्ने पाठमा दिइएको चित्रमा डाक्टर पुरुष भएको र वच्चा महिलाले वोकेको देखाइनु मगर संस्कृतिमा लैंगिक दृष्टिकोणले कति सान्दर्भिक छ ?

....................................................................................................................

६. 'हाम्रो रीतिरिवाज र परम्परा' पाठमा प्रस्तुत गरिएको विषय वस्तु र क्रियाकलापको अवस्थाले मगर सस्कृतिको अवस्थालाई आत्मसाथ गरेको छ ? प्रस्तुत विषय वस्तुले समानता र विभेद के देखाउँछ ? प्रष्ट पारीदिनु होला ।

....................................................................................................................

७. 'नेपाली मूर्तिकला' पाठमा समावेश गरिएको विरूपाक्ष र वुढालिल्कण्ठको मूर्तिको मात्र चित्र प्रस्तुत गर्नुलाई कसरी हेर्नुहुन्छ ?

....................................................................................................................

८ 'हाम्रा विभूतिहरूवाट राष्ट्रका लागि भएको योगदानहरू' पाठमा समावेश गरिएको विषय वस्तुले के के संस्कृति समावेशी प्रस्तुत गर्न सक्दछ ? यसलाई तपाई कसरी लिनुहुन्छ ? प्रष्ट पारिदिनु होला ।

....................................................................................................................

९. 'हाम्रो विगत' पाठमा मगर सस्कृतिलाई कसरी उठाइएको छ वा छैन ? संस्कृतिक रूपमा चर्चा गरीनु वा नगरीनुलाई तपाई कसरी लिनु हुन्छ ?

………………………………………………………………………………………………………………

१०. 'औधोगिक कान्तिवाट मानव समाजमा पेरेको प्रभाव पाठमा समग्र रूपमा सामाजिक प्रभावको बारेमा उल्लेख गरिएको छ ? के मगर संस्कृतिमा पनि यसको प्रभाव परेको छ ? छ भने कस्तो प्रभाव देख्नुहुन्छ ?

………………………………………………………………………………………………………………

११. आर्थिक क्रियाकलाप भन्ने पाठमा मगर जातिसँग सम्बन्धित आर्थिक क्रियाकलापको वारेमा उल्लेख नगरीनुलाई तपाई के ठान्नु हुन्छ ?

………………………………………………………………………………………………………………

१२. समग्र पाठ्य पुस्तक भित्र मगर सस्कृतिका कुराहरू के के रहेका छन् ?

नामसँग सम्वन्धित,

………………………………………………………………………………………………………………

पेशासँग सम्बन्धित,

………………………………………………………………………………………………………………

धर्मसँग सम्वन्धित,

………………………………………………………………………………………………………………

चाडपर्वसँग सम्वन्धित

………………………………………………………………………………………………………………

कलासँग सम्वन्धित

………………………………………………………………………………………………………………

१३. सामाजिक अध्ययन विषयको पाठ्य पुस्तकमा समावेश गरिएको विषय वस्तु, चित्र र उदाहरण तथा संवादहरू ले मगर संस्कृतिलाई समानता वा विभेद कस्तो व्यवहार प्रदर्शन गरेको छ ? वताइदिनुहोला ।

………………………………………………………………………………………………………………

१४. समग्र मगर समुदायको सस्कृतिको पक्षहरूलाई हेर्दा अन्य समुदाय भन्दा भिन्न खालको देखिनछ यस्तो अवश्थामा मगर संस्कृतिलाई पाठ्य पुस्तकमा समावेश गर्नु पर्ने कुराहरू के के छन् र तिनीहरूलाई पाठ्य पुस्तकमा कसरी समावेश गर्न सकिन्छ । प्रष्ट पारिदिनु होला ?

………………………………………………………………………………………………………………

१५. शिक्षण गर्दा मगर संस्कृतिका कुराहरूलाई तपाई कसरी समावेश गर्नु हुन्छ । बताइ दिनु हुन्छ कि ?

## अनुसूची : पाँच

### मगर समुदायका व्यक्तिका लागि अन्तर्वार्ता निर्देशिका

नामः.......................................................

ठेगानाः................................................... उमेर................................................

पेशाः ....................................................शैक्षिक योग्यता.....................................

कार्यरत संस्थाः..................................... अन्तरवाता मिति...................................

**संस्कृति बोकेका र बुझेका दुवैका लागि**

१. मगर जातिका मानिसहरू यस लिम्घा गा.वि.स. मा कहिले देखि र कहाँबाट आई बसोवास गरेको पाइन्छ ?

........................................................................................................................

२. लिम्घा गा.वि.स. मा वशोवास गर्ने मगरहरू सबै यहिँकै पुराना बासिन्दा हुन या पछि कतैबाट बसाँई सरेर आएका हुन् ?

........................................................................................................................

३. मगर समुदाय अन्तरगत रहेका सवै मगरहरू एउटै प्रकारका मगरहरू हुन या फरक हुन ?

........................................................................................................................

४. सबै मगर जातिहरूले एउटै धर्म मान्छन् त ?

........................................................................................................................

५. स्थानीय रूपमा वसोवास गरेका मगरहरूको आफ्नै भाषा छ या छैन ?

........................................................................................................................

६. भाषा वोल्ने र नवोल्ने मगरहरू फरक छन् त ? छन् भने के के कारणले फरक छन् ? फरक हुनुको कारण के होला ?

........................................................................................................................

७. तपाईहरूले मनाउने पर्वहरू कुन कुन हुन र कसरी मनाउनुहुन्छ ?

........................................................................................................................

८. मगर जातिसँग जोडिएको प्रमुख पर्वहरू के के हो ?

........................................................................................................................

९. मगर जातिले अँगाल्ने पेशा के हो ?

........................................................................................................................

१०. मगर जातिको पुरानो प्रचलनमा आधारित त्यस्तो कुनै महत्वपूर्ण सङ्गीत वा नृत्य त्यस्तो केही छ ?

........................................................................................................................

११. महत्वपूर्ण हुनुको पछाडि कुनै रहस्य छ की ?

........................................................................................................................

१२. तपाइहरूको संस्कृतिमा गरीने संस्कारहरू के छन् ?

........................................................................................................................

१३. संस्कारगत कार्यहरू जस्तै जन्म, मृत्यु, विवाह, पास्नी कसरी सम्पन्न गर्नु हुन्छ ?

........................................................................................................................

१४. मगर जातिको संस्कृति कृषि, पशुपालन, व्यापार, सेना वा अन्य कुनसँग वढी घनिष्ट सम्वन्ध छ ? छ भने कारण के होला ?

.....................................................................................................................

१५. मगर संस्कृति सम्वन्धि कुनै लोक गाथा छ ? छ भने वताइ दिनु होला ।

.....................................................................................................................

१६. वास्तविक रूपमा मगर संस्कृति भित्र के के कुराहरू पर्दछन् ? बताइ दिनु होला ।

.....................................................................................................................

**संस्कृति वुझेका व्यक्तिका लागि मात्र**

१७. मगर समुदायको आर्थिक क्रियाकलापको बाटो के हुने गरेको छ ?

.....................................................................................................................

१८. मगर जातिको संस्कृतिको पहिचान अन्तरगत कुन कुन कुराहरू पर्दछन् ?

.....................................................................................................................

१९. भाषागत रूपमा फरक रहेको मगर भाषा कुन भाषा परिवार अन्तरगत पर्दछ ?

.....................................................................................................................

२०. यहा स्थानीय रूपमा बोलिने भाषाको लिपि छ या छैन् ?

.....................................................................................................................

२१. शिक्षामा स्थानीय संस्कृतिले कस्तो प्रभाव पारेको छ ?

.....................................................................................................................

२२. सामाजिक अध्ययन विषयमा विभिन्न बिषय वस्तुहरू जस्तै हामी र हाम्रो समुदाय, हाम्रो परम्परा, सामाजिक मूल्य मान्यता, हाम्रो विगत, आर्थिक क्रियाकलाप जस्ता पाठमा संस्कृतिजन्य विषय वस्तुहरू समावेश गरिएका छन् त्यस्ता विषय वस्तु समावेश गर्दा मगर संस्कृतिका कुन कुन विषय वस्तुलाई पाठ्यपुष्तक तथा शिक्षण कार्यमा समावेश गर्न उपयुक्त हुन्छ भन्ने ठान्नु हुन्छ ?

.....................................................................................................................

२३. मगर संस्कृति अन्तरगतका भाषा, आर्थिक क्रियाकलाप, पेशा, व्यवसाय, संस्कारगत कुराहरू, लैंगिकता, पर्वहरू, कला, संकेतहरू अर्न्तगत कस्ता कुराहरू पर्दछन् ?

.....................................................................................................................

२४. मगर संस्कृति अन्तरगतका विषय बस्तुलाई पाठ्य पुस्तक तथा शिक्षण क्रियाकलापमा समावेश गर्ने उपायहरू के हुन सक्दछन् ?

.....................................................................................................................

२५. समग्र मगर संस्कृतिको वारेमा छुटेका कुराहरू केही छन् की ?

.....................................................................................................................

## अनुसूची छ

### विद्यार्थी समूह छलफल निर्देशिका

१. हामी र हाम्रो समुदाय र राष्ट्र भन्ने पाठमा दिइएको चित्र तथा विषय वस्तुमा मगर संस्कृतिका कुराहरू कसरी समावेश गरिएको छ ? शिक्षकले कक्षाकोठामा कसरी मगर सस्कृतिलाई प्रयोग गर्दछन् ?

........................................................................................................................

२. तिमीहरूको विचारमा दिगो विकास पाठमा विषय वस्तु र अभ्यासमा मगर सस्कृतिलाइ कसरी समेटीएको छ ?

........................................................................................................................

३. हाम्रो रितिरिवाज र परम्परा पाठमा समावेश गरिएको विषय वस्तुले मगर संस्कृतिलाई कति समेटेको छ या समेटेको छैन् ?

........................................................................................................................

४. नेपाली मूर्तिकला पाठमा मगर संस्कृतिसँग सम्बन्धित मूर्तिहरू छन् या छैनन् ?

........................................................................................................................

५. विरूपाक्ष र निलकण्डको मूर्तिको चित्रले मगर संस्कृतिलाई समेट्छ ?

........................................................................................................................

६. कक्षा कोठामा शिक्षकले अन्य स्थानीय मगर संस्कृति सम्बन्धित मूर्तिहरूको उदाहरण दिन्छन् या दिदैनन् ?

........................................................................................................................

७. हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएको योगदान पाठमा मगर समुदायसँग सम्वन्धित विभूतिको बारेमा विषय वस्तु समावेश छ ? के शिक्षकले त्यस्ता विभूतिको बारेमा बताउने गरेका छन् ?

........................................................................................................................

८. सामाजिक समस्या र समाधान पाठमा महिला सहभागिता देखाइएको छ के तिनीहरूको समाजमा पनि यस्तो हुने गर्छ ?

........................................................................................................................

९. तिमीहरूको विचारमा कृषि पाठमा समावेश गरेको विषय वस्तुले मगर समुदायले गर्ने कृषिसँग कति मेल खान्छ ?

........................................................................................................................

१०. शिक्षकले कृषि पाठ् पदाउँदा स्थानीय कृषि कार्यसँग सम्वन्धित गरि स्थानीय स्तरमा भ्रमण गराउनु भएको छ या छैन ?

........................................................................................................................

१२. नेपाल अंग्रेज युद्धमा नेपाली वीर विरङ्गानहरूको योगदान पाठमा मगर व्यक्तिहरूको वीरगाथा समावेश गरिएको छ या छैन ? यदि छ भने मगर सांस्कृतिबाट हेर्दा कति समावेशी छ ?

........................................................................................................................

१३. शिक्षकले हाम्रो विगत पाठमा मगर संस्कृतिको बारेमा कसरी उल्लेख गर्ने गरेका छन् ?

........................................................................................................................

१४. विश्वमा घटेका घट्नाहरूले मानव जीवनमा पारेको प्रभाव सम्वन्धि पाठमा राखिएको विषय वस्तु शिक्षकले पढाउँदा स्थानीय मगर समुदायसँग सम्वन्धित गरी कसरी पढाउँछन ?

# अनुसूची : सात

## दस्तावेज अध्ययन प्रश्नावली

१. पाठ्य पुस्तकमा समावेश गरिएका विषय वस्तु कुन पक्षमा मगर संस्कृतिसँग समान रहेका छन् ?

..............................................................................................................................

२. पाठ्य पुस्तकमा समावेश गरिएका चित्रहरू कुन कुन ले समानता प्रश्न गरेका छन् ?

..............................................................................................................................

३. पाठ्य पुस्तक भित्र मगर समुदायको संस्कृति अन्तरगतका नामहरू समावेश छन् या छैनन् ? छन् भने कुन कुन शीर्षक अन्तरगत रहेका छन् ।

..............................................................................................................................

४. विषय वस्तुमा मगर संस्कृतिका प्रख्यात व्यक्तिहरूलाई कसरी समावेश गरेका छन् ?

..............................................................................................................................

५. आर्थिक क्रियाकलापलाई कसरी उल्लेख गरको छ ।

..............................................................................................................................

६. मगर संस्कृतिको पेशा अन्तरगतका कुराहरू समावेश छ या छैन ?

..............................................................................................................................

७. संस्कारगत कार्यहरूलाई कसरी समावेश गरेको छ र कुनकुन शीर्षकमा समावेश गरेका छ ?

..............................................................................................................................

८. भाषागत पक्षलाई समावेश गरिएको छ या छैन ?

..............................................................................................................................

९. अभ्याससँग सम्बन्धित क्रियाकलापमा समावेश गरिएको छ या छैन

..............................................................................................................................

१०. समग्रमा मगर संस्कृति अन्तरगतका विषय वस्तुहरू पाठ्य पुस्तकमा के-के समावेश गरिएको छन् ?

..............................................................................................................................

# अनुसूची : आठ

## कक्षा शिक्षण अवलोकन फारम

| | |
|---|---|
| विद्यालयको नामः | मितिः |
| विद्यालयको ठेगानाः | समयः |
| शिक्षकको नाम : | घण्टीः |
| कक्षाः | विषयः |
| एकाईः | पाठ : |

**क्र.स कक्षा अवलोकन वुँदा**

१. शिक्षकको प्रस्तुतिकरण

२. स्थानीय शैक्षिक सामग्रीको प्रयोग

३. विषय वस्तुको प्रस्तुतीकरण गर्दा प्रयोग

४. उदाहरण प्रस्तुत गर्दा प्रयोग

५. क्रियाकलाप गराउँदा प्रयोग

६. विद्यार्थीको बसाँइ व्यवस्थापन

७. भाषागत प्रयोग

८. विद्यार्थी मूल्याङ्कनमा प्रयोग

९. गृहकार्यमा प्रयोग